# पहिलो परिच्छेद
# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'साहित्यकार केशवदत्त बडूको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन' रहेको छ ।

## १.२ विषय परिचय

केशव दत्त बडूको जन्म वि.सं २०१७ साल २ महिना १७ गते बाबु महादेव र आमा हिरादेवी बडूको गर्भबाट जेष्ठ सुपुत्रका रूपमा दार्चुला जिल्लाको हुती गा.वि.स. अन्तर्गत बाननी भन्ने गाउँमा भएको हो । ८ कक्षा सम्मको अध्ययन गाउँमै गरेका बडूले पूर्वमध्यमादेखि शास्त्रीसम्मको अध्ययन भारतको हरिद्वारबाट गरेका थिए । तत्पश्चात् शिक्षण पेसामा आबद्ध रहिआएका छन् । ई.सं. १९८१ अर्थात् वि.सं. २०३८ देखि नेपाली साहित्य क्षेत्रको कविताकाव्य विधामा कलम चलाएका बडूको प्रथम प्रकाशित कृति **नौरङ्गे साहित्य** (कविता-सङ्ग्रह-२०३८) नेपाली हिन्दी दुवै भाषामा लेखिएको छ । कविताकाव्य क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका बडूका हालसम्म प्रकाशित कृतिहरूमा **नौरङ्गे साहित्य** (कविता सङ्ग्रह -२०३८), **ऐसा आया जमाना** (व्यङ्ग्य कविता -२०५१) **बारव्यङ्ग्य** (कविता सङ्ग्रह -२०५२), **नमस्कार भनिदिउँला** (लघुकाव्य -२०५३), **बारव्यङ्ग्य कविता क्यासेट** (२०५७) र **पानी नै जीवन** (खण्डकाव्य -२०५८) रहेका छन् ।

यी बाहेक यिनका **बार बार व्यङ्ग्य** र **नयाँ संसार** नाटक प्रकाशोन्मुख रहेका छन् । बडूका रचनाहरू सामाजिक र राष्ट्रिय चिन्तनका विषयवस्तुमा आधारित छन् । समाजमा घटेका यथार्थ घटनाहरूलाई कलात्मक तरिकाले काव्यात्मक रूप दिई सिर्जना गर्नु यिनको विशेषता हो । यिनले कृतिहरूमा समाजमा देखापरेका विविध खालका असमानतालाई व्यङ्ग्यात्मक रूपमा देखाएका छन् । ती असमानता र स्वार्थीपनाप्रति कटू व्यङ्ग्य प्रहार गरेका छन् । पूर्वीय शास्त्रीय छन्दहरूको प्रयोग गरी लेखिएका उनका कृतिहरू सरल, सरस र सम्प्रेषणीय छन् ।

## १.३ समस्या कथन

केशव दत्त बडूले साहित्यका कविता विधामा कलम चलाएका छन् । उनका हालसम्म ६ ओटा कृतिहरू प्रकाशित भइसकेका छन् । २०३८ सालदेखि नै नेपाली साहित्यमा साधनारत

बडूका बारेमा सामान्य चर्चा गरिए पनि उनको समग्र जीवनी व्यक्तित्वका साथै व्यवस्थित एवं प्रमाणिक अध्ययन भएको पाइदैन । त्यसैले उनको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन गर्नु साहित्यानुरागीहरूका लागि आवश्यक छ । प्रस्तुत शोधकार्यमा निम्न लिखित समस्याहरू रहेका छन् -

– केशवदत्त बडूको जीवनीको विविध पक्ष के कस्तो देखापर्छन् ?

– केशवदत्त बडूको व्यक्तित्वका आयामहरू के कस्ता छन् ?

– केशवदत्त बडूका प्रकाशित कृतिहरू कति र कस्ता छन् ?

– केशवदत्त बडूका साहित्यिक कृतिहरूमा कस्ता प्रवृत्ति छन् ?

## १.४ अध्ययनको उद्देश्य

उपर्युक्त समस्यामा केन्द्रित रही साहित्यकार केशव दत्त बडूको समग्र जीवनी, उनका जीवनमा घटेका घटनाहरू र तिनबाट उनको जीवनमा परेको प्रभावका साथै जीवनी व्यक्तित्व र कृतित्त्वको स्वरूप पहिल्याउनु नै शोधकार्यको उद्देश्य रहेको छ । उपर्युक्त उद्देश्यहरूलाई बुँदागत रूपमा यस प्रकार राख्न सकिन्छ :

– केशवदत्त बडूको जीवनीका विविध पक्षको अध्ययन गर्नु ।

– केशव दत्त बडूको व्यक्तित्वको विविध पक्षको अध्ययन गर्नु ।

– केशवदत्त बडूको साहित्यिक कृतिहरूको विश्लेषण गर्नु ।

– केशवदत्त बडूका साहित्यिक कृतिमा पाइने प्रवृत्तिहरूको अध्ययन गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यको क्षेत्रमा योगदान पुऱ्याउने साहित्यकार र तिनका कृतिहरूको अध्ययन अनुसन्धान गर्ने परम्परा चलिआहेको छ । तर पनि कतिपय प्रतिभाहरू अझैसम्म ओझेलमा परिरहेका छन् । त्यस्तै ओझेलमा पर्ने प्रतिभाहरू मध्ये केशव दत्त बडू पनि एक हुन् । उनका बारेमा सामान्य टिका-टिप्पणी भए पनि समग्र जीवनी व्यक्तित्व र कृतित्त्वको व्यवस्थित एवम् प्रमाणिक अध्ययन र विश्लेषण भएको छैन । उनका बारेमा विभिन्न विद्वानहरूले उनकै कृतिहरूमा केही चर्चा गरेका छन् । यिनै कृतिमा आधारित रहेका चर्चा ( टिप्पणीहरू) कालक्रम अनुसार यस प्रकार रहेका छन् :

**(क)** आचार्य चक्र प्रसाद जोशीले केशव दत्त बडूको **नौरङ्गे साहित्य** (२०३८) पुस्तकको आशिर्वचन शीर्षकको भूमिकामा ‘केशव दत्त बडूका कवितामा एक किसिमको

विलक्षणता छ, जसले मनलाई प्रफुल्ल बनाइ दिन्छ ' भनी उल्लेख गरेका छन् ।

**(ख)** दिलेन्द्र प्रसाद बडूले केशव दत्त बडूको **ऐसा आया जमाना** पुस्तकको शुभकामना शीर्षकमा 'कवि एवं व्यङ्ग्यकार केशव दत्त बडूले वर्तमान समयमा समाजको विविध क्षेत्रमा विद्यमान अवस्थाको यथार्थ चित्रण गर्ने प्रसंशनीय प्रयास गर्नु भएको छ' भनी उल्लेख गरेका छन् ।

**(ग)** कृष्ण चन्द्र मिश्रले केशव दत्त बडूको **ऐसा आया जमाना** पुस्तकको शुभकामना शीर्षकमा 'बडूका कविता समसामयिक, राजनीतिक, सामाजिक, शैक्षिक, विकृति र विसङ्गतिमा कविको व्यङ्ग्य मार्मिक छ, यी उदीयमान कविमा प्रतिभा पनि छ र समाज सुधारको अभिलाषा पनि छ,' भनी उल्लेख गरिएको छ

**(घ)** माधव प्रसाद घिमिरेले केशव दत्त बडूको **बार व्यङ्ग्य** (२०५२) कविता सङ्ग्रहको व्यङ्ग्य र व्यञ्जना शीर्षकमा 'कवि बडूका व्यङ्ग्य कविताले भित्र भित्रै पाकीरहेको विकृतिको पिलोलाई हँसाउँदैहँसाउँदै बाहिर निकालिदिन्छन् । बाहिर-बाहिरै राम्रो देखिने विडम्बनाको भकुन्डोलाई एक्कासी उतारेर उसको असुन्दर अनुहार देखाइदिन्छन् । साथै कही कवितामा भित्री भाव सौन्दर्यलाई अभिव्यक्ति दिन सक्ने व्यञ्जना पाएँ,' भनी उल्लेख गरेका छन् ।

**(ङ)** मोहनराज शर्माले केशव दत्त बडूको **बार व्यङ्ग्य** (२०५२) को हार्दिक कामना शीर्षकमा 'बडूका व्यङ्ग्यहरू तीब्र छन् । सोझै मुटुलाई चिल्न र चिथोर्न पुग्दछन् । व्यङ्ग्यको स्वर आक्रोशयुक्त छ, तर यथार्थको धरातलमा दरोगरी उभिएको छ । बडू सरलतम ढङ्गमा शसक्त अभिव्यक्त गर्न सफल छन्' भनी उल्लेख गरेका छन् ।

**(च)** दैवज्ञराज न्यौपानेले केशव दत्त बडूको **नमस्कार भनीदिउँला** (२०५३) भन्ने काव्यको सम्मतीका केही शब्द शीर्षकमा 'उहाँको काव्यकला भर्खर साहित्यिक चल्ला कोर्न लागेको छ' भनी उल्लेख गरेका छन् ।

**(छ)** श्री राम नेपाल 'रसिह' ले **नमस्कार भनिदिउँला** (२०५३)को भूमिकामा मित्रवर 'बडूको बसुदैव कुटुम्बकम्' को भावनामा आधारित मानवीय उत्तरदायित्वको बोध भएका कृतिले आफू एकदमै प्रभावित भएको कुरा उल्लेख गरेका छन्' ।

**(ज)** राष्ट्रकवि माधव प्रसाद घिमिरेले केशव दत्त बडूको **पानी नै जीवन** खण्डकाव्य (२०५८) को परिष्कृत र सरस शीर्षकमा 'बडूजीलाई कविताको विशुद्ध रूप थाहा भएको

र उनको शैली विशुद्ध र सरस छ । उनको कृति परिष्कृत र हृदयस्पर्शी छ भनी' उल्लेख गरेका छन् ।

(झ) डा. हिमांशु थापाले केशव दत्त बडूको **पानी नै जीवन** खण्डकाव्य(२०५८)को मन्तव्यमा 'श्री बडूको काव्य साधनामा प्रयोगधर्मी चेतनाको विविध रूप पाइन्छ । उनको काव्यात्मक भावभूमि र शील्प प्रयोगधर्मी चेतनाले सक्रिय र केन्द्रीय भूमिका निर्वाह गरेको देखिन्छ । उनको काव्य साधनामा व्यङ्ग्यको सर्वोपरि स्थान रहेको छ भनी' उल्लेख गरेका छन् ।

(ञ) प्रा.डा. महादेव अवस्थीले **आधुनिक नेपाली खण्ड काव्य र महाकाव्य विमर्श** (२०४६) मा ' कवि केशव दत्त बडू र **पानी नै जीवन** खण्डकाव्यलाई स्वच्छन्दताकारी' भनेर उल्लेख गरेका छन् ।

यसरी नेपाली भाषा र साहित्य प्रेमी केशवदत्त बडूका बारेमा विभिन्न पुस्तकका भूमिकामा मात्र चर्चा भएको पाइए पनि ती चर्चाहरुमा पूर्णता गहनता र पर्याप्तता देखिदैनन् । त्यसैले उपर्युल्लेखित विद्वान्हरूका टिका टिप्पणीहरूको पनि सहयोग लिदै प्रस्तुत शोध कार्यमा उनको जीवनी व्यक्तित्व र कृतित्त्वको समग्र अध्ययन र विश्लेषण गरिएको छ ।

## १.६ अध्ययनको औचित्य

नेपाली साहित्यको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने केशव दत्त बडूको बारेमा पूर्व अध्येताहरूले दिएका सूचना प्रयाप्त वा पूर्ण देखिदैनन् । उनको जीवनी व्यक्तित्वका बारेमा मात्र नभएर कृतिहरूका बारेमा पनि अध्ययन भएको पाइदैन । अतः बडूको जीवनी व्यक्तित्व र कृतित्त्वको अध्ययनमा केन्द्रित भई उनका तिनै क्षेत्रको विस्तृत, वैज्ञानिक एवम् सुव्यवस्थित रूपमा विश्लेषण र मूल्याङ्कन यस शोध कार्यमा गरिएकाले आउने पिँढीलाई उनी तथा उनका कृतित्त्वका बारेमा वस्तुगत एवं प्रमाणिक जानकारी उपलब्ध हुनेछ । शोधपत्रको अध्ययनबाट उनका बारेमा जान्न इच्छुक व्यक्ति, संघसंस्थाहरूका लागि सैद्धान्तिक एवं व्यवहारिक रूपमा तथ्य प्रस्तुत गरिने भएकाले अनुसन्धानका क्षेत्रमा यसको महत्त्व रहेको छ । यसरी नै नेपाली साहित्यको इतिहास लेखनका क्रममा तथा साहित्यिक गतिविधिको मूल्याङ्कन गर्ने क्रममा यस शोधपत्रले विस्तृत सहयोग पुऱ्याउने छ । त्यसैले उपर्युक्त क्षेत्रका दृष्टिकोणले यस शोधपत्रको औचित्य रहेको छ ।

## १.७ शोधकार्यको सीमाङ्कन

केशव दत्त बडूको जीवनी व्यक्तित्वका विविध पक्षहरूको उद्‌घाटन गर्नुका साथै उनका हालसम्मका प्रकाशित नेपाली भाषा साहित्यसँग सम्बन्धित पुस्तकाकार कृतिहरूको अध्ययन र विश्लेषण नै प्रस्तुत शोधकार्यको सीमा रहेको छ ।

## १.८ सामाग्री सङ्कलन तथा शोध विधि

प्रस्तुत शोधपत्र तयार पार्दा सामाग्री सङ्कलनका क्रममा पुस्तकालयीय पद्धतिका अतिरिक्त शोधनायकलाई नजिकबाट चिन्ने सम्बन्धित व्यक्तिहरूसँग र शोधनायकसँग लिइएको लिखित र मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी सामग्री सङ्कलनको मूलआधार बनाइएको छ, साथै पुस्तकालयीय र क्षेत्रीय पद्धतिबाट सङ्कलित सामग्रीलाई वर्णनात्मक सैद्धान्तिक पद्धतिको आवश्यक उपयोग गरी अध्ययन र विश्लेषण गरिएको छ । यस क्रममा जीवनी र व्यक्तित्वको अध्ययनका लागि जीवनी परक, प्रभावपरक र कृति अध्ययनका लागि , विश्लेषणात्मक र मूलतः वर्णनात्मक पद्धति अवलम्बन गरिएको छ । साथै कविता सिद्धान्तलाई आधार बनाएर विश्लेषण गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित रूपमा प्रस्तुत गर्न निम्न लिखित परिच्छेदमा विभाजन गरिएको छ :

| | |
|---|---|
| पहिलो परिच्छेद :- | **शोधपरिचय** |
| दास्रो परिच्छेद :- | **केशव दत्त बडुको जीवनी र व्यक्तित्व** |
| तेस्रो परिच्छेद :- | **केशव दत्त बडुको साहित्यिक यात्रा प्रवृत्ति** |
| चौथो परिच्छेद :- | **केशव दत्त बडुका काव्य कृतिहरुको विश्लेषण** |
| पाँचौ परिच्छेद :- | **उपसंहार** |

उपर्युक्त पाँच परिच्छेदलाई आवश्यकता अनुसार विभिन्न शीर्षक तथा उप-शीर्षकहरूमा विभाजन गरिएको छ ।

# दोस्रो परिच्छेद

# केशव दत्त बडूको जीवनी र व्यक्तित्व

## २.१ वंश परम्परा

सुदूरपश्चिमाञ्चल क्षेत्रको महाकाली अञ्चल, दार्चुला जिल्लाको बाननी गाउँ केशव दत्त बडूको जन्म थलो हो । बनारसबाट डोटीमा आएका यिनका पूर्खाहरू नेपाल र भारतका विभिन्न ठाउँ हुँदै बाननीमा बसोबास गर्न पुगे ।[१] हाल यिनीहरू दार्चुला जिल्लाको विभिन्न स्थानमा र अन्यत्र पनि फैलिएर रहेका छन्, भने भारतको पनि विभिन्न ठाउँमा बसोबास गर्दै आएका छन् । तिनीहरू मध्ये भारतमा बसेकाहरूले थर परिवर्तन गरी जोशी र भट्ट पनि लेखेको पाइन्छ र सादा जीवन र उच्च विचारमा आस्था राख्ने केशव दत्त बडूको पूर्ख्यौली हेर्दा देबुवा बडू सँग रहेको पाइन्छ ।[२] धनुवा बडूका २ सन्तान मध्येबाट कान्छा महादेव बडू हुन् । महादेव बडूका दुई पत्नीहरूबाट ७ सन्तान छन् । जसमध्ये केशव दत्त बडू जेठी पत्नीबाट पहिलो जेठा सन्तान हुन् । कान्छी पत्नीबाट धर्मानन्द बडू, गणेश दत्त बडू, विष्णु दत्त बडू, र राम दत्त बडू तथा छोरीहरूमा धाना र हरिना रहेका छन् ।[३]

### २.२ जन्म र जन्म स्थान

साहित्यकार केशव दत्त बडूको जन्म वि.सं. २०१७ साल  २ महिना १७ गतेका दिन पिता महादेव बडू र माता हिरादेवी बडूका कोखबाट जेष्ठ सुपुत्रका रूपमा महाकाली अञ्चलको दार्चुला जिल्लामा अवस्थित बाननी गाउँमा भएको हो । आफ्ना बुवाको जेष्ठ सुपत्र एवम् हजुरबाका जेष्ठ नातिका रूपमा जन्मिएका, सानो उमेरमा सबैबाट असाध्यै माया पाएका यिनको जन्म ब्राह्मण संस्कारले युक्त निम्न-वर्गीय परिवारमा भएको हो ।[४]

## २.३ बाल्यकाल

मानव जीवनका प्रमुख चार अवस्था मध्ये बाल्यकाल मावन जीवनको प्रारम्भिक र महत्त्वपूर्ण चरण हो । यस अवस्थामा मान्छेका जीवनका कतिपय सामाजिक र पारिवारिक कारणले बालकको भविष्य निर्माणमा प्रत्यक्ष र परोक्ष रूपमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

---

१ शोधनायकबाट प्राप्त जानकारी ।
२ ऐजन ।
३ ऐजन ।
४ ऐजन ।

बडूको बाल्यकाल दार्चुला जिल्लाको सुरम्य वातावरण र ब्राह्मण संस्कारले युक्त परिवारमा भएको हुनाले उनले सानै उमेर देखि पढ्ने र कर्मकाण्ड गर्ने अवसर पाएका थिए ।[५]

## २.४ शिक्षा-दीक्षा

केशव दत्त बडूको प्रारम्भिक शिक्षा दार्चुला जिल्लाको बाननी गाउँमा अवस्थित गणेश प्राथमिक विद्यालय र हुतीमा अवस्थित हिमालय उच्च माध्यमिक विद्यालय हुतीमा भएको थियो । कक्षा ८ अध्ययन गर्दा बडूले अनुशासन, आज्ञाकारिता र अध्ययनशीलताका अतिरिक्त ईश्वर र मानवप्रतिको कर्तव्यको भावना बुझेको पाइन्छ ।[६] यस पछि केही समयसम्म बडूले घरमै निजी रूपमा अध्ययन गरेको पाइन्छ । निजी अध्ययनका क्रममा उनले आफ्ना जेठा बुबाबाट कर्मकाण्ड सम्बन्धी शिक्षा लिएर केही वर्ष कर्मकाण्डमा नै बिताए । तत्पश्चात् हाल पिथौरागढ बस्ने जेठा बुबा धर्मानन्द जोशीले पढ्नका लागि हरिद्वार पठाउनुभयो । बडूले हरिद्वारको उदासीन संस्कृत महाविद्यालय कनखलमा भर्ना भई संस्कृत शिक्षा अध्ययन गरेको पाइन्छ । त्यसै विद्यालयबाट उनले पूर्वमध्यमा (प्रवेशिका परीक्षा) उत्तीर्ण गरे र ई.सं. १९८३ मा प्रवेशिका परीक्षा उत्तीर्ण भए पछि त्यसै उदासीन संस्कृत महाविद्यालयमा बडूको अध्ययन प्रारम्भ भयो । त्यहाँबाट उनले शास्त्रीसम्मको अध्ययन गरेको देखिन्छ ।[७]

## २.५ व्रतबन्ध तथा विवाह

हिन्दु सनातन धर्म संस्कृति अनुसार ब्राह्मण जातिको उपनयन संस्कार आठ वर्षको उमेरमा गर्नुपर्ने भनेर उल्लेख गरिए अनुसार केशव दत्त बडूको व्रतबन्ध १४ वर्षको उमेरमा घरमै विधिविधान पूर्वक पुरोहित पं. सुनादत्त जोशीबाट सम्पन्न भएको थियो ।[८] केशव दत्त बडूको विवाह वि.सं. २०३१ सालमा ब्रह्मदेव गा.वि.स. अन्तर्गत बगरा निवासी देवदत्त जोशीकी कान्छी छोरी नारा जोशीसँग भएको थियो ।[९]

## २.६ सन्तान

बडूका ५ सन्तानहरूमा ३ छोरी र २ छोरा रहेका छन् । तिनीहरू मध्ये वि.सं.२०४० सालमा जेठी छोरी कलावतीको जन्म भयो । उनले आई .ए सम्मको अध्ययन  गरेको देखिन्छ ।

५. ऐजन ।
६. श्री विष्णुदत्त बडूबाट प्राप्तजानकारी ।
७. शोधनायकबाट प्राप्त जानकारी
८. ऐजन ।
९. ऐजन ।

यिनका दोस्रो सन्तानका रूपमा छोरा नारद प्रसादको जन्म २०४४ सालमा भएको हो । नारदले पनि आई.एस्सी सम्मको अध्ययन गरी हाल बी. कम पढिरहेका छन् । त्यसपछि तेस्रो सन्तानका रूपमा छोरी नन्दा, चौथो सन्तान छोरा प्रकाश र पाँचौ सन्तानका रूपमा छोरी जानकी रहेका छन् । यिनीहरू सबैले विद्यालय तहको शिक्षा पूरा गरी उच्च शिक्षा अध्ययनमा तल्लीन रहेका छन् ।[१०]

## २.७ आर्थिक स्थिति र बसोबास

केशव दत्त बडूको बाजेको पालादेखि जग्गा जमीनको कमी नरहेको देखिन्छ । तैपनि समयको अन्तराल र पाखो जमिनका कारण उब्जनी पनि वर्षेनी घट्दै जानाले जमिनबाट परिवार धान्न कठिनाइ देखिए पछि बुवालाई सहयोग गर्न उनले केही समयसम्म आफ्नो पैत्रिक कार्य कर्मकाण्ड गरे । त्यसपछि उनी ठूला बुवा धर्मानन्द जोशीको प्रेरणाले अध्ययन गर्न भारतको हरिद्वार गए । अध्ययन पश्चात् शिक्षण पेसामा आवद्ध भए पछि आर्थिक स्थिति सुदृढ बन्दै गएको देखिन्छ ।[११]

केशव दत्त बडूको व्यक्तिगत आर्थिक स्थिति र बसाइलाई बुझ्दा आफ्नै पैत्रिक स्थान बाननीमा बस्दै आएका छन् भने कान्छी आमा पट्टीका भाइहरू सबै कञ्चनपुरको कालापानी भन्ने ठाउँमा बसोबास गर्दै आएका छन् ।[१२] उनको जागिर छिमकी गा.वि.स. हिकिलाको गौरीलमाण्डौ उच्च माध्यमिक विद्यालयमा र छोरा छोरीहरू आधुनिक (समयानुकूल) शिक्षा प्राप्त गर्न विभिन्न ठाउँहरूमा पठाएका हुनाले हाल यिनको आर्थिक स्थिति मध्यम स्तरको देखिन्छ ।

## २.८ कार्य क्षेत्रमा प्रवेश र जागिरका क्षणहरू

साहित्यकार बडू शिक्षण सेवामा २०६० सालमा स्थायी भए पनि शिक्षण कार्यमा प्रवेश शास्त्री सम्मको अध्ययन पश्चात् २०४१ सालदेखि नै श्री अलकापुरी नि.मा.वि कोट कौतोलीमा एक वर्षसम्म अध्यापन गरे । २०४२ सालदेखि उनले जन विकास उच्च मा.वि. बारबाजमा नि.मा.वि. तहको अस्थायी दरबन्दीमा रही २ वर्षसम्म काम गरे । त्यसपछि गौरिलमाण्डौं उ.मा.वि हिकिलामा २०४४ सालदेखि २०५० सम्म मा.वि तहको निजीश्रोतबाट काम गरेको देखिन्छ । बीचमा केही वर्ष उनले पढाइ र सृजनामा लगाएको हुनाले उनले फेरी २०५३ सालदेखि २०६० सालसम्म श्री कृष्ण उच्च मा. वि. लालीको मा. वि. तहमा अस्थायी

१०. ऐजन ।
११. ऐजन ।
१२. ऐजन ।

दरबन्दीमा रही काम गरे । यसैगरी उनी २०६० सालमा शिक्षक सेवा आयोगले लिएको परीक्षामा पास भई २०६०/५/२८गतेदेखि नै स्थायी शिक्षकका रूपमा गौरिलमाण्डौ हिकिलामा प्रवेश गरे ।[१३] एक वर्षपछि २०६१/५/२८ गतेदेखि उनी प्र.अ. रही काम गर्दै आएका छन् ।[१४] जागिरका अविस्मरणीय क्षणहरू बताउने क्रममा बडू भन्दछन् : २०५३ सालमा अस्थायी दरबन्दीको लिखित परीक्षा पास भए पछि मौखिक परीक्षामा जि.शि.अ. ध्रुवराज जोन्छे मेरो कविताबाट प्रभावित हुनु भई मलाई हौसला दिएको क्षण म कहिल्यै बिर्सिन्न । त्यसै हौसलाले आज मलाई यहाँसम्म पनि पुऱ्यायो ।

## २.९ भ्रमण

साहित्यकार बडू भ्रमण प्रति त्यति रुचि राख्दैनन् । त्यसैले उनी बिना काम घुम्ने उद्देश्यले अहिलेसम्म कुनै ठाउँ गएका छैनन् तर काम विशेषले भने उनी भारतका हरिद्वार, देहरादून, हिमाञ्चल प्रदेश, दिल्ली, मुम्बई, पञ्जाब, बनारस, मुगलसराय, आदि विभिन्न ठाउँहरूमा गएको कुरा बताउँछन् । ती ठाउँहरूमध्ये उनलाई हिमाञ्चल प्रदेश र बनारस असाध्यै राम्रो लागेको कुरा बताउँछन् ।[१५]

## २.१० रुचि

नवजात शिशुले भैभवशाली धर्तीमा जन्म लिए पछि उसमा आमाको काखबाटै जीवन-जगतको बारेमा जान्ने उत्सुकता र रुचिको विकास हुदै जान्छ । पारिवारिक वातावरणमा हुर्किएको मानव समाजमा विशेषताले परिचित बन्न पुगेको छ । कुनै पनि व्यक्तिको रुचिका आधारमा नै उसको व्यक्तित्वको निर्धारण गर्न सकिन्छ । त्यस्तै गरेर बडुका पनि आफ्नै खाले रुचिहरू छन् । बाल्यकालदेखि नै अध्ययनपट्टि रुचि भएका बडूले पढाइ गाउँको स्कूलबाट पूरा गरी कर्मकाण्ड तर्फ पनि आकर्षित भएका थिए । तत्पश्चात् पढ्ने प्रबल इच्छाले बडूलाई कुतकुत्याउँछ र उनी पढ्न भारतको हरिद्वार पुग्छन् । उनको अध्ययनमा अत्यन्तै रुचि देखिन्छ । साहित्यिक पत्रपत्रिका र लेखहरू पढ्न खुबै मन पराउँने बडू आधुनिकता र विकासको रूपमा भित्रिएको तडक-भडकलाई पटक्कै मन पराउँदैनन् ।[१६] सादा जीवन र उच्च विचार लिएर उनी अध्ययन तर्फ नै रुचि राख्दछन् । त्यसैले स्वभाविक गुण हो, जसले साहित्यिक पत्र पत्रिका लेख

---

१३. ऐजन ।
१४. ऐजन ।
१५. ऐजन ।
१६. ऐजन ।

रचना अध्ययन गर्दछ, त्यसलाई लेखनतर्फ पनि उत्तिकै रुचि जाग्दछ । त्यसकारण उनको साहित्य लेखनमा पनि अत्यन्त रुचि  देखिन्छ ।

खानपिनका सम्बन्धमा उनी परिस्थिति अनुसारको खाना रूचाउँछन् । विहान स्नान र बिहान बेलुका सन्ध्यापाठ गरी शुद्ध भएर खाना खान मन पराउने बडू धार्मिक परम्पराका कारणले नै मांशाहारी भएको भन्दछन् ।[१७] पोशाकका सन्दर्भमा पनि उनी परिस्थिति अनुसारको लुगा र विशेष गरी भारतमा बसेका हुनाले पठानी सुट, पैन्ट र सर्ट नै मन पराउँछन् । बडूलाई मन पर्ने विदेशी साहित्यकारहरूमा शेक्सपियर र मैथलीशरण गुप्त तथा स्वदेशी साहित्यकारहरूमा लक्ष्मीप्रसाद देवकोटा, माधव घिमिरे, केशव पिँडाली, भैरव अर्याल आदि हुन् ।[१८]

## २.११ शारीरिक व्यक्तित्व र स्वभाव

रूप, आकार, प्रकार, स्वभाव, आचरण र प्रवृत्तिले नै व्यक्तिको शारीरिक तथा भौतिक व्यक्तित्वको निर्माण गरेको हुन्छ । यसका आधारमा शारीरिक बनावटका दृष्टिले साढे पाँच फिट अग्ला देखिने बडू मझौला आकृतिका छन् । पुष्पाकृतिको नाक र फराकिलो ललाट, मर्मभेदी दृष्टि, लामा लामा कान, सधैँ सफा हँसिलो अनुहार लिएर हिड्ने बडू गहुँगोरो वर्णका छन् । गम्भीर भएर हिड्न मन पराउने उनको शारीरिक व्यक्तित्व सरल एवं आकर्षक छ । सधैँ स्वस्थ सफा र ताजा खाना मन पराउने बडू अहिलेसम्म निरोगी नै देखिन्छन् ।

व्यवहारमा अति मिलनसार मिथ्या प्रशंसा नरुचाउने बडूको स्वभावमा आडम्बरीपना पाइदैन । बडू समयलाई अमूल्य ठान्दछन् । समयलाई त्यसै वित्न दिनुभन्दा आफूलाई कुनै काममा लगाएर समय व्यतित गर्दछन् । जस्तोसुकै कठिन परिस्थितिमा पनि धैर्यधारण गर्न सक्ने क्षमता लगनशील र अध्ययनप्रतिको अटुट अभ्यासले गर्दा साहित्यकार बडूको आन्तरिक र बाह्‍य व्यक्तित्व निर्मित देखिन्छ । आन्तरिक रूपमा आध्यात्मिकताप्रति अत्यन्तै श्रद्धा राख्ने बडू बाह्‍य रूपमा एक कुशल गृहस्थी हुन् ।

## २.१२ सामाजिक कार्यहरू

मानिस सामाजिक प्राणी हो । मानिसले संसारमा जन्म लिए पछि समाजका लागि केही न केही गर्नुपर्दछ । सामाजिक प्राणी  भएकाले नै  समाज बिना मानिस अलग भएर बाँच्न

१७. ऐजन ।
१८. ऐजन ।

सक्दैन । समाजमा बसेर समाजका लागि केही गर्नु प्रत्येक मानिसको कर्तव्य र दायित्व हुन्छ । बडूले पनि समाजमा आफ्नो दायित्व निर्वाह गर्ने क्रममा आफूले सिकेको मानवीय शिक्षा, नैतिक शिक्षा र धार्मिक शिक्षा विभिन्न किसिमका नाटकहरूका माध्यमबाट र धार्मिक प्रवचनहरूका माध्यमबाट समाजमा दिने गरेको पाइन्छ । शिक्षणका क्रममा विभिन्न ठाउँहरूमा गई सबै ठाउँमा उनले आफ्नो धार्मिक र नैतिक चरित्रको छाप छोडेका छन् ।[१९]

शिक्षण पेसालाई नै प्रमुख ठान्ने बडू कार्य व्यस्तताका कारण अन्य सामाजिक कार्यहरूमा प्रत्यक्ष रूपमा संलग्न हुन नसकेकोमा खेद प्रकट गर्दछन् ।[२०] अध्यापन कार्य नै प्रमुख भएको र त्यसैबाट समाज सुधार गर्न सकिन्छ भन्ने पवित्र धारणा उनमा रहेको छ ।

## २.१३ लेखनका निम्ति प्रेरणा र प्रभाव

केशव दत्त बडूको पारिवारिक वातावरण साहित्यानुकूल नभए पनि 'हुने बिरूवाको चिल्लो पात' भने झैं सानै उमेरदेखि नै यिनको पढाइमा रुचि बढ्दै गएको पाइन्छ । नेपाली साहित्य जगतमा वि.सं. २०३८ सालदेखि लेखन प्रारम्भ गरेका बडूको स्रष्टा व्यक्तित्व सानैदेखि चलबलाउन थालेको पाइन्छ । यिनको अङ्कुराउन लागेको स्रष्टारूपी बिउमा मलजलको काम हरिद्वारमा अवस्थित नेपाली छात्र संघले गरेको पाइन्छ साथै उनलाई प्रेरणा हिन्दी कवि मैथली शरण गुप्तबाट मिलेको पाइन्छ । अन्य नेपाली साहित्यकारहरूमा बाबा बस्नेत, माधव घिमिरे, मोहन हिमाशुं थापा, दैवज्ञराज न्यौपाने, मोहनराज शर्माबाट आदि प्रेरणा प्राप्त भएको पाइन्छ ।

## २.१४ लेखन कार्यको प्रारम्भ

नेपाली साहित्यमा प्रायजसो कविता विधामा कलम चलाउने केशव दत्त बडूले हरिद्वारबाट साहित्यिक वातावरण पाएर लेखनकार्य थालनी गरेका हुन् । उनको पहिलो प्रकाशित कृति नेपाली र हिन्दी दुवै भाषामा लेखिएको **नौरङ्गे साहित्य** (२०३८) हो । यसैबाट उनको लेखनकार्य प्रारम्भ भएको देखिन्छ । हाल सम्म उनको लेखन कार्य जारी छ ।

## २.१५ प्रकाशित पुस्तकाकार कृति

केशव दत्त बडूको प्रथम प्रकाशित पुस्तकाकार कृति कविता सङ्ग्रह **नौरङ्गे साहित्य** हो । यसमा विभिन्न किसिमका हिन्दी नेपाली कविताहरू समावेश गरिएका छन् । यो कृति २०३८ सालमा प्रकाशित भएको पाइन्छ । बडूले साहित्यका विविध विधाहरू मध्ये कविता

---

१९. विष्णुदत्त जोशीबाट प्राप्त जानकारी ।
२०. शोधनायकबाट प्राप्तजानकारी ।

विधामा कलम चलाएका छन् । उनका प्रकाशित कृतिका आधारमा छुट्याउनु पर्दा कवि व्यक्तित्वका रूपमा देखा पर्दछन् । उनका प्रकाशित पुस्तकाकार कृतिहरू यस प्रकार छन् :

क) **नौरङ्गे साहित्य** (कविता सङ्ग्रह २०३८)

ख) **ऐसा आया जमाना** (हिन्दी व्यङ्ग्य कविता : २०५१)

ग) **बार व्यङ्ग्य** (कविता सङ्ग्रह : २०५२)

घ) **नमस्कार भनिदिउँला** (खण्डकाव्य : २०५३)

ङ) **बार व्यङ्ग्य** (कविता क्यासेट : २०५७)

च) **पानी नै जीवन** (खण्डकाव्य : २०५८)

## २.१६ व्यक्तित्वका प्रमुख पाटाहरू

मानिसको व्यक्तित्व उसको जीवनमा आइपर्ने उतार-चढाव, पीर-वेदना, क्रिया-प्रतिक्रियाबाट निर्धारित भएको हुन्छ । कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माणमा उसको सामाजिक, पारिवारिक, आर्थिक, सांस्कृतिक, शैक्षिक, धार्मिक र राजनैतिक पक्षको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । सहज र स्वभाविक गुणले वैयक्तिक चरित्रको निर्माण गर्दछ भने सिर्जनशील र सामाजिक कार्यहरूले सार्वजनिक व्यक्तित्वको निर्माण गर्दछ । यस्ता व्यक्तित्वलाई मूलतः निजी व्यक्तित्व र सार्वजनिक व्यक्तित्व गरी दुई भागमा राखेर अध्ययन गर्ने गरिन्छ । निजी व्यक्तित्व मान्छेको शारीरिक बनावट, स्वभाव, आचरण, बानी-व्यवहार, लवाइ-खवाइ जस्ता नितान्त व्यक्तिगत अभिरुचिले निर्धारण गर्दछ । यसमा पनि बहिर्मुखी र अन्तर्मुखी गरी दुई पाटा हुन्छन् बहिर्मुखी व्यक्तित्व विशेषत रूपात्मक हुन्छ अर्थात् शारीरिक बनावटसँग सम्बन्धित प्रत्यक्ष देखिने कुराहरूले यस्तो बाह्य व्यक्तित्वको निर्माण गरेको हुन्छ । स्वभाव, आचरण, चिन्तन र मनन जस्ता प्रत्यक्ष नदेखिने तर अनुभव गर्न सकिने कुराहरूले आन्तरिक व्यक्तित्वको विकास गरेका हुन्छन् ।

यसका विपरीत व्यक्तिगत स्वार्थभन्दा माथि उठेर सामाजिक मानमर्यादाको परिधिमा रही समाज र राष्ट्रको हितका लागि साहित्यिक, धार्मिक, राजनैतिक, सामाजिक आदि क्षेत्रमा दिएका सकारात्मक योगदानले सामाजिक व्यक्तित्वको निर्माण गरेको हुन्छ । आफ्नो किशोरावस्थादेखि नै साहित्यमा सक्रिय रहेका बडूले पाठकहरूलाई भाषाप्रेम र ईश्वरप्रतिको आस्था, सांस्कृतिक गौरव एवं देशभक्तिको सन्देश पनि दिएका छन् । यसका साथै बडूले सार्वजनिक व्यक्तित्वको विकासका लागि विशेषतः नेपाली भाषा साहित्यको सम्बर्धनका निम्ति

साहित्यिक योगदान पुऱ्याएका छन् । सरल मिलनसार स्वभाव अध्ययनशील एवं जिज्ञासु प्रवृत्ति भएकोले बडूलाई आफ्नो जीवनमा उत्तरोत्तर प्रगतिका अवसरहरू प्राप्त हुँदै आइरहेका छन् । लगभग पाँच दशक लामो जीवनयात्रा पूरा गरिसकेका बडूको साहित्यिक र साहित्येतर व्यक्तित्वका रूपमा वर्गीकरण गरी नियाल्न सकिन्छ ।

## २.१६.१ साहित्यकार व्यक्तित्व

केशव दत्त बडू २०३८ सालमा **नौरङ्गे साहित्य** कविता सङ्ग्रह लिएर नेपाली साहित्यमा औपचारिक रूपमा उदाएका छन् । यद्यपि यसअघि पनि केशव दत्त बडू सानैदेखि कविताप्रति रुचि भएका व्यक्ति हुन् । उनले साथीलाई चिठी लेख्दा पनि कवितामा लेख्ने गर्दथे । यसरी उनको साहित्यिक यात्रा कविताबाट सुरू भएको छ । उनका साहित्यिक कृतिहरू हालसम्म ६ ओटा प्रकाशित छन् । साहित्यको स्रष्टा र द्रष्टा दुवै विधामा कलम चलाउने बडूका यिनै साहित्यिक व्यक्तित्वलाई यहाँ प्रस्तुत गरिन्छ । केशव दत्त बडूका स्रष्टा व्यक्तित्वका पनि विभिन्न पाटाहरू छन् । उनको साहित्यिक यात्रा कविताबाट शुरू भएको हो । यिनले साहित्यको कविता विधामा मात्रै कलम चलाए पनि विविध प्रवृत्तिलाई समेटेको पाइन्छ । कविता विधामा कलम चलाएर त्यसैमा आफ्नो पहिचान बनाउन चाहने यिनले कविता मन पराउने कुरा स्पष्ट देखिन्छ । शास्त्रीय छन्दहरूको सफल प्रयोग गरी कविता लेख्ने आधुनिक कविहरू मध्ये केशव दत्त बडू पनि एक हुन् । उनलाई मन पर्ने विधा पनि कविता हो । त्यसैले उनको स्रष्टा विधा अन्तर्गतको कवि व्यक्तित्व यहाँ यसरी प्रस्तुत गरिन्छ ।

### (क) कवि व्यक्तित्व

साहित्यकार केशव दत्त बडूले नेपाली साहित्य यात्राको पहिलो खुड्किलो टेकेको कविता विधाबाट हो । ३०३८ सालमा उनले **नौरङ्गे साहित्य** हिन्दी नेपाली दुवै भाषामा लेखिएको कविताहरू भएको कविता सङ्ग्रह प्रकाशित गरेका थिए । यसपछि कार्य व्यस्तताका कारण उनको साहित्यिक यात्रा एक दशक भन्दा बढी समयसम्म रोकियो । तैपनि 'खाने मुखलाई जुङ्गाले छेक्दैन' भने झैं कार्य व्यस्तताका बावजुत पनि उनका **ऐसा आया जमाना** २०५१, **बार व्यङ्ग्य** २०५२ **नमस्कार भनिदिँउला** २०५३, **बार व्यङ्ग्य कविता क्यासेट**२०५७ र **पानी नै जीवन** २०५८ प्रकाशित भए ।

**(ख) द्रष्टा व्यक्तित्व**

केशव दत्त बडू केवल सिर्जनशील स्रष्टा मात्र नभएर द्रष्टा पनि हुन् । यिनले आफ्ना कृतिकहरूको भूमिकाका साथ-साथै अन्य नव उदीयमान साहित्यकारहरूका कृतिहरूमा समेत विश्लेषणात्मक लेखहरू लेखेको पाइन्छ ।

## २.१६.२ साहित्येतर व्यक्तित्व

केशव दत्त बडूले साहित्य क्षेत्रका अतिरिक्त धर्मका निमित्त उत्थान, समाज सेवा, नोकरी आदिमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । उनको साहित्येतर व्यक्तित्व यस प्रकार रहेको छ :

**(क) सामाजिक तथा धार्मिक व्यक्तित्व**

उनी सानै उमेर देखि नै सुन्दर समाज र राष्ट्रको कल्पनाका बारेमा सोच्दथे । यसै परिप्रेक्ष्यमा उनले गाउँमा एउटा धार्मिक कार्यक्रममा सहभागी भई धर्म र मानव कर्तव्य सम्बन्धी ज्ञान दिएका थिए । धर्मका साथ साथै सामाजिक चेतनाको लागि समय-समयमा विद्यालयको वार्षिकोत्सवमा धार्मिक चेतनामूलक नाटकहरू प्रदर्शन गराउने गर्दछन् । उनी धर्ममा विश्वास गर्दछन् तर धर्मका नाममा हुने विकृति र विसङ्गति मन पराउँदैनन् । समाजमा सबैको स्वतन्त्र बाँच्ने अधिकार हुनुपर्दछ भन्ने धारणा राख्दछन् । यसरी उनी एक कुशल समाजसेवी र धार्मिक रहेको कुरा प्रमाणित हुन्छ ।

**(ख) अभिभावक व्यक्तित्व**

यस भौतिक संसारमा अभिभावकीय दायित्वले पनि मान्छेको जीवनमा ठूलो महत्त्व राख्दछ । साहित्यकार केशव दत्त बडूले उक्त उत्तरदायित्वलाई कुशलतापूर्वक बहन गरेका छन् । उनी सम्पूर्ण सन्तानहरूलाई प्रेम, सद्भाव र उचित शिक्षा-दीक्षा दिएर आत्मनिर्भर बनाउनु प्रत्येक आमा बुवाको कर्तव्य हो भन्ने मान्यताका पक्षपाती भएको बुझिन्छ । यस दृष्टिकोणलाई सार्थक पनि तुल्याएको देखिन्छ । पाँच सन्तानका पिता र संरक्षक केशव दत्त बडूले आफ्ना सन्तानहरूलाई समयमै क्षमता अनुसारको आधुनिक परिपाटीको शिक्षा दिएको कुराबाट स्पष्ट हुन्छ । व्यवहारिक प्रपञ्चमा आइलाग्ने झमेलालाई सोचविचार पूर्वक पन्छ्याउँछन् र छोराछोरीको खानपिन, रहन-सहन, शिक्षा-दीक्षा आदिमा विशेष ध्यान दिने गर्दछन् । उनले अप्ठ्यारो परिस्थितिमा धैर्यपूर्वक कार्य गर्न र सहानुभूति तथा आफ्नो तर्फबाट सक्दो सहयोग समेत उपलब्ध गराउनु हन्छ ।

साहित्यकार बडूले व्यक्तिगत जीवन बाहेक सार्वजनिक रूपमा पनि आफ्नो अभिभावकीय भूमिकालाई निर्वाह गरेको देखिन्छ । घर छिमेक र इष्टमित्र आदिका सन्तानहरूलाई उचित मार्ग निर्देशन गरेर उत्साहित तुल्याउनुलाई बडू आफ्नो कर्तव्य ठान्दछन् । यिनै विशेषताहरूले गर्दा साहित्यकार बडू परिवार एवं समाजका कुशल अभिभावक पनि हुन् भन्न सकिन्छ ।

**२.१७ जीवनी व्यक्तित्व र साहित्य लेखन बीच अन्तर-सम्बन्ध ।**

केशव दत्त बडूको जीवन साहित्यिक, सामाजिक, धार्मिक परिवेशको भोगाइमा बितेको छ । यही अवधिको जीवन भोगाइमा आफूले अनुभव गरेका सरल जटिल परिस्थिति एवं विभिन्न भाषाका ग्रन्थहरूको अध्ययनबाट प्राप्त ज्ञानका साथै विभिन्न ग्रन्थहरूको बारेमा आएका भ्रान्त धारणाहरूले साहित्यिक व्यक्तित्व निर्माणमा सहयोग पुऱ्याएका छन् । केशव दत्त बडूले जीवनको धेरैजसो समय स्वाध्ययन र साहित्य लेखनमा नै बिताएका छन् भने यस अध्ययनशील बानीले उनको सिङ्गो साहित्य लेखनलाई डोऱ्याएको पाइन्छ । कविता विधाको गद्य र पद्य दुवै शैलीमा कलम चलाएका बडूका कृतिहरूमा समाजमा देखा परेका विकृति र विसङ्गतिहरू प्रति व्यङ्ग्य गरिएको छ । साहित्यको उद्देश्य धर्म, अर्थ, काम, मोक्ष एवं समाजलाई शिक्षा प्रदान गर्नु हो भन्ने विचार राख्ने बडूको विद्वत् व्यक्तित्व साहित्यमा जतातत‌ै सलबलाएको छ । संस्कृतमय उच्च शैक्षिक वातावरण, जीवन भोगाइका उकाली-ओराली, अग्रज जनहरूको प्रेरणा एवं नेपाली साहित्यको विषयमा खड्किएको अभावले नै उनको साहित्यिक लेखनमा सक्रियता प्रदान गरेको हो । गाउँले एवं शहरीया दुवै किसिमको सामाजिक जीवनको अनुभव गरिसकेका बडूका कविताहरूमा प्रकृतिप्रेम, देशप्रेम, ग्रामीण परिवेश, राजनैतिक उतार-चढाव आदिप्रतिको उन्मूखता रहेको छ । उनले समाजमा भएका रीतिरिवाज, संस्कार, राजनैतिक उतार-चढाव, विकृति र विसङ्गतिहरूलाई चिरफार गर्दै यथार्थलाई देखाउने प्रयास गरेका छन् ।

# तेस्रो परिच्छेद

# केशव दत्त बडूको काव्य-यात्रा र प्रवृत्ति

## ३.१ विषय प्रवेश

केशव दत्त बडूको श्रष्टा व्यक्तित्व नेपाली साहित्यको कविता/काव्य विधामा समर्पित भएको देखिन्छ । बडूका पुस्तकाकार कृतिहरू नेपाली भाषाका विभिन्न क्षेत्रसँग सम्बन्धित रहेका छन् । उनले नेपाली साहित्यका कविता र खण्डकाव्य क्षेत्रमा आफ्नो स्रष्टा व्यक्तित्वलाई अग्रगति दिएका छन् । यहाँ बडूको नेपाली साहित्ययात्राको निरूपण गर्दै साहित्ययात्रामा देखापरेका लेखनका भिन्नताका आधारमा त्यसको चरण विभाजन गरी सम्बन्धित चरणमा प्रकाशित कृतिहरूका आधारमा काव्यगत प्रवृत्ति केलाइएको छ ।

## ३.२ काव्य यात्रा

केशव दत्त बडूले **नौरङ्गे साहित्य**(२०३८) बाट नेपाली साहित्यमा औपचारिक रूपमा प्रवेश गरेका हुन् । उनले नेपाली साहित्यका कविताकाव्य विधामा कलम चलाएका छन् । उनका हालसम्म प्रकाशित कृतिहरू **नौरङ्गे साहित्य** (२०३८), **ऐसा आया जमाना** (२०५१), **बार व्यङ्ग्य**(२०५२), **नमस्कार भनिदिउँला**(२०५३) र **पानी नै जीवन**(२०५८) रहेका छन् । यी बाहेक **बार व्यङ्ग्य** (२०५७) गाइजात्रे क्यासेट पनि आफ्नै स्वरमा बजारमा ल्याएका छन् । नेपाली साहित्यमा स्वच्छन्दतावादी, प्रगतिवादी सौन्दर्य चेतनालाई उदाहरणीय रूपमा कविताका माध्यमबाट प्रस्तुत गर्ने प्रतिभा भएकाले बडूले आफ्नो कविता काव्यकारितालाई वर्तमानसम्म प्रवाहशील, आकर्षक र प्रभावकारी बनाएका छन् ।

## ३.३ केशव दत्त बडूका काव्ययात्राको चरण विभाजन र प्रवृत्ति

२०३८ सालदेखि औपचारिक लेखन यात्रा आरम्भ गरेका केशव दत्त बडूको नेपाली साहित्यक यात्रा वर्तमानसम्म आइपुग्दा झण्डै तीन दसक लामो समयावधि नेपाली साहित्यको उन्नति र श्रीवृद्धिमा समर्पित भएको देखिन्छ । साहित्य सिर्जना बडूको प्रतिभा, पेशा, विज्ञता, र अध्ययनशील व्यक्तित्वले जे-जति सहयोग पुग्यो त्यसका विपरित अनेक क्षेत्रसँग सम्बद्धताले उनी जीवनमा अत्यन्तै व्यस्त रहेका देखिन्छन् । व्यस्त जीवनमा पनि साहित्य सिर्जनामा आफ्नो प्रतिभा र विज्ञतालाई प्रदर्शन गराउन पछि परेका छैनन् । उनी आफ्नो लेखन यात्रामा केही समयको अन्तरालमा भए पनि निकै कृतिहरू प्रकाशित गर्न सफल भएका देखिन्छन् । उनको

लेखनकार्य नियमित र निरन्तर हुन सकेको छैन । २०३८ देखि हालसम्मको समयावधिमा बडूले जे-जति कृतिहरू रचना गरेका छन् तिनका आधारमा उनको साहित्यिक यात्रालाई दुई चरणमा विभाजन गर्न सकिन्छ :

(क) पूर्वार्द्ध चरण (२०३८-२०५१)

(ख) उत्तरार्द्ध चरण (२०५२ - हालसम्म)

**(क) पूर्वार्द्ध चरण**

बडूको लेखन यात्राको पहिलो चरण २०३८ देखि २०५१ सम्म मान्न सकिन्छ । पूर्वार्द्ध चरण खास गरी बडूको कविता सिर्जनाको आधारभूमि निर्माणको चरण हो । यस चरणमा रचिएका उनका रचना आरम्भिक तथा आभ्यासकालिक किसिमका छन् । यस चरणमा उनले कविता र गीतिकवितालाई नै प्रमुख केन्द्रविन्दु बनाएका छन् । उनका यस चरणमा फुटकर कविताहरू मात्र देखिन्छन् । यस चरणमा लेखिएका कविताहरू **नौरङ्गे साहित्य**मा संरचित छन् । यस चरणमा लेखिएका कविताहरूमा 'जन्म भूमि', 'साथीलाई पत्र', 'वियोग', मरेपछि सत्य नै साथी हुन्छ', 'मुक्तिमार्ग', 'माइतकी छोरी', 'ग्राम्य जीवन', 'फजुल खर्च', 'मृत्यु', 'कलियुगका मानिसहरू', 'वसन्त ऋतु', 'परदेशी 'संसारका मान्छे', 'ब्रह्मचर्यको कमी', गरी पन्ध्र ओटा कविता रहेका छन् ।

केशव दत्त बडूका यस चरणका रचनाहरूको अध्ययन र आँकलन गरिसकेपछि के निष्कर्षमा पुग्न सकिन्छ भने उनको यो चरण कविता लेखनमा केद्रित अभ्यासिक चरण हो । यस चरणमा उनले फुटकर कवितामा सफलता हासिल गरेका छन् । प्रवृत्तिगत हिसाबले हेर्दा उनी स्वच्छन्दतावादी कवि हुन् । उनका यस चरणका कवितामा राष्ट्रियता तथा सामाजिक यथार्थताको चित्रण पाइन्छ । उनका कविताहरूमा स्वच्छन्दतावादीहरूले अँगाल्ने ईश्वरीय सत्ताप्रति विश्वास गर्दै मानवलाई ईश्वर मान्नुपर्दछ भन्ने देवकोटेली स्वच्छन्दातावादीको छाँया परेको पाइन्छ ।

बडूको यस चरणका कविताको प्रमुख विशेषता लयबद्ध भाषाको प्रयोग हो । यही लय प्रवलता र भाषिक सरलताका आधारमा बडू माधव घिमिरेली प्रवृत्तिबाट प्रभावित छन् । यस चरणका उनका कवितामा सरल एवं सहज भावविन्यास पाइन्छ । बडूको यस चरणका कविताको भाषा सरल र सहज भए पनि भाषिक परिष्कारमा भने अभाव देखिन्छ । त्यस्तै ती कविताहरूमा बिम्व, प्रतीक, अलङ्कारहरूको समुचित प्रयोग भएको पाइँदैन तर पनि उनको

साहित्य सिर्जनालाई आजसम्म यस अवस्थामा ल्याइपुऱ्याउने यही पूर्वार्द्धकाल भएकाले यो चरणमा प्रकाशित कृतिहरू जे जस्ता छन् ती आफैमा पूर्ण रहेका छन् । बडूका यस चरणका कवितात्मक प्रवृत्तिहरूलाई यस प्रकार देखाउन सकिन्छ :

अ) स्वच्छन्दतावादी

आ) प्रकृति प्रेमी

इ) सामाजिक यथार्थको चित्रण

ई) भाषा शैलीमा सरलता

**(ख) उत्तरार्द्ध चरण**

केशव दत्त बडूको काव्ययात्राको उत्तरार्द्ध चरण २०५२ सालदेखि हालसम्म मान्न सकिन्छ । यो चरण उनको खास गरी विधा विविधताको चरण हो । उनका यस चरणमा प्रकाशित कृतिहरू - **बार व्यङ्ग्य** (कविता संग्रगह) **नमस्कार भनिदिउँला** (खण्डकाव्य) **बार व्यङ्ग्य** (कविता क्यासेट) र **पानी नै जीवन** (खण्डकाव्य) आदि रहेकाछन् । विभिन्न पक्षलाई समेटेर त्यसभित्र देखापरेका विकृति र विसङ्गतिहरू प्रति तिखो व्यङ्ग्य प्रहार गरिएको **बार व्यङ्ग्य** कविता सङ्ग्रह भित्र - 'नासिएको छ', 'एक हड्डीकालागि', 'लोकापवादमा मान्छे नै परेका छन्', 'दृष्टि', 'म नर्कलोकको नेता हुँ', 'चोला साट्न थाले', 'प्रजातन्त्रको फल', 'चारखुट्टेको ताना तान', 'आजको मान्छे', 'गुफाभित्र युद्ध भयो', 'परम्परा छोड्ने छैनौँ', 'आफ्नै मात्र हेरिन्छ' आदि कविताहरू रहेका छन् ।

केशव दत्त बडूको यो उत्तरार्द्ध चरण साहित्य सिर्जनाको विविधताको चरण हो । यसमा उनले खण्डकाव्य प्रकाशन सँग-सँगै कविता क्यासेट पनि आफ्नै स्वरमा स्वरबद्ध गरेका छन् । प्रवृत्तिगत दृष्टिले हेर्दा बडू यस चरणमा प्रयोगवादी, स्वच्छन्दतावादी र परिष्कारवादी भएर देखापरेका छन् । यिनका रचनामा नेपाली समाजमा देखिएका विकृति, विसङ्गति अन्याय, दमन, शोषण, अत्याचार आदिलाई प्रधान विषय बनाइएको छ । उनको यस चरणमा साहित्यिक आयामगत यात्रा फुटकर कविता हुदै खण्डकाव्यसम्म पुगेको छ । कविताका क्षेत्रमा उनको 'पानी नै जीवन' खण्डकाव्य प्राप्तिको विषय हो । यस चरणमा बडूको पूर्वार्द्ध चरणको कसर-मसर पूर्णरूपमा परिमार्जित भएको छ । यस चरणमा बडू पूर्वार्द्ध चरणको जस्तो विकृति विरूद्ध चुप-चाप नबसी विद्रोही भएर देखापरेका छन् । यस चरणमा आइपुग्दा बडूको पूर्वार्द्धचरणको

गीतिलय तिरोहित भई शास्त्रीय छन्द र परिस्कृत मुक्त छन्दतर्फ लयगत अभिसार भएको छ ।

उत्तरार्द्ध चरणमा लेखिएका बडूका कृतिहरूमा मानवीय सत्ताप्रति विश्वास गरिएको छ । उनको **नमस्कार भनिदिउँला** खण्डकाव्य र **बार व्यङ्ग्य** कविता सङ्ग्रहमा प्रगतिवादी चिन्तन प्रबल भएर आएको छ भने **पानी नै जीवन** खण्डकाव्यमा स्वच्छन्दतावादी, परिष्कारवादी प्रवृत्ति देखिन्छ । यसरी हेर्दा बडूको यस चरणमा विशेष पहिचान रहेको छ । उनका यस चरणमा देखापरेका प्रवृत्तिहरूलाई बुँदागत रूपमा यसरी राख्न सकिन्छ :

अ) व्यङ्ग्यात्मक प्रवृत्ति

आ) सामाजिक विकृतिप्रति व्यङ्ग्य

इ) स्वच्छन्दतावादी

ई) परिष्कारवादी

उ) राष्ट्रियता

ऊ) साँस्कृतिक चेतना

ए) प्रकृति-प्रेम आदि रहेका छन् ।

## ३.४ निष्कर्ष

समग्रमा भन्नुपर्दा उनको यो झन्डै ३ दसक लामो साहित्ययात्रामा नेपाली साहित्यको कविता काव्य विधामा स्थापित भएका छन् । उनले नेपाली साहित्यमा सङ्ख्यात्मक मात्र होइन गुणात्मक योगदान पनि पुऱ्याएका छन् । उनका कविता काव्यहरूमा आर्थिक, सामाजिक, शैक्षिक, राजनितिक, प्रशासनिक आदि क्षेत्रमा देखिएका विकृति तथा विसङ्गतिहरूलाई खोतल्दै तिनीहरू प्रति तीव्र व्यङ्ग्य पनि प्रहार गरेका छन् । यिनै विविध कारणहरूले गर्दा यिनलाई स्वच्छन्दतावादी र पछिल्लो चरणमा प्रयोगवादी व्यङ्ग्य कविका रूपमा चिनाउन सकिन्छ ।

# चौथो परिच्छेद

# केशव दत्त बडूका काव्य कृतिहरूको विश्लेषण

## ४. विषय प्रवेश

२०३८ सालदेखि कलम चलाउन प्रारम्भ गरेका केशव दत्त बडूले नेपाली साहित्यको कविता र खण्डकाव्य क्षेत्रमा कलम चलाएका छन् । उनका कृतिहरू **नौरङ्गे साहित्य** (२०३८), **ऐसाआया जमाना** (२०५१), **बार व्यङ्ग्य** (२०५२), **नमस्कार भनिदिउँला** (२०५३), **बार व्यङ्ग्य** कविता क्यासेट (२०५७), **पानी नै जीवन** (२०५८) प्रकाशित भएका छन् । ती मध्ये खण्डकाव्य र कविता सङ्ग्रहको विश्लेषण गरिएको छ । उनका **नमस्कार भनिदिउँला** र **पानी नै जीवन** खण्डकाव्यलाई खण्डकाव्य तत्त्वका आधारमा र **नौरङ्गे साहित्यः** र **बार व्यङ्ग्य** कविता सङ्ग्रहलाई कविता तत्त्वका आधारमा निम्नलिखित अनुसार विश्लेषण गरिन्छ :

## ४.१ नमस्कार भनिदिउँला खण्डकाव्यको विश्लेषण

यो बडूको दोस्रो चरणमा देखापरेको सामाजिक खण्डकाव्य हो । यसमा हाम्रो समाजमा हुने गरेको वर्ग विभेदलाई प्रष्ट्याएका छन् ।

### ४.१.१ परिचय

'नमस्कार भनिदिउँला' २०५३ सालमा प्रकाशित भएको आकारका दृष्टिले मध्यम रूपको खण्डकाव्य हो । यस खण्डकाव्यको मुखपृष्ठ हल्का हरियो रंगको छ । एउटा पसलको तस्वीर, पसलमा पसले र बाहिर दुई जना नस्कार गरेको मुद्रामा चित्रित छन् । यसै आवरण पृष्ठले खण्डकाव्यको शीर्षकलाई चिनाएको छ । खण्डकाव्यका चित्रको अवलोकनले नमस्कार भनिदिउँला खण्डकाव्यको भावलाई चित्रात्मक रूपले देखाएको छ । स्वयं रचनाकारले प्रकाशन गरेको यस खण्डकाव्यमा सम्मतिका केही शब्द शीर्षकमा दैवज्ञराज न्यौपानेले भूमिका लेखेका छन् ।

यो खण्डकाव्य आकार-प्रकारका दृष्टिले २६ पृष्ठमा संरचित छ । मानव समूदायमा देखापरेका विकृति र त्यसले एउटा गरिबको मनमा पारेको पीरलाई यस खण्डकाव्यको एक खण्ड वा भागमा देखाइएको छ । प्रस्तुत खण्डकाव्यमा १११ श्लोक छन् । आदिदेखि अन्त्यसम्म एउटै शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको छ । बुनोटगत दृष्टिले हेर्दा प्रत्येक श्लोकका बीच घटनाको समन्वय रहेको छ । अब काजीको जीवनमा के हुन्छ भन्ने कुतुहलता पूर्वक कथावस्तु

अगाडि बढेको छ । खण्डकाव्यमा विभिन्न बिम्ब, प्रतीक र अलङ्कारहरूको प्रयोग गरिएको छ । यसको पद्य भाषा, बुनोट, छन्दोबद्ध गठन, सूक्ष्माति-सूक्ष्म प्रस्तुतिको प्रत्यक्ष र अप्रत्यक्ष दुवै प्रस्तुति यसमा प्रयोग गरिएको छ । प्रस्तुत खण्डकाव्यको शैली सूत्रात्मक छ । यसको समाख्याता तृतीयपुरूष रहेको छ ।

## ४.१.२ कथावस्तु

खण्डकाव्यमा एउटा मात्र मुख्य विषयवस्तु हुन्छ । 'पात्रद्वारा गरिने कार्य र तिनै पात्रका कार्यबाट घट्ने घटनाको कथात्मक गठन गुम्फन हुनु नै खण्डकाव्यको कथावस्तु हो' ।[२१] प्रस्तुत खण्डकाव्यमा काजीको झण्डै आधा जीवनको आरोह-अवरोह छ । यस खण्डकाव्यको कथावस्तु यसरी बगेको छ - धर्तीको आनन्दलाग्दो उच्च हिमालको शीतल सुगन्धित हावा चल्ने एउटा पहाडी गाउँको खुला चौरमा छाप्रो बनाई बसोबास गर्ने काजी सरल हृदय भएको युवक हो । उनी त्यस ठाउँमा पत्नी र आफू एक दम्पति मात्र थिए । अरू उनको सुख दुःखमा साथ दिने कोही पनि थिएनन् । काजी सज्जन घरमा पैदा भएका हुनाले शीलस्वभावमा पनि राम्रा थिए । एउटा कमजोरी थियो उनमा त्यो भौतिक (नाशवान्) वस्तु धनको । त्यसैले उनी धनी भनाउँदाहरूबाट थिचिएर मिचिएर बस्न बाध्य भएका थिए । सोझो भएकाले काजीलाई सबैले काममा जोताउने गर्दथे र परिश्रम अनुसारको पैसा त दिदैनथे तर व्यवहार पनि रुखो किसिमले गर्दथे । दिनभरि काममा जोतिएर साहुहरूले दिएको जति निर्विवादरूपमा स्वीकार गरी त्यही पैसाले दुवै जनाले आधापेट खाएर गुजारा चलाएका थिए ।

मानवीय भावना र उपकारको लेश सम्म पनि नभएको त्यो गाउँ धनाढ्य भनाउँदा शोषकहरूको व्यवहार देखि आफ्नो भावीजीवन अन्धकारमय हुने देखि बुद्धिमान्, मनको धनी र सोझो काजी आफ्नी प्राणप्यारी पत्नीसँग अन्यत्रै गई काम गर्छु भनी सल्लाह गर्दछ । उनकी पत्नीले पनि त्यो पीडा आफैले अनुभव गरेकी हुनाले पतिका कुरालाई सहर्ष स्वीकार गर्दछिन् । दुःख कष्टमा साहस थप्न सहयोग गर्ने पत्नीका कुरा सुनी उनी पैसा कमाउन सहरतिर जान तयार हुन्छन् । काजी स्वास्नीलाई सम्झाई बुझाई घर छोडी सहर तर्फ गए । सहरको नामै उल्लेख नगरिएको भए पनि तीन दिन पछि सहरमा पुगे । त्यहाँ पनि उनलाई जाँदासाथ काम मिलेन । घरबाट लगेको सामल पनि सबै सिद्धिएर भोकै बस्नुपर्ने अवस्था भयो । काम खोज्दै

२१. लक्ष्मण प्रसाद गौतम, **समकालीन नेपाली कविताका प्रवृत्ति**, काठमाडौं : (पैरवी प्रकाशन, २०६६) पृ. २४७ ।

जाँदा एउटा पसलमा चार जना मानिसहरू बसेका देखिन्छन् । केही आशा बोकेर ऊ काम खोज्दै ती मानिसहरू भएको ठाउँमा जान्छ । ती सबैले एक एक गरी विभिन्न खालका प्रश्नहरू गर्दछन् । तिनीहरूका प्रश्नको उत्तर दिँदै काजी आफ्नो यथार्थता दर्शाउँछ । ती चार जना व्यक्तिहरू मध्ये चौथोले काजीको दुःखलाई बुझेर महिनाको के कति ज्याला माग्छौ त्यो भन र मसँग काममा हिँड भन्दछ । मान्छेको मन बुझ्न सक्ने काजी त्यो साहुको शीलस्वभाव उच्चतम देखेर जान तयार हुन्छ । ती दुवै जना साहुको घरमा जान्छन् । साहुले काजीलाई घरमा लगेर विभिन्न प्रकारका उपदेशका कुराहरू सिकाउँछन् । ती सबै कुरा ध्यानपूर्वक सुनी आफ्नो समर्थनको कुरा काजी यसरी भन्दछन् :

जो आज्ञाछ हजुर तत्पर भई मेरो शिरोधार्य छ
जो निर्देश मिल्यो हजुर अहिले अत्यन्त स्वीकार छ । (पृ. ७)

दोस्रो दिनदेखि बिहानै उठी उसले अराएको जति काम सबै तन मन लगाएर गर्दछ । पहिलो-पहिलो काम भएको हुनाले केही हडबडी भए पनि विस्तार-विस्तारै ऊ काम गर्न थाल्यो । घर परिवारमा सबैसँग शिष्ट व्यवहार गरी ऊ बस्न थाल्यो । धन सम्पत्ति धेरै भएको साहुले काजीजस्तो नोकर पाउँदा पनि विश्वास गर्न सकेन किन भने 'अगुल्टाले हानेको कुकुर विजुली चम्किदा तर्सिन्छ' भने झैं साहु पहिलेका चञ्चल नामको नोकरले घरमा चोरी गरेर हिडेको हुनाले विश्वास गर्दैनन् । ती पहिलेका नोकरहरूको व्यवहारले आजित भएर उनी विश्वास गर्दैनथे । त्यसैले साहु काजीको इमान्दारीताको परीक्षा लिने विचार गर्दछन् ।

एकदिन दुवै जना बुढा-बुढी काजीको परीक्षा लिन सुकुलभित्र केही धनराशी राख्दछन् । नोकरलाई घरको सरसफाइ गर्ने काम अराएर आफूहरू बजारतिर निस्कन्छन् । काजीले पनि साहुले भनेजति काम एक-एक गरी गर्दै गयो र अन्तिममा त्यो पैसा राखेको कोठा सफा गर्दा सुकुलभित्र पैसा भेट्छ । त्यो पैसा उसलाई को बिर्स्यो होला ? साहु हुन् या कोही अतिथि नै हुन् कि भन्ने सन्देह भयो । साहु घरमा नभएको हुँदा ती पैसा गनेर थन्क्यायो । सबै काम राम्ररी गरेर सिध्यायो अनि केही समय पछि साहु र साहुपत्नी आए । काजीले गरेको सरसफाइ देखेर दुवै जना खुशी भए । साहु आएको थाहा पाएर काजी पनि अगाडि भेटेको एक हजार सत्तरी रुपैयाँ सफागर्दा पाएँ भनी साहुको हातमा सुम्पियो । काजीको त्यो इमान्दारिता देखेर साहु ज्यादै खुशी भए र उसलाई इनाम दिए । यसरी त्यो सज्जन काजीको हरेक कामले साहुको चित्त बुझ्दै गयो । साहुले आफ्नी पत्नीलाई काजीको गुण, शील-स्वभाव राम्रो भएकाले

उसलाई नम्रतापूर्वक काम अराउनु भन्दछन् । काजीको मासिक तलब वृद्धि गर्न उनी पत्नीसँग सल्लाह गर्दछन् । साहुकी पत्नीले मान्छेको व्यवहारको के भर हुन्छ, अहिले सोझो छ भनेर हुदैन पछि नराम्रो भएर निष्कन सक्छ भन्ने कुरा गर्दछिन तर पत्नीको कुरामा साहु विश्वास गर्दैन र उसलाई सम्झाइ बुझाइ काजीको तलब वृद्धि गर्न पुग्दछ ।

यसरी काजीको इमान्दारिताले नोकरदेखि रुष्ट भएका साहु खुशी हुन्छन् । इमान्दार काजी सेवकले गर्नु पर्ने काममा केही बिलम्ब नगरी लामो समयसम्म काम गर्दछ । यसरी लामो समयसम्म कर्तव्यनिष्ठ, इमान्दार भएर काम गरेकोले उसले पैसा पनि प्रशस्त कमाउँछ । धन कमाएर वर्षको एक चोटि साहुबाट छुट्टी लिएर आफ्नो घरमा जान्छ । पत्नीसँग सुख-दुःखका कुरा गरी छुट्टी बिताएर ऊ फेरि साहुको घरमा फर्किन्छ । यसरी काजीले लामो समयसम्म रही काम गरेर पैसा थुपार्दछ । काजीको मनमा अब यो कमाएको पैसाले आफ्नै गाउँमा केही व्यवसाय गर्ने इच्छा जाग्दछ र साहुका अगाडि गएर आफ्नो इच्छा व्यक्त गर्दछ । साहुले पनि काजीको मर्मलाई बुझी उसका भावनाको कदर गर्दै अर्को मान्छे खोजेर काजीलाई इमान्दारिता पूर्वक काम गरेकोमा मासिक तलब र इनाम सहित बिदा गर्दछन् ।

काजी साहुबाट विदा भएर आफ्नो घरमा पुग्दछन् । श्रम गरी कमाएर ल्याएको धनले र मिहेनतले उसले एउटा ठूलो घर बनायो । त्यसैमा खाद्यपदार्थादिको पसल थापेर बस्यो । काजी पनि त्यो पैसा र पसलले गाउँका गन्य-मान्य व्यक्ति सरह भयो । हाकिम, मन्त्री, शिक्षक, जन्त्री, तन्त्री, चिनेका, नचिनेकाहरूले उसलाई नमस्कार गर्न थाले । त्यो व्यवहार देखेर काजी आश्चर्य चकित हुन्छ । जो-जो उनलाई नमस्कार गर्दथे उनी उत्तरमा भनिदिउँला तिम्रो नमस्कार छ भन्दथे । सधैं काजीले यसो भनेको सुन्दा मानिसहरूले उनलाई यसो किन भन्छौ भनी सोधे । काजी भन्दछन्, यिनीहरूले मलाई नमस्कार र आदरसत्कार गर्ने भए पहिले पनि गर्नुपर्दथ्यो जति बेला मसँग धन थिएन । जो यिनीहरू नमस्कार गर्दछन् त्यो मलाई नभएर मेरो धनलाई हो, त्यसैले म त्यो धन (वित्त) भएको ठाउँमा गएर अमुकहरूको नमस्कार छ भनिदिन्छु भनेर अहिलेको पैसामुखी प्रवृत्ति भएको समाजलाई झटारो हानेको छ ।

यसरी विभिन्न घटनाहरूको समुचित संयोजनबाट संरचित भएको प्रस्तुत खण्डकाव्यको विकास क्रमिक विन्यासमा आबद्ध रहेको छ । प्रस्तुत खण्डकाव्य घटनाप्रधान रहेको छ । कथानक सरल सपाट छ प्रस्तुत खण्डकाव्यको कथानकलाई निम्न लिखित अवस्थामा विश्लेषण गरिएको छ -

१) आदिभाग

एउटा पहाडी गाउँमा गरिब काजीले खुला चौरमा छाप्रो बनाई पत्नी साथ रहेर जीवनयापनका लागि विभिन्न किसिमका कठोर काम गर्दा पनि खान सम्म नपुग्नु ।

२) मध्य भाग

कामको खोजीमा सहर जानु सहरमा गएर इमान्दारीपूर्वक काम गरी मालिकलाई खुशी पार्नु र पैसा कमाउनु ।

३) अन्त्य भाग

इमान्दारी पूर्वक कमाएर ल्याएको पैसाले राम्रो व्यवसाय गरी धेरै पैसा कमाउनु पैसाकै कारण सबैबाट राम्रो इज्जत र सम्मान पाएर पनि उनी यस समाजदेखि खिन्न हुनु कथानकको अन्त्यावस्था हो ।

## ४.१.३ विषयवस्तु

विषयवस्तु खण्डकाव्यको अनिवार्य तत्त्व हो । 'कृतिमा बाह्य प्रकाशन को सारभूत अंश वा सारतत्त्व तथा आन्तरिक सत्व वा गुदीलाई विषय वस्तु भनिन्छ' ।[२२] विषयवस्तुमा विश्वका विभिन्न घटनावली, देशका घटनावली, प्रकृति, संस्कृति, धर्म, राजनीति, सामाजिक आदि आउँछन् । यो खण्डकाव्य सामाजिक विषयवस्तुमा आधारित छ ।

काजी एउटा समाजको गरिब परिवारमा जन्मिएको मान्छे हो । उसको व्यवहार र उसलाई समाजले गरेको व्यहारलाई यस खण्डकाव्यमा देखाइएको छ । हाम्रो समाजमा काजीजस्ता धेरै सोझा व्यक्तिहरूलाई गरिब भएकै कारणले अपमान गरिएको छ । उनीहरूलाई मान्छेमा नै गनिएको छैन । गरिबलाई दोस्रो वर्गको नागरिकमा हेर्ने परिपाटीलाई यसमा उल्लेख गरिएको छ । काजी गरिब हुँदा सबैले हेप्ने होच्याउने गरेको देखिन्छ । मिहिनेती काजीले परिश्रम गरी पैसा कमाएर धनाढ्य व्यक्ति सरह भएपछि उसलाई सबैले आदर सत्कार गरेको घटनावली देखाएर पैसामुखी समाजलाई झटारो हानेको छ । खास गरी हाम्रो समाज मानव गुणलाई नबुझ्ने बाहिरी तडक-भडक र पैसाको मात्र मानमर्यादा गर्ने कुरालाई देखाउन खोजिएको छ ।

## ४.१.४ सहभागी/पात्र वा चरित्र

पात्र वा चरित्र खण्डकाव्यको अर्को तत्त्व हो । 'कवितामा सहभागीता जनाउन आउने व्यक्ति नै सहभागी हो, यो पात्र वा चरित्रका रूपमा आएको हुन्छ ।'[३२] 'नमस्कार भनिदिउँला'

२२. खगेन्द्र प्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**,(अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध त्रि. वि, नेपाल २०५८) पृ. २२७ ।

खण्डकाव्य सामाजिक घटनाप्रधान खण्डकाव्य हो । त्यसैले पात्रहरू पनि नेपाली परिवेशका छन् । उनीहरूका क्रियाकलाप, चालचलन, रह-सहन, नेपाली संस्कृति अनुरूपको छ । यहाँ धनी र गरिब बीच समय र सभ्यताको व्यापक दूरी रहेको देखाइएको छ । हाम्रो समाजले सम्पन्न र गरिब व्यक्तिको बीच गरिने फरक व्यवहारलाई काजीजस्ता पात्रका माध्यमबाट प्रस्तुत गरिएको छ । यस खण्डकाव्यको मुख्य चरित्र काजी हो र सहायक पात्रका रूपमा साहु रहेका छन् । अन्य पात्रहरूमा काजीकी पत्नी, साहुकी पत्नी, चञ्चल, जञ्जाल मिलका कामदारहरू, साहुका छोराछोरीहरू रहेका छन् । ती मध्ये केही प्रमुख पात्रहरूको बारेमा संक्षिप्त चर्चा यस प्रकार गरिएको छ :

**क) काजी**

काजी गाउँमा बस्ने विपन्न वर्गको प्रतिनिधि पात्र हो । यो यस खण्डकाव्यको प्रमुख पुरूष पात्र हो । ऊ परिश्रमी मिहिनेती र इमान्दार पति वा घरमूली हो । काजी एउटा निस्वार्थ भावना भएको व्यक्ति हो । उसलाई समाजले चिन्न सकेको छैन । स्वार्थी समाजले आफूप्रति गरेको व्यवहारले ऊ आजित भएर कामको खोजीमा अन्यत्रै जान्छ । ऊ धन सम्पत्तिमा गरिब छ तर विशाल हृदय भएको र आँटिलो छ । कामको खोजीमा सहरतिर जान्छ र बडा मुश्किलले काम पाउँछ । त्यो आफ्नो स्थान चिनेर सबैसँग गर्नुपर्ने व्यवहार गर्दछ भन्ने अभिव्यक्ति यसरी प्रकट गर्दछन् :

जो आज्ञाछ हजुर तत्पर भई मरो शिरोधार्य छ
जो निर्देश मिल्यो हजुर अहिले अत्यन्त स्वीकार छ । (पृ. ७)

यसरी आफ्नो मालिकले भनेको काम अल्छी नगरी झटपट् गर्ने बानी थियो । त्यसै व्यवहारले ऊ सबैको मन जित्दै जान्छ । कठोरभन्दा कठोर किसिमले उसको परीक्षा लिँदा पनि ऊ सफल हुन्छ । एउटा सफल मानवका रूपमा काजीलाई लिन सकिन्छ । ऊ आफ्नो मालिकसँग टाउको उठाएर पनि कुरा गर्दैन । आफ्नै कार्यमा निरन्तर लागि रहन्छ । उसको यस्तो बानी व्यवहारले पैसा पनि निकै कमाउँछ र व्यवसाय गरी घरमा बस्दछ । यसरी उनले एक निम्नवर्गको मानिसले पनि इमान्दारिता पूर्वक काम गर्दा ऊ सम्पन्न बन्छ भन्ने कुरालाई

---

२३. लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताका प्रवृत्ति**, पूर्ववत् पृ. २४८ ।

गरेको छ । ऊ समाजमा भएको धनी र गरिब बीच गरिने फरक व्यवहारको घोर विरोधीका रूपमा देखिन्छ । समाजमा मानवीय शिक्षाको सन्देश मानवीय संवेदनाको भावनालाई फैलाउने काम गरेको छ । कथावस्तु नै यसको वरिपरि घुमेको हुनाले यो प्रमुख स्थिर पात्रका रूपमा रहेको देखिन्छ ।

**ख) साहु**

साहु खण्डकाव्यको सहायक  पुरूष पात्र हो । कथावस्तुलाई अगाडि बढाउने काममा यसको महत्त्वपूर्ण भूमिका रहेको छ । उसमा एउटा मानिसमा हुनुपर्ने सामान्य गुणहरू भेट्टिन्छन् । धन भएर पनि उसमा घमण्ड छैन । उसलाई कसैले धोका दिएको हुनाले मात्र काजीलाई सुरूमा विश्वास गर्दैन । यसो गर्दा उनी प्रतिकूल देखिए पनि साहु यस खण्डकाव्यका अनुकूल पात्र नै हुन् । चञ्चल नामको नोकरले सम्पत्ति चोरेर भागेको हुनाले उनी कसैप्रति झट्ट विश्वास गर्दैनन् । उनी काजीलाई घरमा ल्याएर विभिन्न किसिमका उपदेश दिन थाल्दछन् । त्यसले पनि उनी विवेकी थिए भन्ने कुरा स्पष्ट हुन्छ ।

जस्तो बीज लगाउँछौ फल त्यसै सौजन्यले टिप्दछौ ।
जस्तो काम बनाउँछौ नित तिमी त्यो माम नै पाउँछौ ॥ (पृ. ६)

उनी मनमा उठेका शङ्कालाई तुरून्त निवारण गर्ने उपाय गर्दछन् । शङ्का हटेपछि उनी काजीलाई नोकर हैन एउटा आफ्नो हितैषी मित्रको रूपमा हेर्दछन् । यसरी उनी धनी र गरिबको भेदभाव नगर्ने पात्रका रूपमा देखा पर्दछन् । मान्छेको धनलाई भन्दा पनि मान्छेका गुणलाई चिन्नु मानिसको धर्म हो भन्ने भावना भएका साहु मान्छेको कदर गर्न नसक्ने मानिसहरू पुच्छर सिंह नभएका पशु हुन् भन्दछन् । काजीलाई मानवीय व्यवहार गर्ने एउटा धनी व्यक्ति साहु भएकाले एउटा इमान्दारले पनि इमान्दारी गर्ने हौसल्ला पाएको छ । त्यसैले साहु पनि एक समाज सुधारकको सङ्केतका रूपमा देखिएका छन् । कथा वस्तुको धेरैजसो ठाउँमा भूमिका भएकाले सहायक पात्र हुन् । काजी अनुकूल, सहयोगी, सहृदयी पात्रका रूपमा देखा पर्दछन् ।

**ग) काजीकी  पत्नी**

काजीकी पत्नी यस खण्डकाव्यकी स्त्री पात्र हुन् । यिनी धर्मपरायणा कर्तव्यनिष्ठ, विपत्तिमा आफ्नो लोग्नेलाई साथ दिने गर्दछिन् । काजीले धन कमाउन बाहिर जानुपर्छ तिमी घर चलाएर बस्नु भन्दा पनि केही नाइनास्ति नगरी लोग्नेको कुरा स्वीकार गर्दछिन् । उनी

पतिलाई सही मार्गमा हिड्न सहयोग गर्ने स्त्री हुन् । दुःख-कष्ट सहन गर्दा पछि सुखभोग गर्न पाइन्छ भन्ने आशावादी नारी हुन् । कर्ममा विश्वास गर्ने काजीकी पत्नीका अभिव्यक्तिहरू यसप्रकार रहेका छन् :

पत्नी उत्तरमा सहर्ष पतिका ती वात स्वीकार्दछिन्
अर्को मार्ग सुयोग्य जीवनविषे खोज्नै पर्‍यो भन्दछिन्।
आफ्ना वास्तवमा अभावहरूका जे जे कुरा पर्दछन्
हुन्छन पूर्ण भने निरन्तर सबै कष्टै सही गर्दछन् ॥ (पृ. २)

आफ्नो भविष्य उज्ज्वल गर्नका लागि उनी त्यागी, तपस्वी, निडर भएर सुकर्म गर्नुपर्दछ भन्दछिन् ।

**घ) अन्य पात्रहरू**

यस खण्डकाव्यमा अन्य सहभागीहरूमा साहु पत्नी, चञ्चल, जञ्जाल, छोराछारी र मिलका कामदारहरू रहेका छन् । चञ्चल बाहेक अन्य यी पात्रहरू अनुकूल नै रहेका छन् । साहुकी पत्नी झट्ट कसैलाई पूर्णविश्वास गरिहाल्नुहुदैन भन्ने मान्यतामा रहे पनि काजीबाट भने प्रभावित भएकी छिन् । चञ्चल एउटा लोभी, चोर, नराम्रो नोकरको रूपमा देखापरेको छ । जञ्जाल पनि चञ्चलसँग हुँदा अटेरी भए पनि त्यस्तो गलत कार्य चाहिँ गर्न सक्दैन । यसमा मिलका कामदारको नामोल्लेख मात्र भएको र कथानकको विकासमा खासै भूमिका रहेको देखिदैन । त्यसैले यिनीहरू गौणपात्र हुन् ।

## ४.१.५ परिवेश

परिवेश खण्डकाव्यको अर्को महत्त्वपूर्ण तत्त्व हो । 'चरित्रले कार्यव्यापार गर्ने र घटनाहरू घटित गर्ने वस्तु जगतलाई परिवेश भनिन्छ' ।[२४] परिवेश अन्तर्गत ठाउँ समय र वातावरण पर्दछन् । यस खण्डकाव्यमा नामोल्लेख नगरिए पनि ग्रामीण र सहरी दुवै परिवेशको चित्रण गरिएको छ ।

एउटा पर्वतको मनोहर निकै विस्तीर्ण त्यो गाउँमा
भिन्ना भिन्न स्वजाती मानवहरू बस्थे त्यही ठाउँमा ।
ठूलो गाउँ थियो त्यहाँ चउरमा छाप्रो बनाइ कन
ज्यादै दीन र हिनको बखतमा बस्थ्यो कुनै सज्जन ॥ (पृ. १)

२४.मोहनराज शर्मा, **समकालीन समालोचना :सिद्धान्त र प्रयोग,** (काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५५) पृ.३९६।

यसरी ग्रामीण परिवेशबाट शुरू भएको यो खण्डकाव्यको परिवेश सहरी क्षेत्रमा पनि रहेको छ । जसमा साहुको घर, साहुको मिल आदि ठाउँहरू उल्लेख भएका छन् । कालगत दृष्टिले यो खण्डकाव्यमा दोस्रो विश्वयुद्धकालीन समयको चित्रण छ । यस खण्डकाव्यमा चित्रित समाजमा आर्थिक असमानताका कारण गरिबहरू धनी र सम्पन्नबाट हेपिएका छन् । त्यसबेला गरिबलाई मान्छे नै नठान्ने र पैसा नै मान्छेको योग्यता मूल्याङ्कन गर्ने माध्यम थियो । जुन अद्यावधि भौतिकवादी हाम्रो समाजमा कायमै छ । यो कुरा नमस्कार भनिदिउँला खण्डकाव्यका निम्नलिखित पङ्क्तिहरूबाट स्पष्ट हुन्छ :

जे जे काम गराउँथे जनहरू ती ती सबै गर्दथ्यो ।
दिन्थे जो रूपिँया जहाँ जति सुकै निर्वाद स्वीकार्दथ्यो । (पृ. १)
गर्दैछौ सुन यो तिमी यदि नमस्कारै मलाइ भने
बितेका दिन पूर्वमा पनि सदा गर्नै त पर्थ्यो अरे । (पृ. २५)

यसरी ग्रामीण र सहरी परिवेशको चित्रण यस खण्डकाव्यमा गरिएको छ ।

## ४.१.६ उद्देश्य

मानव व्यवहारको जीवन्त चरित्रलाई लिएर यस खण्डकाव्यको निर्माण भएको हो । मानव विकास चरम गतिमा अगाडि बढीरहेको छ तर यो भन्दा बढी ऊ आफैलाई बिर्सिरहेको छ, वा मानव व्यवहारलाई बिर्सिदै गइरहेको छ । त्यही एउटा सामाजिक घटनालाई यस खण्डकाव्यले मुख्य विषयवस्तु बनाएको छ ।

कुनै पनि वस्तु विचारको गुण चिन्नु नै सबै भन्दा ठूलो कुरा हो । गरिब मान्छे गुणी, इमान्दार र कर्तव्यनिष्ठ भए पनि उसलाई समाजले अपहेलना र उपेक्षा गर्दछ भने पैसा भएको मानिसले खराब काम गर्दा पनि पैसाले ऊ 'पानी मुनिको ओबानो' भएर बस्छ । यही गलत परम्परालाई कविले समाजबाट हटाउन खोजेका छन् । जबसम्म संकुचित र पैसामुखी भावनाहरूलाई हटाउने मानव हृदय चेतनायुक्त हुदैन तबसम्म समाजको वा व्यक्तिका सङ्कीर्ण विचारहरू अधिकाधिक बढ्दै जाने छन् । यिनै कुराप्रति चिन्तित हुदै कविले समाजमा एउटा इमान्दारिता कर्तव्यनिष्ठताको शिक्षा दिन इमान्दार काजीको पवित्र भावनालाई समेटेर कथावस्तु अगाडि बढाएका छन् । मान्छे मनले गरिब हुनुहुदैन धनको गरिबी एक न एकदिन अवश्य पनि हट्छ भन्ने कुरालाई कविले उल्लेख गर्न खोजेका छन् । धनी वर्गले गर्ने गरिबसँगको व्यवहारलाई उदाङ्ग देखाइएको छ । हाम्रो समाजमा अल्पसंख्यक सम्पन्न वर्गले बहुसंख्यक

निम्नवर्गलाई दबाएर राखेको यथार्थतालाई पनि यस खण्डकाव्यले देखाएको छ ।

स्वार्थले गर्दा नै आमा, बुबासँगको नाता पर भएको छ भने अन्यहरूसँग गाँसिने कुरै उठ्दैन । यसरी नाता सम्बन्ध नै विच्छेद गर्ने मूलकारण पैसा बनेको छ । पैसामुखी प्रवृत्तिले गर्दा समाजको मुल्य मान्यता नै रहेको छैन । 'छन् गेडा सबै मेरा छैनन् गेडा सबै टेढा' भने झैं पैसाले गर्दा कतै काजीजस्ता तमाम गरिब नेपालीहरूका उदार हृदय पिल्सिएका छन् भने कतै-कतै छलकपट गर्नेहरू पुजिएका छन् । त्यसैले समाज र व्यक्ति बीचको भिन्नता वा दूरीलाई प्रष्ट पार्ने काम यस खण्डकाव्यले गरेको छ । यसप्रकार यो खण्डकाव्यमा धनी गरिब बीच भइरहेको व्यवहार तथा एउटा गरिबले कसरी प्रगति गरेर आफ्नो जीवन सुखमय बनाउन सक्छ भन्ने कुराको समेत विवरण अभिव्यक्त गरिएको छ । परिश्रमी नेपालीको जातीय गौरवलाई उठाउने काम गरिएको छ ।

### ४.१.७ दृष्टिविन्दु

दृष्टि बिन्दुले कविताको भावलाई पाठक समक्ष पुऱ्याउँछ । 'समाख्याताले भाव वा विचार चरित्र, कार्यव्यापार, परिवेश आदिलाई पाठक समक्ष उपस्थापन गर्ने पद्धति वा कथन भूमि नै दृष्टिविन्दु हो' ।[२५] दृष्टिविन्दु दुई प्रकारका हुन्छन् आन्तरिक दृष्टिविन्दु र बाह्य दृष्टिविन्दु । कवि कडूको यस 'नमस्कार भनिदिउँला' खण्डकाव्यमा पनि दुवै दृष्टिविन्दुको प्रयोग भएको छ । यसका केही उदाहरणहरू यस प्रकार रहेका छन् -

(१) यौटा पर्वतको मनोहर निकै विस्तीर्ण त्यो गाउँमा ।
भिन्ना भिन्न स्वजाति मानवहरू बस्थे त्यहीं ठाउँमा
ठूलो गाउँ थियो त्यहाँ चउरमा छाप्रो बनाइ कन
ज्यादै दीन र हिनको बखतमा बस्थ्यो कुनै सज्जन ॥ (पृ. १)

(२) पत्नी साथ थिइन् थिएन सँगमा छोरा र छोरी कुनै
पीडामा पनि छैन मद्दत दिने आफ्नो हितैषी कुनै
नाना काम गरेर ती दिन दिनै खान्थे दुवै दम्पत्ति
छाप्रेबास थियो थिएन तिनको बाँकि कुनै सम्पत्ति । (पृ. १)

---

२५. लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताका प्रवृत्ति**, पूर्ववत् पृ. २४८ ।

(३) काजी सज्जन ती गरीब घरमा पैदा भएका थिए ।
स्वार्थी मानिसबाट गाउँघरमा निचा परेका थिए ॥ (पृ. १)

(४) जो आज्ञा छ हजुर तत्पर भई मेरो शिरोधार्य छ ।
जो निर्देश मिल्यो हजुर अहिले अत्यन्त स्वीकार छ ।
वार्तासाथ हुदाँ हुदैं समयमा आयो अध्याँरो पनि
खाने काम गरेर पल्टिन गए साहु र सेवी अनि ॥ (पृ. ७)

यहाँ पहिलो, दोस्रो र तेस्रो उदाहरणमा कविले काजी नाम गरेको केटाको अवस्थाका बारेमा स्वयंले जाने बुझे जस्तो गरी वर्णन गरिएकोले तृतीयपुरूष सर्वज्ञ दृष्टि बिन्दुको प्रयोग भएको छ । खण्डकाव्यको मध्य भागमा फेरि दृष्टिबिन्दु परिवर्तन भएको छ । चौथो उदाहरणमा समाख्याता 'म' हो । यसमा प्रथमपुरूष दृष्टिबिन्दुको प्रयोग भएको छ । यसमा 'म' समाख्याता बनेर आफ्ना भावहरू भनिरहेको छ । यसरी यस खण्डकाव्यमा आन्तरिक बाह्य दुवै दृष्टिबिन्दुको प्रयोग भएको छ । यसलाई अर्को शब्दमा कविप्रौढोक्ति र कविनिबद्ध वक्तृप्रौढोक्ति पनि भनिन्छ ।

### ४.१.८ भाषा

भावलाई प्रस्तुत गर्न भाषाको आवश्यकता पर्दछ । 'भावना अनुभूति घटना विचार आदिलाई पाठक समक्ष प्रभावकारी रूपमा सम्प्रेषण गर्ने माध्यम नै भाषा हो' ।[२६] सामान्य नेपाली भाषा भन्दा साहित्यिक नेपाली भाषा फरक किसिमको हुन्छ । यस खण्डकाव्यमा शब्द, अर्थ र वाक्यका तहमा सरलता र सरसता पाइन्छ । तत्सम आगन्तुक शब्दहरूको प्रयोगमा पनि बहु प्रचलित शब्दहरूको प्रयोग गरिएकोले यसको भाषा दुर्बोध्य किसिमको छैन ।
जस्तै :-

(१) त्यो *बेला* अनिदास <u>सम्मुख</u> गई काजी कुरा गर्दछन्
जोडी हात **हजुर** आज घरमा ***पैसा*** मिले भन्दछन् ।
**कौसीमा** म गरू सफाइ भनि त्यो गुन्द्री उठाए जब
देखे यी रूपैयाँ त्यसै **बखत**मा यी गन्न थाले तब ॥ (पृ. १५)

(२) काजीले यसरी बयान *गरदै* पैसा *थमायो* अनि
हाँस्तै हात समाति **नोट**हरू ती **क्यावात** भन्छन् पनि ।

२६. ऐजन, पृ. ५२७ ।

काजीको व्यवहार सार अतिनै सोझो हुदाँ हर्षित

हुन्छन् नोकर साधु सज्जन सरी देखेर ती गर्वित ॥ (पृ. १५)

यहाँ आएका केही श्लोकहरू मध्ये पहिलो उदाहरण र दोस्रो उदाहरणमा प्रयुक्त भाषाको प्रयोगले सम्पूर्ण खण्डकाव्यको भाषा प्रयोगलाई आँकलन गर्न सकिन्छ । यसमा तत्सम आगन्तुक र केही भाषिकाका शब्दहरू प्रयोग भएका छन् । सम्मुख, हर्षित , साधु र गर्वित तत्सम शब्द हुन् भने हजुर, पैसा, कौसी, बखत, नोट र क्यावात आगन्तुक हुन् र गरदै, बेला आदि शब्दहरूमा भाषिकाको प्रयोग पनि भएको छ । यसरी विभिन्न श्रोतबाट शब्दहरू छनोट गरिए पनि शब्द र अर्थका तहमा सरलता नै रहेको देखिन्छ । यसरी वाक्य तहमा पनि संयुक्त र मिश्र वाक्यको प्रयोग गरेर पनि भावमा अप्ठ्यारोपन देखिएको छैन ।

## ४.१.९ शैली

अभिव्यक्तिलाई प्रस्तुत गर्ने तरिका नै शैली हो । 'भाषिक एकाइको सौन्दर्य बोधक समुच्चय हुने र मानवका दृष्टिबाट विचलन पनि हुने रचनाकारको विशिष्ट रचना प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ' ।[२७] शैलीभित्र बिम्ब, प्रतीक, अलङ्कार र लयविधान पर्दछन् ।

### ४.१.९.१ बिम्ब

कविता वा खण्डकाव्यमा बिम्बको प्रयोग गरिएको हुन्छ । 'सर्जकका मानस पटलमा रहेको मानसिक तस्वीरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषालाई बिम्ब भनिन्छ' ।[२८] यस खण्डकाव्यमा प्रयुक्त केही बिम्ब यसप्रकार छन् :

यौटा पर्वतको मनोहर निकै विस्तीर्ण त्यो गाउँमा

भिन्ना भिन्न स्वजाति मानवहरू बस्थे त्यही ठाउँमा ।

ठूलो गाउँ थियो त्यहाँ चउरमा छाप्रो बनाइकन

ज्यादै दीन र हीनको बखतमा बस्थ्यो कुनै सज्जन ॥ (पृ. १)

यहाँ बाह्य सङ्केतित अर्थका रूपमा ग्राम्य बिम्बको चित्रण पाइन्छ । यसमा ग्राम्य बिम्बका माध्यमबाट नेपाल भन्ने अर्थ बुझाउँछ । पर्वत हिमाल विभिन्न जातजातिका मानिसको बसोबास गरिवी आदि सन्दर्भहरू ग्राम्य बिम्बका यथार्थ चित्र हुन् ।

---

२७. ऐजन, पृ ५३६ ।

२८. ऐजन, पृ ५६२ ।

### ४.१.९.२ प्रतीक

प्रतिकको अर्थ सङ्केत हो । 'कुनै सूक्ष्म कुरा अभिव्यक्त गर्नका लागि कुनै स्थूल वस्तुको चयन गर्नु प्रतीक विधान हो' ।[२९] प्रतीकले सामान्य भन्दा भिन्नै अर्थ दिने हुनाले यो अरू सङ्केतहरू भन्दा नितान्त भिन्न छ । यस 'नमस्कार भनिदिउँला' खण्डकाव्यमा प्रतीकको प्रयोग त्यति भएको पाइदैन तर फाट्ट-फुट्ट रूपमा सामान्य प्रयोग भएको देखिन्छ ।

जे जे कार्य गराउँथे जनहरू ती ती सबै गर्दथ्यो ।
दिन्थे जो रूपिया जहाँ जति सुकै निर्वाद स्वीकार्दथ्यो ॥ (पृ. १)

यहाँ काजी एक शोषित वर्गको प्रतीकको रूपमा आएको छ । यहाँ जति थोरै दिए पनि निर्विवाद चुपचाप स्वीकार गर्नुले निरकुंश शासन सत्ताको पनि सङ्केत छ । जुन बेला नेपालीहरू बोल्न सक्ने अवस्थामा थिएनन् ।

### ४.१.९.३ अलङ्कार

अलङ्कार भनेको आभूषण हो । 'शब्दसौन्दर्य र अर्थसौन्दर्यद्वारा भावलाई अलङ्कृत पार्ने काव्यको आकर्षक तत्वलाई अलङ्कार भानिन्छ' ।[३०] अलङ्कारले भाषा तथा अर्थ सौन्दर्यलाई प्रखर तुल्याइदिन्छ । शब्द र अर्थमा सौन्दर्य अभिवृद्धि गर्ने भूमिकाका आधारमा अलङ्कारलाई स्थूल रूपमा शब्दालङ्कार र अर्थालङ्कार गरी दुई किसिमले वर्गीकरण गरिएको छ । प्रस्तुत खण्डकाव्यमा शब्दालङ्कार अर्थालङ्कार दुवैको सहजरूपमा प्रयोग भएको पाइन्छ । सुरूदेखि अन्त्यसम्म अनुप्रास अलङ्कारको प्रयोग भएको छ । यसमा प्रयुक्त अलङ्कारहरू यसप्रकार रहेका छन् :

(१) त्यस्तै त्यो दिनमा नितान्त अरूको निष्काम सेवा गरी
आफ्नो स्वार्थ कदापि पूर्ण नहुने सो ज्ञान गर्छन बरी
भावी जीवन अन्धकार मय झै देखेर काजी नित
भन्छन् गर्छु म नोकरी सुन प्रिये खोजेर पत्नी सित (पृ २)

(२) को भुल्यो रुपयाँ यहाँ सुकुलमा को बिर्सियो को यहाँ ।
साहु हुन कि कुनै अतिथि नै को हुन् पर्‍यो सोचमा ॥ (पृ.१४)

---

३९. ऐजन, पृ ५६७ ।

३०. दण्डी ( काव्यादर्शः) ।

(३) सुम्पेको सब कार्य अन्तिम गरी आफू स्वयंले पनि
धेरै बेर नुहाई  धोइ कपडा विश्राम गर्छन अनि ।
सारा काम सकेर फूर्सद हुँदा ती बाल क्रिडा निकै
हेर्छन् दर्शक रूपमा दिन भरि जो खेल खेल्छन् सबै ॥ (पृ. १४)

पहिलो उदाहरणमा जति काम गर्दा पनि शोषकहरूले गर्दा आगामी जीवन सुधार गर्न नसकिने अँध्यारै रहने अवस्थाको वर्णन गरिएको छ । उपमान, उपमेय र झैं बाचक शब्दको पनि प्रयोग भएको हुनाले यसमा उपमा अलङ्कार देखिन्छ । उदाहरण दुईमा सुकुलमा पैसा बिर्सिने साहु हुन् वा कुनै अतिथि नै हुन् भन्ने शङ्काको वर्णन गरिएकोले यहाँ सन्देह  अलङ्कार भएको छ । उदाहरण तीनमा एउटा नोकरले सुम्पेको काम जति गरिसकेर व्यक्तिगत सरसफाइमा लागेको यथार्थको वर्णन गरिएकाले यहाँ स्वभावोक्ति अलङ्कार भएको छ ।

### ४.१.९.४ लयविधान

लय कविताको अन्य विधाबाट अलग गराउने तत्त्व हो । 'लय भाषाको ध्वन्यात्मक स्वरूप हो र यसलाई कवितामा सुरको आरोह अवरोह एवं सङ्कुचन र व्यापारीकरणको क्रमद्वारा अनुशासित गरिन्छ' ।[३१] लय बद्ध र मुक्त गरी दुई प्रकारका   हुन्छन् ।

'नमस्कार भनिदिउँला' खण्डकाव्य  बद्धलय ढाँचाको प्रयोग गरी लेखिएको कृति हो । यसमा कुनै खण्ड वा सर्ग विभाजन गरिएको छैन । यसमा १९ अक्षरको एक पङ्क्ति, चार पङ्क्तिको एक श्लोक हुने म स ज स त त गुरु गणहरु भएको छैटौं र बाह्रौ अक्षरमा विश्राम (यति) लिइने शास्त्रीय शादूलबिक्रीडित छन्द प्रयोग भएको । सुरूदेखि अन्त्यसम्म शादूलबिक्रीडित छन्दका जम्मा १११  ओटा श्लोक  रहेका छन् ।

### ४.१.१० निष्कर्ष

'नमस्कार भनिदिउँला' खण्डकाव्य नेपालको सामाजिक आर्थिक विविधताको वर्णन गरी लेखिएको खण्डकाव्य हो । नेपालमा विविध जातजाति, भाषा, धर्म र वर्गका मानिसहरू बसोबास गर्दछन् । ती विविधताहरू मध्ये यस खण्डकाव्यले वर्गीय विभेदलाई देखाउन खोजेको छ । एउटा गरिबमा हुने सद्भावना राष्ट्रप्रेम यसमा देखाइएको छ । धनी सम्पन्न भनाउँदाहरूमा मानवीयता नरहेको कुरालाई यस खण्डकाव्यको सुरूमा उल्लेख गरेका छन् । आर्थिककै कारणले

---

३१. लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताका प्रवृत्ति**, पूर्ववत् ,पृ ५७६ ।

मानिसले भोग्नु परेका पीडा र त्यस पीडालाई सहन गरी संघर्षशील भएर काम गरी सफल जीवन यापन गर्न थालेको अवस्थाको वर्णन गरेर एउटा उदाहरणीय कृति बनेको छ । कुनै सर्ग वा खण्डमा विभाजन नगरिएको शार्दूलविक्रीडित छन्दमा लेखिएको यस खण्डकाव्यमा सुरूदेखि अन्त्यसम्म अन्त्यानुप्रासको सफल प्रयोग भएको छ । विभिन्न किसिमका बिम्ब प्रतीकको प्रयोग गरी मानवीयताको बोध गराउनु प्रस्तुत खण्डकाव्यको मूल ध्येय रहेको छ ।

## ४.२ पानी नै जीवन खण्डकाव्यको विश्लेषण

प्राकृतिक विषयवस्तुमा आधारित पानीको महत्त्व र यसको सदुपयोगको बारेमा सबैले जान्नु नितान्त आवश्यक छ भन्ने शिक्षा दिन लेखिएको यस खण्डकाव्यलाई निम्नानुसार विश्लेषण गरिएको छ ।

### ४.२.१ परिचय

**पानी नै जीवन** खण्डकाव्य २०५८ सालमा प्रकाशित कृति हो । आकारप्रकारका दृष्टिले  यो मध्यम रूपको छ । 'पानी नै जीवन' खण्डकाव्यको मुखपृष्ठ गाढा निलो र हरियो रङ्गहरूको कलात्मक तरिकाले प्रयोग गरी बादल, हिमाल, नदी, ताल, पानीमा उम्रने विरूवा, कमलको अमूर्त चित्र बनाइएको छ । जसमा पानीले विभिन्न किसिमका रूपहरू परिवर्तन गरी पृथ्वीलाई हराभरा र सुन्दर बनाउन महत्त्वपूर्ण भूमिका खेलेको कुरा यस चित्रबाट कल्पना गर्न सकिन्छ । आयामका दृष्टिले २६ पृष्ठमा संरचित यस खण्डकाव्यलाई नवीनचन्द्र बडू र प्रकाशचन्द्र बडूले प्रकाशनमा ल्याएका हुन् । यस खण्डकाव्यमा माधवप्रसाद घिमिरे, डा. हिमांशु थापा, आदिको मन्तव्य रहेको छ । प्रकृतिका रङ्गमञ्चमा देखापर्ने प्राकृतिक सम्पदामध्ये पानीको उपयोगिताको श्रृङ्खलाबद्ध कलात्मक अभिव्यक्ति नै 'पानी नै जीवन' खण्डकाव्यको बाह्य संरचना हो । यसमा स्थूल आख्यान नभएकाले आख्यानको अन्वितिसूत्र भेटिँदैन । खण्डकाव्योचित आख्यान नभए पनि यसमा रहेका श्लोक आफैमा पूर्ण छन् । एक भाव एक श्लोकमा पूर्ण भएका १०६ श्लोकमा संरचित यो काव्य रचनालाई अन्विति प्रदान गर्ने कुनै आख्यान सूत्र नभएकाले कोशकाव्यको नजिक पनि रहेको देखिन्छ । तर यसको आन्तरिक संरचना चाँहि अत्यन्त सुगठित र प्रभावकारी छ । केशव दत्त बडूका आन्तरिक अनुभूतिलाई नखज्मज्याई प्रस्तुत गरिएको छ । यसमा आन्तरिक संरचनाको प्रबलता अलङ्कार प्रयोगमा पाइन्छ । यसमा भावना र अलङ्कारबीच सन्तुलन नभेट्टाइए पनि अलङ्कार भावको समन्वितिमा

यसको आन्तरिक संरचना आधारित छ । यसमा उपमेय प्रकृति र जीवन जगत् उपमान छ । हरेक पद्यको आन्तरिक संरचना सुदृढ बनाउने क्रममा उपमा रूपक उत्प्रेक्षा आदि अलङ्कारको विशेष रूपमा प्रयोग गरिएको छ ।

यसरी यसको बनोट दुर्बल छ तर बुनोट चाहिँ सबल छ अर्थात् बाह्य संरचना फितलो भए पनि यसको आन्तरिक संरचना चाहिँ गठिलो सशक्त छ । **पानी नै जीवन** खण्डकाव्यमा प्राकृतिक सम्पदाको महत्त्व बुझेर यसको सदुपयोग गर्न सकेमा हामी सम्पन्न बन्न सक्छौँ । यसको दुरूपयोगले  विनाश हुन पनि बेर हुदैन भन्ने भावलाई यथार्थ रूपमा दर्शाएका छन् । हाम्रो जीवनमा पानीको महत्त्वलाई नै यस खण्डकाव्यले विषयवस्तु बनाएको छ । खण्डकाव्य तत्त्वका आधारमा यस खण्डकाव्यलाई निम्नलिखित किसिमले विश्लेषण गरिन्छ।

## ४.२.२ कथावस्तु

**पानी नै जीवन** नामक खण्डकाव्यमा आख्यानात्मक खण्डकाव्यको जस्तो स्पष्ट कथावस्तु छैन । बडूले रचना गरेको खण्डकाव्यको कथावस्तु प्रकृतिपरक छ । यसमा प्रकृतिका विविध सम्पदाहरू मध्ये पानीको उपयोगिता र महत्त्वलाई कथावस्तु बनाएर परिष्कारवादी काव्यात्मक अभिव्यक्ति प्रदान गरिएको छ । यसमा मुख्यतया प्रकृति चित्रण सँग-सँगै समाजिक, सांस्कृतिक, नैतिक र आध्यात्मिक सन्दर्भहरूलाई सम्पुटित तुल्याइएको  छ । यसमा पानीको महत्त्व र उपयोगिता दर्शाउँदै मौसम अनुसार पानीको वर्षाइ र मूलहरूको कारणले स्थान स्थानमा पार्ने प्रभाव, स्थानगत परिवर्तनबाट वनस्पति जगतमा देखापर्ने असर, यसको उपयोग गर्न नसकेमा आउन सक्ने खतरा र यसको उपयोग गर्न सकेमा यसबाट हुने सम्भावित विकास, यसैका भरमा प्राणीजगत बाँचेको यथार्थतालाई यस खण्डकाव्यमा कलात्मक तरिकाले प्रस्तुत गरिएको छ । यी सबै परिवर्तनबाट मानव मानवेतर प्राणीका  गतिविधि कार्यकलाप स्वभाव आदिमा झल्कने प्राकृतिक सम्पदालाई चिनाउन यस खण्डकाव्यको कथावस्तु आएको छ । यो आख्यानात्मक नभएको हुनाले कथावस्तु विकासका चरणहरू छुट्याइएको छैन ।

## ४.२.३ विषयवस्तु

**पानी नै जीवन** प्राकृतिक विषयवस्तुमा आधारित खण्डकाव्य हो । यसमा कवि बडूले पानीलाई जीवनका रूपमा प्रस्तुत गरेका छन् । उनले वर्णनका क्रममा पानीका विविधतापूर्ण अवस्था र तिनबाट प्रभावित हुँदै देखापर्न गएका परिवर्तनहरू अनि ती परिवर्तनहरूको परिणामका रूपमा देखापर्ने विभिन्न अवस्थाहरूलाई  जीवनसँग  सम्बन्धित बनाएर  प्रस्तुत गर्न

खोजेका छन् । यसमा विषयवस्तुका निम्नलिखित स्वरूप पाइन्छन् :

क) प्रकृति चित्रण

ख) सामाजिक चित्रण

ग) धर्म-संस्कृतिको चित्रण

घ) पानीको उपयोगिता र महत्त्वको वर्णन

**क) प्रकृति चित्रण**

एसियाको माझमा रहेको सगरमाथाको देश भनेर चिनिने नेपाल प्राकृतिक सम्पदाको धनी मानिन्छ । चारै तिरबाट जमिनले घेरेको समुद्री सीमानालाई नछोएको हुनाले यसलाई भूपरिवेष्ठित देश भनिन्छ । यसै गरी नेपाल प्राकृतिक सम्पदाको धनी देश हो । त्यसमा पनि पानीको हिसाबले विश्वकै दोस्रो धनी देश भनेर चिनिन्छ ।

नेपाली जनको अहो प्रकृतिले आभा बढाइ दियो
पानी जीवनको यहाँ सगरमाथा त्यो उठाइदियो ।
त्यस्तै पर्वत निम्न छन् अरू यहाँ त्यो उत्तरी भेगमा
बस्छन् स्वच्छ हावा चलाई लहरै नेपाल यो देशमा ॥ (पृ. २०)

यसमा सुन्दर नेपालीहरूको आभालाई अझ बढाउने काम नेपाली प्रकृतिले गरेको कुरा उल्लेख गरेका छन् । विश्वकै सर्वोच्च शिखर सगरमाथा र अन्य त्यस्तै पर्वत श्रृङ्खलाहरू त्यस ठाउँको हरियाली आदिले गर्दा नेपाललाई अझै सुन्दर र विश्व-विख्यात बनाउने काम गरेको छ । ती हरिया डाँडा-काँडाहरूबाट कस्तुरीको सुगन्ध सहित बहेको स्वच्छ चिसो हावा पानि हाम्रो नेपालमा पाइन्छ । यसरी प्रकृतिको वर्णन सँग-सँगै राष्ट्रियतालाई पनि यसमा देखाउन खोजेका छन् ।

नेपाली थल दर्शनीय हुनुमा सर्वोच्च त्यो पर्वत
ज्यादै श्रेष्ठ छ विश्वमा सगरमाथा नामको चर्चित ।
त्यस्तै झिल र दर्शनीय झरना नेपालमा दीव्य छन्
यी सम्पूर्ण स्वदेशमा प्रकृतिका अत्यन्त लालित्य छन् ॥ (पृ. २२)

यसरी प्राकृतिक सौन्दर्यताको वर्णन गर्ने क्रममा उनले धेरैजसो सर्वोच्च शिखर सगरमाथालाई ठाउँ ठाउँमा उल्लेख गर्दै नेपाली प्रकृतिलाई अझ दर्शनीय बनाउने काम यहाँ भएका झील, झरना, खोला, नाला, र एक चोटी आएपछि घर फर्कन बिर्सने वसन्तऋृतु पनि

मोहित हुने यस नेपाली प्रकृतिलाई उनले अत्यन्त लालित्य हेर्नलायक छ भनी उल्लेख गरेका छन् । यसरी प्रकृतिको वर्णन गर्ने क्रममा -

खोला सिन्धु तलाउ निर्झर नदी जम्मै पुरिन्छन् जब
हुन्छन् हर्ष असौजमा कृषक झैं प्राणीहरू ती सब ।
पानीका यदि श्रोत उद्गमहरू दुब्लाउदै बग्दछन्
नारी ती विधवा सरी जनहरू संकष्टमा पर्दछन् ॥ (पृ. १३)

यहाँ वर्षाकाल र वर्षाकालको अन्तिम समयको अवस्थालाई वर्णन गरिएको छ । जब वर्षायाममा खोला नदी ताल तलैया सबै पानीले पुरिन्छन् तब सबै प्राणीहरू खुशी हुन्छन् । प्रकति नै सबैतिर हराभरा हुन्छ । त्यसैले पनि जसरी असोजमा कृषकहरू अन्नले भरिभराउ भएर खुशी हुन्छन्  त्यसै गरी नै सबै प्राणीहरूको जीवन पानी भएकाले सबै प्राणीहरू पानी हुँदा खुशी हुन्छन् । यहाँ उपमानका रूपमा कृषक उपमेयका रूपमा अन्यप्राणीहरू रहेका छन् । झैं वाचक शब्दको प्रयोग भएकाले यहाँ उपमा अलङ्कार सहजरूपमा देखिएको छ । त्यतिमात्र नभई के हुँदा प्रकृतिको सौन्दर्य घट्छ भन्ने कुरालाई पनि मानवीकरण गरेर दर्शाएका छन् । प्रकृतिलाई सुन्दर बनाउने पानीका मूलहरू सुक्दै गएमा प्राकृतिक सौन्दर्यता पनि घट्दै जान्छ र मानिस लगायत प्राणीहरू संकटमा पर्न सक्छन् । त्यसकारण यसलाई जोगाएर राख्नु पर्दछ भन्ने भाव व्यक्त गरेका छन् ।

**ख) सामाजिक चित्रण**

'पानी नै जीवन' मूलतः प्रकृति काव्य हो । यसमा प्रकृति चित्रण गर्ने सन्दर्भमा जीवन जगतका केही पक्षको समावेश गरिएको छ । प्रकृतिकाव्य भए पनि यसमा प्रकृतिका माध्यमबाट नेपाली समाज र सामाजिकतालाई देखाइएको छ ।

पार्टीमा अनि भोजमा अतिथिको सेवा र सत्कारमा
पानी जान्छ अगाडि सेवक भई सर्वत्र व्यौहारमा । (पृ. १०)

यसरी यहाँ नेपालीहरूको अतिथि सत्कारको पहिलो चरणलाई प्रस्तुत गर्दै सामाजिक संस्कारलाई प्रस्तुत गरिएको छ । यसैगरी उनले नेपाली समाजको सभ्यतालाई, संस्कार र सुन्दरतालाई यस प्रकार उल्लेख गरेका छन् :

पानी स्वच्छ हावा व्यवस्थित कुरा नेपालमा पाउँछन्
वर्षेनी तब धेर पर्यटक नै नेपालमा आउँछन् ।

नेपाली जनले पर्यटकको सेवा गरेमा सदा

राम्रै अर्थ विकास हुन्छ जहिले नेपाल कै सर्वदा ॥ (पृ. २२)

जातीय विविधता भए पनि सबै नेपालीहरू वा नेपाली समाज अतिथि सत्कार भने पछि हुरूक्कै हुन्छन् । त्यही अतिथि सत्कारको परम्परालाई देखेर विदेशी पाहुनाहरू नेपालमा आउने गर्दछन् । अतिथिको सेवा नै परम धर्म ठान्ने 'अतिथि देवोभवः' को मूल मन्त्रलाई आत्मसाथ गर्ने नेपाली समाजलाई प्रस्तुत श्लोकले स्पष्ट पारेको छ । कविले पाहुना सत्कारलाई निरन्तरता दिन पनि आग्रह गरेका छन् । यसबाट देशविकासलाई अग्रगतिमा बढाउन टेवा मिल्ने कुरामा विश्वस्त छन् । बडूले नेपाली समाजको चित्रण गर्ने क्रममा यसरी प्रस्तुत गरेका छन् :

खेतीकार्य हुँदा किसानीहरू ती आकासमा हेर्दछन् ।

कालोबादल निष्कदा हृदयमा प्रशन्नता भर्दछन् ।

धर्तीमा जल वर्षदा रिमझिमे नाच्छन् किसानी सबै

नौलो रूप फलाउने लहरमा प्रफूल्लता साथमा ॥ (पृ. १९)

नेपाल कृषि प्रधान देश हो । यहाँका धेरैजसो मानिसहरू कृषि पेसामा आबद्ध छन् । कृषिका लागि बेलाबखतमा पानी परेमा उब्जनी पनि राम्रो हुन्छ । असारमा त पानीले किसानहरूको प्राणको काम गरेको हुन्छ । पानी पऱ्यो भने सबै किसानहरू रमाएर असार महिनामा एक किसिमको नौलो आशा बोकेर उमङ्गसाथ खेत गराहरूमा गएर कृषिकार्यमा व्यस्त रहन आनन्द मान्दछन् । नयाँ आशा र स्फूर्तिका साथ सबै प्रशन्न भएर नाच्न थाल्दछन् ।

**ग) धर्म संस्कृतिको चित्रण**

सांस्कृतिक चित्रणका दृष्टिले पनि यो खण्डकाव्य महत्त्वपूर्ण छ । समाज चित्रणकै क्रममा यसमा सांस्कृतिक चेतनाको चित्रण हुन पुगेकोछ । समाजमा जरो गाडेर रहेको हिन्दु आर्य संस्कृतिको महिमागान कविले यस प्रकार गरेका छन् :

मन्त्रोच्चारण बाट आचमनले पानी अचार्यौ भने

यो आध्यात्मिक दृष्टिले हृदयको मैलो पखाल्यौ भने ।

आत्मा हुन्छ विशुद्ध शुद्ध अनि त्यो शंका नलेउ भनी

भन्छन शास्त्र पुराण गर्वित भई निर्देश साक्षी बनी ॥ (पृ. १५)

हिन्दुहरू दैनिक बिहान बेलुका सन्ध्यापाठ गर्दछन् एक क्षणका लागि भए पनि उनीहरूले त्यो एक आचमन पानीले ओ-आफ्नो हृदयको मैलो पखालेको अनुभव गर्दछन् भन्ने

कुरामा विश्वास राख्दछन् । शास्त्रपुराणहरूमा विश्वास राख्ने परिपाटीलाई यसमा देखाउन खोजेका छन् ।

एकोहोरो परोपकार जगमा प्राणीहरूको गरी

बग्दै जान्छ नथामिइ सलिल त्यो ठूला महात्मा सरी । (पृ. ४)

यसका माध्यमबाट कवि बडूले स्वार्थरहित परोपकार नै सबै भन्दा ठूलो धर्म हो । जुन हाम्रो धार्मिक ग्रन्थमा पनि उल्लेख गरिएको छ । त्यसैलाई बडूले प्राकृतिक चित्रणबाट उल्लेख गरेका छन् । महान् आत्मा भएका मानिसहरू कुनै किसिमको सांसारिक माया-मोहको जालमा नफसी सिद्धिप्राप्तिमा लाग्दछन् । त्यसैगरी पानी पनि अर्काको सेवामा एकोहोरो रूपमा नथामिइकन बगिरन्छ । यसरी उनले पनि खण्डकाव्यका माध्यमबाट धर्म संस्कृतिलाई देखाउँदै धार्मिक र नैतिक शिक्षा दिन खोजेका छन् ।

**घ) पानीको महत्त्व र उपयोगिताको वर्णन**

पानीको महत्त्व र उपयोगितालाई यस खण्डकाव्यको शीर्षकले नै स्पष्ट पारेको छ । **पानी नै जीवन** पानी जीवन हो यो बिना सजिव प्राणीहरू बाँच्न सक्दैनन् । पानी जीवनको पलपलमा आवश्यक हुने वस्तु हो । पानीको महत्त्वलाई दर्शाउने क्रममा कविले पहिलो श्लोकमै यसरी वर्णन गरेका छन् :

पानी जीवन हो सजीवहरूको जो ज्यान जोगाउने

नाना खाद्य पदार्थ यो भूवनमा सम्पूर्ण उब्जाउने ।

पानी मानवको दिनानु दिनको हो यत्नको सम्पत्ति

पानी जीवन व्यक्तिको सहजले धान्नेछ सर्वोषधि ॥ (पृ. १)

यहाँ कविले पानी जीवन हो भनी आरोप गरिएको छ । यसले सजीवहरूको ज्यान जोगाउँछ । प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा पानी हाम्रो जीवनका लागि आवश्यक कुरा हो । हामीले खाने नाना खाद्य पदार्थहरू पनि पानीमै आश्रित छन् । पानी हामीलाई दैनिक आवश्यक हुन्छ । यसले प्राणीहरूको जीवन धान्न सबै प्रकारका औषधीहरूको काम गरेको छ । गाडीतुल्य यस शरीरमा पानीले पेट्रोलको काम गरेको हुन्छ र हाम्रो जीवनको गाडी अगाडि बढिरहेको हुन्छ । कविले पानीकै महत्त्व दर्शाउने क्रममा एक ठाउँमा यसरी वर्णन गरेका छन् -

पानी दीव्य पदार्थ हो प्रथम यो जो सृष्टिको मुल हो ।

लक्ष्मी हर्ष गराउने सुख दिने विश्वको फूल हो । (पृ. १)

यो संसारको सृष्टिकर्ताले पनि पानीमा जन्म लिएका हुन भन्ने कुरा हाम्रो धार्मिक पौराणिक ग्रन्थहरूमा उल्लेख छ । पानीमा कमल, कमलबाट ब्रह्मा उत्पत्ति भई उहाँले नै यो संसारको सृष्टि गरेका हुन् । त्यसैले सृष्टिको मूलआधार पनि पानी नै हो । पानी आफैमा पवित्र र शुद्ध दीव्य वस्तु हो । यसले सहजै लक्ष्मीलाई खुशी पार्न सक्दछ । लक्ष्मी हर्ष भइन् भने मानव जीवन सुखी हुन्छ । त्यसकारण मानव जीवनको सुखको आधार पनि पानी नै हो भनेर उनले यो खण्डकाव्य भरी नै पानीको महत्त्वलाई ठाउँ ठाउँमा दर्शाएका छन् । कवि बडूले यस खण्डकाव्यमा पानीको उपयोगिताका बारेमा पनि कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् । पानीको उपयोगिताको बारेमा कविले यसरी वर्णन गरेका छन् -

प्रातः काल उठेर मानवहरू धारा नदी पोखरी
घैटाको नित पर्दछन् शरणमा खोज्दै गरी बेसरी ।
हाम्रो कार्य कही जल बिना बन्दैन त्यो सार्थक
पानी जीवनको हरेक क्षणमा त्यो हुन्छ आवश्यक ॥ (पृ. १५)

बिहान उठेदेखि नै पानीको प्रयोग गर्नुपर्दछ । हाम्रो दैनिक कार्य पानीबाट नै सुरू हुन्छ । जीवनका हरेक क्षणमा पानीको नै उपयोग गर्नुपर्ने हुन्छ । जस्तै टिका चन्दन लगाउँदा, सङ्कल्प गर्दा, खाँदा, हात खुट्टा मुख धुँदा, वस्त्र सफा गर्दा, नुहाउँदा, सौचादिकार्यमा पनि पानी नै चाहिन्छ । खेतिपातीको कार्य, विजुली निकाल्न, कलकारखाना चलाउन आदिकार्यको लागि पानी नै आवश्यक हुन्छ भन्ने कुरा यसमा देखाउन खोजेको छ । यस्तो आवश्यक पर्ने पानीलाई हामीले सुसंरक्षण र सुसम्वर्धन गर्नुपर्दछ । यसले नै हाम्रो जीवनलाई उच्च पदमा पुऱ्याउन सहयाोग  गर्दछ । पानीकै कारण आज विश्वका विकसित मूलुकहरू कहाँ देखि कहाँ पुगीसके । त्यसैले हामीले पनि देशविकासका लागि यो अमृतमय पानीको महत्त्व र उपयोगितालाई बुझेर प्रयोग गर्न सक्नु पर्दछ भन्ने भाव कविले व्यक्त गरेका छन् ।

## ४.२.४ पात्र विधान

कथावस्तुलाई अगाडि बढाउने काममा पात्रको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । बडूको यो **पानी नै जीवन** खण्डकाव्य कुनै आख्यान भएको खण्डकाव्य नभएकोले यसमा पात्रहरूको प्रयोग पनि देखिदैन तर प्रकृति चित्रणका क्रममा उनले पानीलाई मुख्य विषयवस्तु बनाएर पानी कै बारेमा आदिदेखि अन्तसम्म वर्णन गरिएको हुनाले पानीलाई पात्र मान्न सकिन्छ । यसमा सजीव मानवीय पात्र प्रयोग भएको देखिदैन । यो खण्डकाव्य पात्र विधानका दृष्टिले लेखनाथ

पौड्यालको ऋतुविचार खण्डकाव्यसँग मिल्दोजुल्दो छ । जसरी लेखनाथ पौड्यालले त्यसमा छवटै ऋतुहरूलाई पात्रका रूपमा राखिएको छ । त्यसै गरी यस खण्डकाव्यमा पनि पानीलाई पात्रका रूपमा प्रयोग गरिएको छ । यो खण्डकाव्य पूर्वीय खण्डकाव्य सिद्धान्त अनुसार पात्र विधानका दृष्टिले दूर्बल देखिन्छ ।

### ४.२.५ परिवेश

परिवेश पनि खण्डकाव्यको अर्को महत्त्वपूर्ण तत्त्व हो । परिवेश भन्नाले घटनास्थल हो । यस खण्डकाव्यमा कुनै पात्र र घटना स्पष्ट नभएकोले स्पष्ट परिवेश पनि छैन तर पनि पानीकै महत्त्व र उपयोगितालाई वर्णन गर्ने क्रममा उनले नेपाली समाज, संस्कृति, हिमाल, पहाड, खोला नाला, पाखा, पर्वत, भिल, झरना, कुण्ड आदि स्थानहरूको वर्णन गरिएको हुनाले यिनै ठाउँहरूलाई परिवेश मान्न सकिन्छ । जस्तै

नेपाली थल दर्शनीय हुनुमा सर्वोच्च त्यो पर्वत
ज्यादै श्रेष्ठ छ विश्वमा सगरमाथा नामको चर्चित ।
त्यस्तै झील र दर्शनीय झरना नेपालमा दीव्य छन्
यी सम्पूर्ण स्वदेशमा प्रकृतिका अत्यन्त लालित्य छन् ॥ (पृ. २२)

यसरी नेपालका विभिन्न स्थानहरूको वर्णन गरिएको हुनाले नेपाली परिवेशमा लेखिएको खण्डकाव्य हो ।

### ४.२.६ मूलभाव वा उद्देश्य

केशव दत्त बडू स्वच्छन्दतावादी कवि हुन् । स्वच्छन्दतावादी कविहरू आफ्ना कवितामा स्वच्छन्द शैलीमा प्रकृतिप्रेम र मानवतावादको प्रस्तुति गर्दछन् । बडूभित्र रहेको देशप्रेम र प्रकृतिप्रेमको अभिव्यक्ति यस खण्डकाव्यमा अभिव्यक्त भएको छ । हाम्रो देशमा रहेका ती जलश्रोत र सम्पदाहरू समुचित प्रयोग गरी हाम्रो देशलाई विश्वका सभ्य र सम्पन्नशाली देशहरूको सामुमा उभ्याउन सकिने भाव व्यक्त गर्दछन् । मानव सभ्यताको विकासका क्रममा सबभन्दा महत्त्वपूर्ण भूमिका पानीको रहेको छ । पानीबाट आज संसारमा ठूल्ठूला कलकारखाना यातायात बिजुली सञ्चार कम्प्यूटर जस्ता मानवीय यन्त्रहरू निर्मित भएर मानवीय आवश्यकताका साधनहरू सञ्चालित भएका छन् । यिनै यान्त्रिक साधनहरूको उपयोगबाट

संसारका धेरैजसो मूलुकहरू सभ्य एवं सम्पन्नशाली हुन सफल भएका छन् । त्यसैले कवि भन्दछन् -

आत्मायन्त्र चलाउने जल महा यो चाल हो सासको
पानी जीवन हो बचाउन सके यो अन्नको बास हो ।
पानी मात्र छ सर्व कर्म पथमा यो प्राणको साधन
गंगा विष्णु मति जसै नद नदी नारायणी भ्यो नमः ॥ (पृ. २६)

वास्तवमा पानी नै जीवन हो । धर्तीबाट उपलब्ध समस्त मानिसहरूका उपभोग्य वस्तुहरूमा पानी नै श्रेयस्कर वस्तु रहेको छ । किन भने पानी नै सम्पूर्ण कर्ममा प्रयोग गरिन्छ । पानीबिना मानवीय आवश्यकताहरू पूर्ण हुदैनन् । त्यसैले पानीबिनाको जीवन पनि सम्भव हुदैन । पानीबाट जीवनदान मिल्दछ । यस्तो जीवनदाताको सदैव मानवले संरक्षण एवं सम्बर्द्धन गर्नु नितान्त आवश्यक छ । त्यसैले भनिएको छ :

पानीको बिना सारतार कहिल्यै चल्दैन संसारमा
पानीको बिन कारबार पनि त्यो सर्दैन सम्भारमा ।
चक्का जाम सरी सदा जल बिना संसार चल्दैन यो
फेरी हर्ष भएर ने कुसुमको उद्यान फुल्दैन त्यो ॥ (पृ. ९)

वास्तवमा संसारको सर्वोच्च शिखर सगरमाथा हाम्रो देशमा अवस्थित भएकाले हामी सम्पूर्ण नेपालीले आफैलाई धन्य सम्झनु पर्दछ । यसका अतिरिक्त हाम्रो देशमा पर्वत नदी झील झरना पोखरीहरूले पनि स्थान पाएर नेपालको वातावरणलाई अनुकूल पार्नुका साथै नेपालको सौन्दर्यतामा अगाधप्रेम दर्शाएका छन् । त्यसैले हामी सम्पूर्ण नेपालीहरूले ती सम्पूर्ण श्रोतहरूको समुचित प्रयोगबाट नेपालमा विभिन्न प्रकारका उद्योगधन्दा कलकारखाना विजुली आदि निर्माण गरेर नेपाललाई विश्वमा चिनाउन सक्नुपर्दछ । अनि मात्र नेपालको गौरवगाथा गाइनेछ भन्ने भाव यस खण्डकाव्य मार्फत सरल सहज भाषाशैलीको प्रयोग गरी व्यक्त गरेका छन् ।

## ४.२.७ दृष्टिविन्दु

'पानी नै जीवन' खण्डकाव्यमा प्रकृति सम्बन्धी विषयवस्तुको  कथयिताको रूपमा स्वयं केशव दत्त बडू उपस्थित भएका छन् । उनको कवि प्रौढोक्तिको रूपमा यो खण्डकाव्य आएको छ । कुनै खण्ड वा सर्गमा विभाजन नगरिएको खण्डकाव्यको अन्तिम चरणमा उनले

छन्द पनि परिवर्तन गरेर तृतीय पुरूष एक वचन वक्ताको भूमिकामा आफूलाई प्रस्तुत गरी कवि बडूको पानी सम्बन्धी मुख्य विषयवस्तुको वर्णनात्मक उक्तिका रूपमा यो खण्डकाव्य संगठित भई पूर्ण भएको हुँदा यसमा कविप्रौढोक्तिको ढाँचामा प्रयोग भएको स्वतः स्पष्ट छ ।

पानीमा जलजीव जीवन भरी पौडेर नाना थरी
खाने व्यञ्जन जोड्दछन् घरी घरी जीवन्तमा बेसरी ।
योगी तापसी ती दिनानुदिनको रोटी विना बाँच्दछन्
आत्मा यन्त्र चलाउने जल विना चोला छिटै साट्दछन् ॥ (पृ. ९)

यसरी कविले आफ्ना अनुभूतिहरूलाई आफैले स्वयं वर्णन गरेको हुनाले सर्वज्ञ वाह्य दृष्टि विन्दुको प्रयोग भएको देखिन्छ ।

### ४.२.८ भाषा

भाषा अभिव्यक्तिको माध्यम हो । आफ्ना अनुभूतिहरूलाई अरूसमक्ष पुऱ्याउन भाषाको प्रयोग गरिन्छ । भाषा खण्डकाव्यको अनिवार्य तत्त्व हो । कृतिको भाषा सरल भएमा बोधगम्य हुन्छ र सबैले त्यसबाट शिक्षा लिन सक्दछन् । कवि बडूले रचना गरेको **पानी नै जीवन** खण्डकाव्यको भाषा पनि सरल, सहज र सम्प्रेषणीय छ । स्तरीय नेपाली भाषाका शब्दहरू प्रयोग गरिएकाले सबै नेपाली पाठकका लागि बोधगम्य छ ।
जस्तै

पानी हो धरती **समान जननी** यो सृष्टिको **बीज** हो
**तस्मात** *खर्च फजुल* गर्न नहुने यो **प्रेम**को चिज हो ।
पानी **पोषण तत्त्व**को **प्रमुख** त्यो **भण्डार** हो **उत्तम**
पानी **मानव सभ्यता चरण**को **सोपान सर्वोत्तम** ॥ (पृ. १)

यसमा प्रयोग भएका समान, जननी, बीज,तस्मात, पोषण, प्रमुख, भण्डार, उत्तम, मानव, सभ्यता, चरण, सोपान सर्वोत्त आदि तत्सम शब्द र खर्च, फजुल,आदि आगन्तुक शब्दहरू प्रयोग भए पनि बोलचालमै आएका शब्दहरू भएका हुनाले भावमा कठिनाई छैन । यो खण्डकाव्यमा पद विचलनको अवस्था देखिए पनि शब्द, अर्थ र वाक्य तीनै तहमा सरलता भएको हुनाले सामान्य पाठकका लागि पनि बुझ्न सजिलो छ ।

## ४.२.९ शैली

शैलीले नै कविको निजी व्यक्तित्वलाई झल्काउने काम गर्दछ । भाषा र भावलाई मिलाएर प्रस्तुत गर्नु नै शैली हो । शैली कविहरूको अलग-अलग हुन्छ । शैलीभित्र विभिन्न कुराहरू पर्दछन् र तीमध्ये बिम्ब, प्रतीक, अलङ्कार र लयलाई प्रमुख मानिन्छ ।

### ४.२.९.१ बिम्ब

कविता वा खण्डकाव्यमा बिम्बको प्रयोग गरिएको हुन्छ । यस खण्डकाव्यमा प्रयोग भएको बिम्बलाई यस प्रकार देखाइएको छ :

मन्त्रोच्चारणबाट आचमनले पानी अचार्यौ भने
यो आध्यात्मिक दृष्टिले हृदयको मैलो पखाल्यौ भने ।
आत्मा हुन्छ विशुद्ध शुद्ध अनि त्यो शंका  नलेउ भनी
भन्छन् शास्त्र पुराण गर्वित भई निर्दोश साक्षी बनी ॥ (पृ. १५)

यस कवितांशमा हाम्रो हिन्दुसंस्कारको परम्परित सांस्कृतिक प्रतिच्छवि उतारिएको छ । त्रिकाल सन्ध्या गर्ने परम्परा, सन्ध्यापाठ गर्दा आचमनले पानी लिने कुरा, त्यसले मनलाई शुद्ध बनाउने कुरामा विश्वास राख्नु जस्ता सांस्कृतिक बिम्ब चित्र उतारिएको छ ।

### ४.२.९.२ प्रतीक

प्रतीकको अर्थ सङ्केत हो । प्रतीकले पनि सूक्ष्म कुरालाई दर्शाउनका लागि स्थूलरूपमा वर्णन गर्दछ । यस खण्डकाव्यमा प्रतीकहरूको प्रयोग दुर्बल रूपमा नै गरेको छ । यस खण्डकाव्यमा वर्णन गरिएको भौतिक जगतको पानीलाई अर्को अर्थमा लिने हो भने हामीभित्र पनि जल (पानी) छ । त्यही मानसिक जल हो । हामीभित्रको ओज हो । हाम्रो हृदयको कान्ति, प्रेम, मैत्री, र करूणा हो । त्यसैले त्यो जलबिना हामी बाँच्न सक्दैनौं, त्यसको संरक्षण गर्नु पर्दछ । मानवतालाई जोगाइराख्नु पर्दछ भन्ने भाव व्यञ्जित हुन्छ । त्यसकारण समग्र भौतिक जगतको पानी हाम्रो हृदयको पानीको प्रतीक बनेर आएको छ ।

### ४.२.९.३ अलङ्कार विधान

**पानी नै जीवन** खण्डकाव्यमा शब्दालङ्कार र अर्थालङ्कार दुवैको प्रयोग भएको छ । यहाँ प्रयोग भएका अलङ्कारहरू स्वतस्फूर्त रूपमा आएका छन् । कविले राखेको होइन । यसमा

सुरूदेखि अन्त्यसम्म धेरैजसो स्वाभावोक्ति अलङ्कारको प्रयोग भएको देखिन्छ । साथै अन्य अलङ्कारहरू पनि यसमा प्रयोग भएका छन् । यसमा प्रयोग भएका अलङ्कारहरूलाई यसरी देखाउन सकिन्छ । यस खण्डकाव्यको प्रत्येक श्लोकमा अन्त्यानुप्रास कतै छुटेको छैन । अर्थालङ्कारका क्षेत्रमा उनी यस खण्डकाव्यमा प्रायजसो उपमा, रूपक, सन्देह, स्वभावोक्ति, उत्प्रेक्षा तर्फ बढी केन्द्रित देखिन्छन् ।

खोला सिन्धु तलाउ निर्झर नदी जम्मै पुरिन्छन् जब
हुन्छन् हर्ष असौजमा कृषक झैं प्राणीहरू ती सब ।
पानीका यदि स्रोत उद्गमहरू दुब्लाउदै बग्दछन्
नारी ती विधुवा सरी जनहरू सङ्कष्टमा पर्दछन् ॥ (पृ. १३)

यसमा उपमानका रूपमा कृषक उपमेयका रूपमा प्राणीहरू झैं वाचकशब्द र खुशी रहनु समान धर्म रहेकोले यहाँ उपमा अलङ्कार हुन गएको छ ।

लाखौं लाख बलेर बल्भ विजुली मानौ सितारा झरी
आए त्यो थलमा त्यजेर नभ त्यो लाग्दोछ कैले घरी ।
मर्यादा जलको निरन्तर हुँदा घट्दै अध्यारो गयो ।
लेकैमा पनि रातमा झिलिमिली सारा उज्यारा भयो । (पृ. १६)

यहाँ विजुली बल्भहरू रातीमा देखिने आकाशका सितारा मानौ पृथ्वीमा झरेका हुन् की भनी सम्भावना सूचक पद प्रयोग गरिएकाले उत्प्रेक्षा अलङ्कार भएको छ । उपर्युक्त दुवै उदाहरणमा जब सब , पर्दछन् बग्दछन्, झरी घरी , गयो भयो आदि शब्दहरू दोहोरिएका हुनाले अन्त्यानुप्रासको संयोजन भएको छ । यसरी शब्दालङ्कार र अर्थालङ्कार स्वतस्फूर्त रूपमा भएको हुनाले काव्य अझै चमत्कारिक बन्न पुगेको छ ।

## ४.२.९.४ लयविधान

बद्धलयमा संरचित यस खण्डकाव्यमा दुई प्रकारका छन्दहरूको प्रयोग भएको छ । प्रत्येक पाउमा १९ अक्षर हुने चार पाउको एक श्लोक हुने शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको छ । यसमा म स ज स त त गुरु गणहरू मिलेर बनेको हुन्छ । यसका छैटौं र बाह्रौं अक्षरमा विश्राम हुन्छ । जसले लयमा सहयोग गरेको हुन्छ ।

| म | स | ज | स | त | त | गरू |
|---|---|---|---|---|---|---|
| ऽऽऽ | ।।ऽ | ।ऽ। | ।।ऽ | ऽऽ। | ऽऽ। | ऽ |

पानी हुन्छ सफा सुग्घर निकै पैदा हुने ठौरमा
पार्छन् दूषित पूर्ण मानव सदा पुग्दा त्यही ठाउँमा ।
पानीको गुण स्वच्छ निर्मल तथा स्वच्छन्द पैदा हुने
आरालो पथबाट सेवक बनी यात्री सरी निस्कने ॥ (पृ. १७)

जम्मा १०६ श्लोक रहेको यस खण्डकाव्यमा १०४ श्लोक क्रमशः शार्दूलविक्रीडित छन्दमा र अन्तिमका दुई श्लोक चौध अक्षरको एकपाउ हुने वसन्ततिलका छन्दको प्रयोग गरिएको छ ।

| त | भ | ज | ज | गु | गु |
|---|---|---|---|---|---|
| ऽऽ। | ऽ।। | ।ऽ। | ।ऽ। | ऽ | ऽ |

पोखी विचार मनका त गरेर ध्यान
जाने बुझे जति सबै जलको बयान ।
लेखी दिएँ सुजन पाठक वृन्द सर्व
स्वीकार गर्नु दिलले खुश भै सहर्ष ॥ (पृ. २६)

यसरी पूर्वीय खण्डकाव्य मान्यता अनुसार यस खण्डकामा छन्द परिवर्तनको मान्यता अनुसार रहेको छ ।

### ४.२.१० निष्कर्ष

**पानी नै जीवन** खण्डकाव्यमा विभिन्न विम्ब र प्रतीकका आधारमा समाज, संस्कृति, प्रकृति आदिको चित्रण गरिएको छ । यसमा कविभित्र रहेको स्वदेश प्रेम र धर्म संस्कृतिप्रतिको आस्था छ । कुनै सर्ग वा खण्डमा विभाजन नगरिएको १०६ श्लोकमा शार्दूलविक्रीडित छन्द र वसन्ततिलका छन्दको प्रयोग गरेर लेखिएको छ । सरल सरस र परिष्कृत भाषाशैलीको प्रयोग गरी लेखिएको यो खण्डकाव्यमा स्वतस्फूर्त रूपमा आएका शब्दालङ्कार , अर्थालङ्कार र बिम्ब प्रतीकले उत्कृष्ट बनाउन सहयोग गरेको छ ।

## ४.३ नौरङ्गे साहित्य कविता सङ्ग्रहको विश्लेषण

यस कविता सङ्ग्रहमा जम्मा २१ ओटा कविताहरु रहेका छन् । त्यसमध्ये छ ओटा कविताहरूको सामान्य चर्चा यसै परिच्छेदको अन्तमा **ऐसा आया जमाना**सँगै गरिएको छ भने

१५ ओटा नेपाली भाषामा लेखिएका कविताहरूको विश्लेषण कविता तत्त्वको आधारमा गरिएको छ ।

### ४.३.१ परिचय

**नौरङ्गे साहित्य** केशव दत्त बडूको औपचारिक साहित्य यात्राको पहिलो प्रकाशित पुस्तकाकार कृति हो । यस कविता सङ्ग्रहभित्र बडूका नेपाली र हिन्दी दुवै भाषामा लेखिएका कविताहरु छन् । यो आकारका दृष्टिले मध्यम रूपको रहेको छ । **नौरङ्गे साहित्य** कविता सङ्ग्रहको मुखपृष्ठ हलुका  रातो गुलाबी रङ्गको पृष्ठभूमि छ । यस बीचमा एउटा गुलाबको फूलको चित्र अवस्थित छ । पृष्ठलाई चारै तिरबाट स्वस्तिक चिन्हरूले घेरिएको छ । यस पुस्तकको भूमिकामा आचार्य चक्रधर जोशीले आफ्नो मन्तव्य राखेका छन् । यस कविता सङ्ग्रहमा हिन्दी नेपाली गरी जम्मा २१ ओटा कविताहरू  रहेका छन् । उनले आफ्नो जीवन भोगाइका क्रममा आरोह-अवरोह र देश-विदेशका अनुभवहरूलाई सङ्कलन गरी कवितात्मक रूप दिने क्रममा यस सङ्ग्रहको जन्म हुन्छ । यस अन्तर्गत जीवन जगतप्रतिको उनको काव्यात्मक भोगाइका प्रतिक्रिया, देश समाज प्रकृतिप्रति उनका विचारहरू प्रस्तुत सङ्ग्रहमा सङ्ग्रहित छन् ।

### ४.३.२ नौरङ्गे साहित्य कविता सङ्ग्रहका कविताहरूको वस्तु विश्लेषण

#### (१)जन्मभूमि

प्रस्तुत कविता अठार पङ्क्तिमा संरचित लघु आयामको छ । कविले यस कवितामा आदिदेखि अन्तसम्म हामी शब्दले सबै नेपालीहरूलाई सङ्केत गर्दै आफूभित्र रहेको मातृभूमि-प्रतिको भावलाई व्यक्त गरेका छन् । हरेक  प्राणीलाई आफ्नो जन्मभूमि प्यारो लाग्दछ । त्यस्तै कविलाई पनि प्राकृतिक सौन्दर्यताको खानी नेपाल जन्मभूमि भएकाले उनले जहाँ भए पनि हामीले हाम्रो हिमालको देशलाई अझै विश्वमा चिनाइ राख्न, उज्ज्वल कीर्ति राख्न मिलेर अघि सर्नुपर्छ भन्ने भाव व्यक्त गरेका छन् । आफू जहाँ गए पनि आफ्नो जन्मभूमिको माया र मिठा सम्झनाहरूले सधैं मनलाई कुतकुत्याइ रहन्छ । आफ्नै ठाउँको माटो शरीरमा घसेर भए पनि वा कठोर काम गरेर भए पनि आफ्नै देशमा बाँचेको राम्रो छ भन्ने भाव प्रस्तुत गरेका छन् । कविले सबै नेपालीहरूलाई आफ्नो व्यक्तिगत स्वार्थ त्यागेर भए पनि हामीले यस स्वर्गलाई अझ सुखमय र शान्तिमय बनाउन मानवीय भावनालाई अगाडि बढाएर प्रेमको बीउ रोप्नुपर्दछ भन्ने आग्रह  गर्दछन् ।

नेपालको काखलाई मातृकाख सम्झेर
सद्भावना गरेर देशको प्रति लम्केर ।
जन्मभूमि आमालाई साँझ बिहान सम्झेर
नित्य स्तुति गर्नेछौं चरणमा झुकेर ॥ (पृ. ८)

आफू जन्मेको ठाउँ प्राकृतिक सौन्दर्यताको खानी नेपालप्रति गर्व गर्दै जन्म दिने आमाको काख सम्झेर सद्भावना लिएर आफ्नो देशको लागि केही गर्ने भाव व्यक्त गर्दछन् । आफ्नो कर्तव्यमा निरन्तर क्रियाशील रही मातृभूमिको स्तुति गर्ने वाचा गर्दछन् ।

(२) **प्रेम**

प्रस्तुत कविता सोह्र पङ्क्तिमा संरचित लघु आयामको कविता हो । कविले प्रेम शीर्षक दिएर तिमीलाई सम्बोधन गरी प्रेमको महत्त्वलाई यसमा प्रस्तुत गरेका छन् । प्रेम मानव जीवनको बाँच्ने आधार हो । यो प्रेम संसारलाई चलाउने हुनाले आफैमा धन्य छ । जसको प्रेमी छैन वा प्रेम गर्ने आधार छैन त्यो सधैंभरि दुःखी हुन्छ । आफ्नो प्रिय मान्छेबाट टाढा भएर बाँच्न गाह्रो हुन्छ । यो माया प्रेमले ढुङ्गाको जस्तो हृदय भएको मान्छेलाई पनि कोमल हृदयको बनाइदिन्छ । यो प्रेममा एक किसिमको अद्भूत शक्ति लुकेको छ । त्यसैले गर्दा प्रेम गर्नेहरू जस्तोसुकै कठिन परिस्थितिमा पनि आफ्नो प्रेमलाई प्राप्त गर्न चाहन्छन् भन्ने कुरा कवि यसरी व्यक्त गर्दछन् -

निद्रा भोजन देश भेष बदली नौलो धरी जीवन ।
चाहे जे दुःख होस् मकनता प्रेमी न भै छोड्दिन ॥ (पृ. ९)

यसै मायामोहको बन्धनले गर्दा नै भयङ्कर जीव र पशुहरूलाई पनि नियन्त्रणमा राखेर मानवले आफूसँग राखेको छ । प्रेमले नै यो संसार यति सुन्दर देखिएको छ । तिमीलाई सम्बोधन गर्दै तिम्रो मायाकै आधारमा बाँचेको बीचमा बाध्यतावश बाटो भुलिएता पनि फेरी मिलन भएकाले उनी चिन्तारहित भएका छन् । यसरी हरेक व्यक्ति एउटा आशाको त्यान्द्रोमा, प्रेमको डोरीमा झुण्डिएर बाँचेको हुन्छ । त्यसैले यो डोरीलाई बलियो बनाउनुपर्ने भाव कविले व्यक्त गरेका छन् ।

जीवनको पथमा डटेर अहिले यो प्रेमको रङ्गली
तिम्रो याद गरेर आज मनसा मैले सदा भागली (पृ.९)

यसरी प्रेमकै रङ्गले रङ्गाएर नै हाम्रो जीवन रङ्गीन बनेको भाव कविले व्यक्त गरेका छन् ।

**(३) साथीलाई पत्र**

प्रस्तुत कविता बीस पङ्क्ति र पाँच पङ्क्तिपुञ्जमा संरचित छ । यस कवितामा कविले आफ्ना मनमा उत्पन्न भएका काल्पनिक भावना र विचारलाई कविताका रूपमा मूर्तता दिएका छन् । कविताको आदिदेखि अन्तसम्म कविले आफ्ना मनमा उत्पन्न भएका विचारलाई शीर्षकमा केन्द्रित गराएकोले शीर्षक सार्थक देखिन्छ । कविले यस कवितामा बाल्यकालका साथीहरूसँग नचाहँदा-नचाहँदै छुट्टिनु परेको अवस्था र त्यसमा पनि पत्रको आदान-प्रदानमा ढिलाइ हुँदाको दुःख व्यक्त गरेका छन् । आफ्नो मातृभूमिबाट बाहिर हुँदा, प्रिय सखाहरूबाट छुट्टिएर बस्नुपर्दा त्यहाँको सन्देश मात्रै पुग्दा पनि आफू त्यही ठाउँमा भएको अनुभूति हुन्छ । वास्तवमा बाल्यकालको प्रेम साथित्वनै सबै भन्दा पवित्र हुन्छ । त्यस अवस्थामा जातपात, धनी, गरिब, लिङ्ग आदिको विभेद गरिदैन स्वार्थ रहित हुन्छ ।

हाम्रो प्रेम अटल हओस् प्रिय सखे कहिल्यै नटुट्ने गरी ।
यस्तो प्रेम भनून यसै जगमहा चन्द्रै कमलको सरी ॥ (पृ. ११)

म पात्रको आत्मालापमा प्रस्तुत गरिएको यस कविलाले  बाल्यसखाहरू सँगको प्रेम चन्द्र र कमलको जस्तो एउटा नमूना प्रेम साथित्व रहोस् भन्ने भाव व्यक्त भएको छ ।

**(४) वियोग**

छत्तीस पङ्क्तिमा संरचित वियोग कविता मध्यम आयामको कविता हो । यस कवितामा संवादात्मक शैलीको प्रयोग गरिएको छ । यसमा प्रेमी प्रेमिकाको वियोगका संम्भावित पीडाहरूलाई प्रस्तुत गरिएको हुनाले शीर्षक सार्थक देखिन्छ । वियोगको पीडा वियोगीलाई मात्र थाहा हुन्छ । पीडा भए पनि आर्थिक अभावका कारण छुट्टिन परेको अवस्थालाई यहाँ वर्णन गरिएको छ । तिम्रा ऐसेलुका थोपा जस्ता आँखा सधैं मेरो सम्भनामा नै रहने छन् । तिमीले धन्दा नमानी घर चलाउनु भन्दछन् । त्यसको उत्तरमा पत्नीले हे आँखाका तारा तपाइँ त्यसो नभन्नुहोस् । तपाइँ बिना म एक छिन पनि बस्न सक्दिन भन्ने उत्तर दिन्छिन । यसमा पाकेको फललाई यौनसँग, अन्नलाई भोगको साधनसँग र भोकलाई तृप्तिसँग दाँज्दै यति हुँदा-हुँदै पनि यस अवस्थामा एक्लै बस्नुपर्दा आफूलाई अभागिनी सम्भन्छे । पुरूषले सम्भाइ बुझाइ गर्दा पनि उनी मान्दिनन् र भन्छिन् यो यौवन अवस्था हाम्रो जीवनमा कहिल्यै आउँदैन । तपाइँ धन

त कमाएर ल्याउनु होला तर जोवन (यौवन) गुमाएर फर्केपछि के धनले हाम्रो जीवनमा स्वाद ल्याउन सक्छ त ? त्यसकारण हे स्वामी तपाइँ मलाई दुखी बनाएर नजानु भन्ने कुरा यसरी व्यक्त गर्दछिन् -

स्वामी तपाइँ विदेशमा म एक्ली घरमा ।
यो घरबार छोडी जानु कसैको भरमा ॥
घरमा मलाई एक्ली छोडी दुखी बनाएर ।
धन पैसाले के सुख पाउला जोवन गमाएर ॥ (पृ.१४)

यसका माध्यमबाट कविले वियोगको पीडा दुवैलाई हुन्छ । तर पुरूषको भन्दा अझ बढी पीडा स्त्रीलाई हुने कुरा स्पष्ट पारेका छन् ।

**(५) मरेपछि सत्य नै साथी हुन्छ**

प्रस्तुत कविता त्रिचालीस पङ्क्तिमा संरचित छ । कविले यस कवितामा मानिसले यो संसारमा जन्म लिएपछि आमा, बुबा, गुरु, पत्नी, छोरा-छोरी, साथीको सम्बन्धलाई छोड्दै एकदिन मृत्युको मुखमा पुग्छ अर्थात् जन्मेपछि अवश्यै मर्छ । यो संसारलाई छोडेर जाँदा हामीसँग कोही पनि साथी हुदैन । केवल हामीले गरेको सत्यता नै साथी बनेर सहारा दिन्छ भन्ने कुरालाई यसमा उल्लेख गरेका छन् :

आफ्नो पेटलाई सुकाएर पनि
छोराको पालन पोषण गर्ने
दश महिना गर्भमा बोक्ने
दशधारा दुध पिलाउने
कलिलो फूललाई
अमृत बर्साएर सिञ्चन गर्ने
यस्ती जन्म दात्री आमालाई छोडेर
आखिर मरे पछि सत्य नै साथी हुन्छ । (पृ. १५)

आफूले नखाई नलाई छोरा-छोरीका लागि साँचेर राख्ने दश महिनासम्म गर्भमा बोकेर जन्म दिने, आमालाई छोडेर जानु पर्दा वा मृत्यु हुँदा हामीले जीवनमा गरेको सत्यता र धर्म नै हाम्रो साथी हुन्छ । अरू कोही पनि साथी बन्न सक्दैन । बुबा, दाजु, पत्नी, आफ्ना इष्टमित्र,

बन्धुबान्धव यी सबैले हाम्रो भौतिक शरीर रहुन्जेलसम्म मात्रै साथ दिन्छन् । मरे पछि कोही पनि साथमा हुदैनन् । केवल हुन्छ हामीले गर्न सकेको सत्य र राम्रोकाम । त्यसकारण कविले आध्यात्मिक ज्ञानका साथै धर्मको मार्ग प्रशस्त गरिदिएका छन् । यस कवितामा मैत्रीपूर्ण, शान्ति र सद्भावपूर्ण समाज निर्माण हुनुपर्छ भन्दै स्वार्थलाई त्यागेर परोपकारमा लाग्न समेत कविले आग्रह गरेका छन् ।

(६) **मुक्तिमार्ग**

चौध पङ्क्तिमा संरचित यस कवितामा कविले यो भौतिक संसारबाट मुक्त हुनका लागि मनुष्यले के-कस्ता कार्य गर्नुपर्छ र कस्ता कार्य गर्नुहुदैन भनेर आफ्ना कविता मार्फत यसरी प्रष्ट्याएका छन् :

सुखको मार्ग खोज्ने हो भने
पराया वस्तुलाई तुच्छ सम्झेर
मनवाणी सफा राखेर
इन्द्रीय विषयलाई भोगबाट रोक्ने
साथै अहिंस्रक बनिरहने (पृ. १८)

यदि मानिसले साँच्चै सुखको मार्ग खाज्ने हो भने सधैं अरूको धन दौलत आदिलाई तुच्छ ठान्दै, मनलाई पवित्र राखी, इन्द्रियहरूलाई भोगबासनाबाट रोक्नका लागि ब्रह्मचर्यको पालना गर्नुपर्दछ र मनुष्य अहिंस्रक बन्नुपर्दछ । अरूकी स्त्रीहरूलाई आफ्नी आमा र बहिनी समान ठानी उनीहरूप्रति माया ममता र दया भाव देखाउनु पर्दछ । अनि मात्र मुक्ति पाउन सकिन्छ । सकभर अरूको भलो गर्नुपर्दछ यदि भलो गर्न सकिएन भने कुभलो पनि मनले समेत चिताउनु हुदैन । दुष्कर्म र दुराचारलाई छोडी सत्मार्गमा लाग्नुपर्दछ र अप्ठ्यारोमा परेका व्यक्तिहरूलाई सहयोग गर्नुपर्दछ । बाटो बिराएकाहरूलाई सही बाटोमा डोऱ्याउनु पर्दछ । यस्ता नियमको पालना गर्ने व्यक्तिलाई निश्चित रूपमा मुक्ति मिल्दछ । कविले कुमार्गतिर लागेका व्यक्तिहरूलाई र भौतिकवादी भनाउँदाहरूलाई सही मार्गतिर लागी यो संसारबाट मुक्ति पाउनका लागि उपयुक्त विचारहरू प्रस्तुत गरेका छन् ।

(७) **माइतकी छोरी**

अठार पङ्क्ति र नौ पङ्क्ति पुञ्जमा संरचित यस कवितामा कविले छोरीको वेदनालाई मार्मिक रूपमा प्रस्तुत गरेका छन् । कविले माइतकी छोरीले माइतीघरमा र पोइल घरमा

भोगेका पीडालाई देखाएका छन् । आफू जन्मेको हुर्केको घरलाई माया मारेर अर्काको घरमा जाँदा छोरीहरूको मन कति रुन्छ भन्ने कुरालाई माइतकी छोरी कविताका माध्यमबाट कविले प्रस्तुत गरेका छन् ।

माइतमा बसी गुजारा हुन्न घर नै जानु छ
आमा र बुवा बुढा भइसके भाइ त सानु छ ।
माइतको दुःख  देखेर मेरो कलेजो जलेर
यो जीउनु भन्दा अति नै राम्रो सुखी छु मरेर ॥    (पृ. १९)

छोरी माइतमा बस्नु हुँदैन घरैमा जानु पर्ने बाध्यात्मक संस्कारले यहाँ छोरीको मनलाई अत्यन्तै दुखाएको कुरा व्यक्त गरेका छन् । जन्म दिने बुढा आमा बुवालाई बुढेसकालमा साहारा चाहिने बेलामा आफू पराइका घर जान मन नहुँदा-नहुँदै पनि यहाँ बााध्यात्मक अवस्थालाई देखाइएको छ । घरमा पनि बुहार्तन खप्नु पर्ने बाध्यात्मक अवस्थालाई वर्णन गर्दै वास्तवमा छोरीको जीवनलाई किंकतर्व्य विमूढ बनाइदिएको छ । उनलाई यस्तो अवस्थामा आफू बाँच्न भन्दा मर्नु वेश जस्तो लाग्दछ । उनी कोही सहारा नपाएर भगवानलाई पुकार्छिन् । हे भगवान् म के गरूँ अर्को जुनी लिएर जन्म लिनुपरेमा छोरी भएर कहिल्यै जन्म लिनु नपरोस् भन्दै पुकार गर्दछिन् । यसरी छोरीले भोग्नु परेका पीडा र दुःखलाई यसमा  मार्मिक रूपमा प्रस्तुत गरेका छन् ।

**(८) ग्राम्य जीवन**

प्रस्तुत कविता चवन्न पङ्क्तिमा संरचित मध्यम आयामको कविता हो । यस कवितामा कविले ग्रामीण जीवनको यथार्थतालाई वर्णन गरेका छन् । यसमा ग्रामीण जीवनका विविध पक्षका विशेषताहरूलाई केलाएर वास्तवमा ग्रामीण जीवन नै अति उत्तम जीवन हो भन्ने कुरा प्रस्तुत गर्न खोजेका छन् । जस्तै

आलस्यमा अनुरक्ति रहेन
रूपिँयामा पनि शक्ति भएन
सहरको जस्तो कुरा हुदैन
एक अर्कामा द्वेष हुदैन ।   (पृ. २१)

गाउँमा बसोबास गर्ने मानिसहरूमा आलस्यपनको आभास नै देखिदैंन । उनीहरू सधैं आफ्नो काममा लागि रहन्छन् । यहाँ रुपैयाँ पैसामा त्यति ठूलो शक्ति हुदैन जति इमान्दारितामा

हुन्छ । ती गाउँलेहरूलाई रूपैयाँ पैसाले लोभ्याउन सकेको छैन । त्यसकारण यहाँ शान्त र सुखमय वातावरण रहेको छ । एक अर्कालाई परिआउँदा सबैले सक्दो सहयोग गर्दछन् । सहरको जस्तो अमानवीय व्यवहार यहाँ देखिदैन । सोझा-साझा गाउँले भएकाले यिनीहरूको एक अर्कामा रिसराग र द्वेष भन्ने कुरा हुदैन । यहाँ अझै भौतिकवादले छुन सकेको छैन । यहाँ शिक्षाको ज्योति छर्न पाए स्वर्ग नै बन्ने भाव कवि यसरी व्यक्त गर्दछन् -

देखाए कुनैले ज्ञानको ज्योती
फेरी चम्कन्छन् हीरा मोती ।
यहाँ विद्याको कमी नहुन्थ्यो
ग्रामीण सुखले स्वर्ग नै छुन्थ्यो ।   (पृ. २३)

यहाँ बसोबास गर्ने हीरामोती जस्ता गाउँलेहरूमा शिक्षाको उज्यालो घाम पर्न गएमा अझ चम्कने भाव प्रस्तुत गर्दै सबैले शिक्षा आर्जन गर्न पाउनु पर्ने कुरामा जोड दिन्छन् ।

**(९) फजुल खर्च**

पन्ध्र पङ्क्तिमा संरचित यो कवितामा कविले वर्तमान अवस्थामा देखापरेका विकृति र विसङ्गतिहरूलाई देखाउन खोजेका छन् । अहिलेको अवस्थामा आधाभन्दा बढी मानिसहरू नसामा बाँचिहरेका छन् । धुम्रपान र मध्यपानमा आम्दानीको आधा हिस्सा गुमाएका छन् । त्यो मानिसलाई नभइ नहुने होइन । त्यस्तो वस्तुलाई उनले विष सँग तुलना गरेका छन् । कवितामा त्यस बानी व्यवहारलाई त्या ले सम्बोधन गरिएको छ । त्यो राम्रो चिज होइन, त्यो त भयानक विष हो । जसलाई पिएर मानिसहरू सधैं पागलसरी उफ्रने कमाइ गरेर घरपरिवार चलाउनुको साटो उल्टै घरबार विहीन हुने कुरा उल्लेख गरेका छन् । नशाको जोसमा आफ्नो इज्जत गएको पनि थाहा हुदैन सबै चिजले सीमा नाग्छ । कवि भन्दछन्

कैले कता कैले कता डुली रहने
अनुचित कार्यमा उत्साह बर्द्धन गराउने
जिउधनको सर्वस्व स्वहा भएकै थाहा नहुने
अज्ञानमा मस्त भएर फजुल खर्च नगर ।   (पृ. २४)

धेरै नसाले मात्तिएको मानिस उद्देश्य बिना यताउता डुली रहन्छ । त्यस्ता नशालु पदार्थहरूले मानिसलाई अनुचित कार्य गराउन पनि उत्साहित गर्दछ । जसको कारण उसको

जिउ र धन पनि स्वाहा भएको थाहा पाउदैन । त्यसकारण हामीले यस्ता नशालु पदार्थहरूमा फजुल खर्च गर्नु हुदैन भनी कविले समाजमा चेतनाको लहर फैलाएका छन् ।

**(१०) मृत्यु**

प्रस्तुत कविता सोह्र पङ्क्तिमा संरचित लघु आयाम भएको कविता हो । यसमा मृत्यु वा कालले गरेको कामलाई वर्णन गरी कालको महिमा गाएको छ । मृत्यु हुनु भनेको यो भौतिक शरीरलाई छोड्नु हो । हरेक सजीव प्राणीले मृत्युलाई सँगै लिएर आएको हुन्छ । यहाँ जीवनलाई सलाईको काँटीसँग तुलना गरिएको छ । जसरी बारूदले भरिएको सलाईको काँटी घर्षण हुँदा अग्निको ज्वाला निस्कि समाप्त हुन्छ त्यसरी नै मनुष्य पनि समयसँग संघर्ष गर्दागर्दै समाप्त हुन्छ । कालले सानो-ठूलो, धनी-गरिब, सुख-दुःख केही हेर्दैन आफ्नो कार्य गर्दछ । बन्धुवान्धव नाता कुटुम्ब इष्टमित्र कसैको प्रवाहै नगरी मानिसले यो सांसारिक बन्धनलाई छोडेर जानुपर्दछ । मृत्यु हुने बेलामा विभिन्न किसिमका बहानाहरू हुन्छन् । यसले बूढो, युवा, बालक केही भन्दैन, सबैलाई समय अनुसार हरण गर्दछ । यसको दृष्टिमा सबै समान छन् भन्दै कालको महिमालाई कविले यसरी व्यक्त गरेका छन् :

मृत्यु तेरो महिमा अपार<br>
मर्ने बेलामा बहाना हजार<br>
साना ठूला दीनहरू पण्डित महान<br>
मृत्यु तेरो दृष्टिले नै सबै ती समान ॥ (पृ. २५)

यसमा कविले अप्रत्यक्ष रूपमा सामाजिक असमानतालाई देखाउदै मृत्युको दृष्टिमा मात्र सबै समान भएको कुरा औंल्याएका छन् ।

(११) **कलियुगका मानिसहरू**

कलियुगका मानिसहरू बत्तीस पङ्क्तिमा संरचित एक उत्कृष्ट कविता हो । कविले यस कवितामा अहिलेको युगमा देखिएका मानिसको वस्तु स्थितिलाई यथार्थ ढङ्गले वर्णन गरेका छन् । देखावटी माया र प्रेममा फसेर आजभोलिका यी उमेर नपुगेकै ठिटाठिटीहरूले आमाबुवा घरबार त्याग गरेका छन् । त्यति मात्र होइन बुज्रुकहरू पनि आफूभन्दा जान्ने गुरुलाई नै अर्ती-उपदेश दिन थालेका छन् । आफ्नी पत्नीलाई छोडेर परस्त्रीसँग लाग्ने यथार्थतालाई पनि उनले वर्णन गरेका छन् । कलियुगका मानिसहरूको सुबुद्धि रहाउँदै गएको यथार्थतालाई पनि उल्लेख गरेका

छन् । मानिसको यस्तो व्यवहारले प्रकृति नै प्रभावित भएर प्रकृतिमा पनि कलिको प्रभाव परेको कुरालाई कवि यसरी व्यक्त गर्दछन् :

खेतमा गइ कृषक कुनै आकाश हेर्दछ
बाढिले गर्दा कहिका मान्छे बिनाश देखिन्छन् ।
नचाहिने बेला वर्षा नै हुन्छ दुःखी छन् मनुष्य
असिना आउँछन् पत्थर सरी अँध्यारो भविष्य ॥ (पृ. २७)

यसरी मानिसहरू क्रमशः आफ्नो धर्म छोड्नाले प्रकृतिमा पनि त्यसको प्रभाव पर्न थाल्यो । कुनै ठाउँमा अनावृष्टि कुनै ठाउँमा अतिवृष्टि वर्षायाममा सुख्खा हुने र अरू बेला पानी पर्ने हुनाले मानिसहरू दुःख पाइरहेका छन् । यो सबै कलिको प्रभाव हो । मानिसहरूले आफ्नो धर्म परम्परा छोडेको हुनाले भविष्य अन्धाकार भएको कुरा स्पष्ट देखिन्छ । यस्ता कुकर्म गरेर उद्धार हुदैन पुण्य गरेर, परोपकार गरेर, यो जीवन र भावी पिढीलाई सुधार गर्न सकिन्छ भन्ने भाव व्यक्त गरेका छन् ।

**(१२) वसन्त ऋतु**

यस कविताको विषयवस्तु प्रकृतिपरक छ । प्रस्तुत कवितामा शिशिर ऋतुपछि आएको वसन्तले ल्याएको प्राकृतिक सौन्दर्यको अभिव्यक्ति छ । सुन्दर वस्तु सधैं अजर अमर छ अर्थात् सदैव जीवन्त रहन्छ र यो सबैको साझा सम्पत्ति हो । कसैमा भाग लाग्दैन, सबैद्वारा भोगिन्छ तर पनि दाग लाग्दैन भन्दै प्रकृतिको मर्म र धर्मलाई छाम्दै कविले प्रकृतिलाई सुन्दर एवं अमर वस्तुका रूपमा उभ्याएका छन् । वसन्तऋतु जस्तै सबै नेपालीहरू प्रकृतिको सौन्दर्यमा रमाउन सकून भन्ने भाव व्यञ्जित भएको छ भने अर्कोतिर हरेक मान्छे आफ्नी प्रेयसीसँग यसैगरी रम्न पाउन् भन्ने कविको मनोकांक्षा छ

हे चन्द्रमुखी बसन्ती देवी अकेली बनैमा
उदासी भई नबस्नु यहाँ लौ हिड सँगैमा
मनको बह प्रकट गर्छु जोवन ढल्केर
आउँदैन प्यारी दुबारा यहाँ वसन्त फर्केर । (पृ. २९)

प्रकृतिलाई मानवीकरण गर्दै हरेक वर्षमा वसन्तऋतु एकचोटी मात्र आए जस्तै मानव जीवनमा जोवन (यौवन) पनि एकचोटी मात्र आउँछ । त्यसकारण यो समयलाई खेर फाल्नुहुदैन । यसको उपयोग गर्न सक्नुपर्दछ । यस्तो अवस्थामा वियोगी भै बस्दा दुःख पीडाले

जर्जरित भएर रहनुपर्दछ । यसरी समय र परिस्थितलाई बुझेर काम गर्न प्रकृतिबाट सिक्नुपर्दछ भन्ने भाव रहेको छ ।

**(१३) परदेशी**

अठार हरफमा संरचित परदेशी कविता एक लघु आयामको कविता हो । परदेशीको परायादेश अर्थात् अर्काको देशमा गएर बसेको भन्ने अर्थ हुन्छ । यस कवितामा कविले प्रदेशीले प्रदेशमा भोग्नु परेका पीडा दुःखलाई र उसले स्वदेश सम्झेको कुराबाट देशप्रेमको भावनालाई व्यक्त गरेका छन् । विदेशमा बस्दा सुतेकै अवस्थामा पनि आफ्नै घरको सम्झानाले सताउने कुरा कवि यसरी व्यक्त गर्दछन् :

यस्तो स्वप्न भएन आजतकलौ रोइरहेको म छुँ
यो स्थान छोड्नु पऱ्यो भनेर मनमा जाउँकी यो सोच्दछु । (पृ. ३०)

प्रदेशमा धन कमाउन भनी गएका प्रदेशीहरूले स्वप्नमा नराम्रो देख्दा पनि घरको चिन्ता हुन्छ । घरमा केही घटना घटिहाल्यो की आमा, बुवा, भाइ, बहिनी, साथीसङ्गीहरू कस्ता होलान् भन्ने चिन्ताले सताइरहन्छ । आफूले सोचेका बेला घर फर्किन नपाएको सधैँ अर्काको अधिनमा चल्नुपर्ने प्रदेशीको अवस्थालाई यसमा देखाएका छन् । प्रदेशी यी यस्ता बन्धनहरूबाट मुक्त हुन, जस्तोसुकै कठिन कार्य गर्न पनि नमिठो खानु परे पनि आफ्नै देशमा फर्कने बाचा गर्दछन् :

जस्तै दुःख हवस् त्यहाँ घरमहा आखिर घरै बस्नु छ ।
मेवा मिष्ठ नहुन चीज त्यहाँ खाली पीठो सिस्नु छ ॥ (पृ. ३१)

यहाँ परदेशीले जस्तोसुकै दुःख कष्टका साथ काम गर्नु परे पनि आफ्नो घरमा बस्नु छ । मिठो मिष्ठान्न भोजन नभए पनि पीठो र सिस्नुलाई उमालेर खान पाए आफ्नै ठाउँ राम्रो छ भनी उल्लेख गर्दै सबै विदेशिने नेपालीहरूलाई स्वदेशमा बस्न आग्रह गर्दै देशप्रेमको भावनालाई यसमा प्रस्तुत गरिएको छ ।

**(१४) संसारका मान्छे**

दस पङ्क्तिमा संरचित यस कवितामा कविले संसारका मान्छे शीर्षकमा संसारका मान्छेहरूको वर्णन गरेका छन् । ती मान्छेहरूका विशेषतालाई यसमा देखाएका छन् । संसारमा धेरै प्रकारका मानिसहरू बसेका छन । धनी, गरिब, साधु, सज्जन, दुष्ट, धुर्त, चोर, फटाहा सबै

प्रकारमा मान्छेहरू छन् । ती धूर्तहरूले पृथ्वीमा नै बिघ्न मच्याइरहेका छन् । आकाशका ताराहरू जस्तै पृथ्वीमा मानिसहरूको संख्या धेरै भएको कुरा कवि यसरी वर्णन गर्दछन् :

आकाश नै पृथिवी बनी जग भरी तारा भए जन यहाँ

छत्तीस जाती र चार वर्णहरूले घेरी रहेछन् यहाँ (पृ. ३१)

यस कवितांशको पहिलो पक्तिमा यस पृथ्वीलाई र मानिसहरूलाई तारामा आरोप गरिएको छ । चार वण र छत्तीस वर्णले घेरिएको भनी यहाँ संसार भनेर नेपाललाई सङ्केत गरेको देखिन्छ । यहाँ कोही अति सज्जन व्यक्ति छन् भने कोही अति नै दुष्ट छन् । यिनै दुष्टहरूले गर्दा संसार ध्वंस भइरहेको यथार्थतालाई देखाएका छन् । मानिस सङ्गतले राम्रो नराम्रो हुन्छ । त्यसकारण दुष्टहरूको संगत कहिल्यै गर्नु हुँदैन । यहाँ विभिन्न प्रकारका मानिसहरू छन् । त्यसकारण हामीले सत्कर्ममा लाग्नुपर्दछ र त्यसको फल पनि राम्रै हुन्छ । विपन्न वर्ग पनि सत्कर्मका लाग्दा राम्रा हुन्छन् भनी सत्कर्ममा लाग्न प्रेरणा दिएका छन् ।

**(१५) ब्रह्मचर्यको कमी**

प्रस्तुत कविता सोह्र पङ्क्तिमा संरचित एक उत्कृष्ट कविता हो । यसमा कविले ब्रह्मचर्यको महत्त्वलाई दर्शाउँदै आजका मान्छेहरूमा ब्रह्मचर्यको कमी रहेको कुरालाई स्पष्ट पार्दै त्यसका असरहरू उल्लेख गरेका छन् । ब्रह्मचर्यकै कारण पौराणिक पात्र विभीषण निडर बलवान् भएको र हाम्रा पूर्खाहरू पनि ब्रह्मचर्यकै कारणले लामो समयसम्म बाँचेका कुरालाई उल्लेख गरेका छन् । वीर्यले शक्तिमात्र होइन बुद्धि र ज्ञान पनि प्राप्त हुन्छ । वीर्यले नै संसार सृष्टि भएको कुरा उल्लेख गर्दै वीर्यलाई सञ्चय गरी ब्रह्मचर्यको पालना गरेर हामीले ठूलो काम गर्नु छ भनेर कवि यसरी उल्लेख गर्दछन् :

विर्यैको बलले यसै समयमा संसारको सार छ

ब्रह्मैचर्य रहेर यो धरतिमा हाम्रो महान् कार्य छ । (पृ. ३२)

ब्रह्मचर्यको यस्तो महत्त्व हुदाँहुँदै पनि आजका मानिसहरूमा यसको एकदमै कमी रहेको छ । जसका कारण सौन्दर्यहीन आलस्य र रोगले ग्रस्त बुद्धिमा कमी भएको देखिन्छ । यसको कमी भयो भने मानिस अल्पबुद्धि निर्बल रोगी भई अर्काको आधार लिएर वस्नुपर्ने अवस्थालाई यसरी व्यक्त गर्दछन् :

विर्यैको कमीले सबै जनहरू अर्काको आधार गरी

मार्गै छोडी कुमार्गमा तिनीहरू घुम्छन ती जीवन भरी (पृ. ३२)

यसरी उनले वीर्य शक्तिको स्वरूप हो यसलाई सञ्चय गर्नुपर्दछ भन्ने भाव कविताले दिन खोजेको छ ।

## ४.३.३ सहभागी वा पात्र

नौरङ्गे साहित्य कविता सङ्ग्रह भित्र व्यक्तिवाचक नाम पात्रका रूपमा वा हामीका रुपमा आए पनि तिनले व्यक्तिगत वा वर्गीय चरित्रको प्रतिनिधित्व गरेको देखिन्छ । यस कविता सङ्ग्रह भित्र कवितामा प्रयुक्त सहभागीको सहभागीतालाई यस प्रकार देखाउन सकिन्छ :

(१) जन्म भूमि हाम्रो देश सबलाई होला यो थाहा ।
जन्म्यो हामी यसैमा कति राम्रो आहा! हा ॥
यता उता चम्केको यहीछ राम्रो हिमाल ।
जन्मभूमि हाम्रो देश कति राम्रो नेपाल ॥ (पृ.७)

(२) कमाउनाका सट्टामा
घरबार वेच्ने
नशाको जोशले नै
शिरमा जुता परेको थाहा नहुने (पृ.२३)

(३) बाटो विर्सिसके सबै जनहरू वर्णन म गर्छु सखे
व्रह्मैचर्य विना रहेर अब यो सौन्दर्य मिल्दैन हे । (पृ.३२)

माथिका उदाहरणहरू मध्ये उदाहरण एकमा वक्ता प्रथम पुरूष हामी पात्र सहभागीका रूपमा आएको छ । उदाहरण दुईमा वक्ता पात्र टिप्पणीकर्ताको रूपमा आएको छ र उदाहरण तीनमा सम्बोधक सम्बोधित भूमिकामा सहभागिता देखिन्छ ।

## ४.३.४ परिवेश

नौरङ्गे साहित्य कविता सङ्ग्रहमा स्थानिक, कालिक र वातावरणीय तीनवटै परिवेश रहेको देखिन्छ । यस कविता सङ्ग्रह भित्रका कविताहरूमा मिश्रित परिवेशलाई निम्नलिखित तथ्याङ्कहरूका आधारमा यस प्रकार देखाइन्छ :

(१) माटाका घर साना साना
राख्छन उसमा दाना माना ।
आगनमा फूल फूली रहेका

तोरी कुस्माण्ड झुली रहेका ॥    (पृ. २२)

(२) जन्मभूमि आमालाई साझ विहान पुजेर ।
नित्यस्तुती गर्ने छौं चरणमा झुकेर ॥   (पृ. ८)

(३) संसारमा सबछन् अनेक तरहका धनी र मानीहरू
विघ्नै धेर मचाईयो पृथिवीमा घुमी रहेछन्  बरू ।
आकाश नै पृथिवी बनी जग भरी तारा भए जन यहाँ
छत्तिस जाती र चार वर्णहरूले घेरी रहेछन् यहाँ ॥      (पृ.३१)

उपर्युक्त उदाहरणहरूले यस सङ्ग्रहका  कवितामा  स्थानिक, कालिक र वातावरणीय परिवेशलाई देखाएका छन् । उदाहरण एकमा गाउँको सेरोफेरोका साथै स्वच्छ रमणीय वातावरणलाई देखाइको हुनाले स्थानिक परिवेशको चित्रण गरिएको छ । त्यस्तै उदाहरण दुईमा स्थानिक परिवेश पाइदैन, राष्ट्रप्रेमलाई व्यक्त गर्न साँझ विहान जस्ता कालिक परिवेशको चित्रण गरिएको छ । उदाहरण तीनमा वातावरणीय परिवेश चित्रण गरेर सन्त्रासमय दुःखद् र हाहाकारमय परिस्थितिलाई देखाइएको छ ।

## ४.३.५ उद्देश्य

स्रष्टाको तत्कालीन परिस्थितिको प्रभाव रहन्छ । परिवेशको वातावरण संस्कार, संस्कृति, स्रष्टाको पारिवारिक स्थिति जस्तो छ त्यस्तै प्रकारको सिर्जना जन्मन्छ । स्रष्टाले आफ्ना जीवन भोगाइमा आइपरेका उतारचढावलाई नै आफ्ना भावनाहरूमा समेटेको हुन्छ । आफू बाँचेको संसार रीतिस्थिति घटनाहरू कविका विचारहरू नै कवितामा कथ्य भएर आएका हुन्छन् । समाजबाट प्रभावित कविले आफ्नो राष्ट्र र समाजप्रति श्रद्धा राखेको हुन्छ । समाजका विकृत विसङ्गत घटनाहरूबाट प्रभावित कविले आफ्नो मनका भावना, चिन्तन र विचारहरू कवितामार्फत व्यक्त गरेको हुन्छ । स्रष्टाले भावना, चिन्तन र विचारहरू मार्फत राष्ट्रको समाजको र सामाजिक परिस्थितिप्रति केही क्रिया-प्रतिक्रिया व्यक्त गरेको हुन्छ अर्थात् कविको भावनामा आधारित जे स्फूरण हुन्छ, त्यही नै कविताको रूपमा आउँछ । परम्परा संस्कृतिको छाप, कवि बाँचेको जीवनको राप, धार्मिक राजनीतिक छाप जस्ता विषयलाई कविले आफ्ना कविताको विषय बनाएको हुन्छ । कविले त्यस विषयलाई वस्तुअनुरूप पाठकको मनमा एउटा छाप छाड्दछ  त्यही रस भाव हो पाठकको मनमा रहेको स्थायी भावलाई कवितामार्फत जुन अवस्थामा प्रकटित वा आस्वादित हुन्छ त्यही रस हुन्छ ।

कवि केशव दत्त बडूको **नौरङ्गे साहित्य** कविता सङ्ग्रहमा यस्तै किसिमका कविताहरू संकलित छन् । कविको उमेरसँग पनि उनका कविताहरू प्रत्यक्ष रूपमा सम्बन्धित भएका छन् । कवि बडूले आफ्ना जीवनमा आइपरेका, भोगेका र देखेका गतिविधिहरूलाई अत्यन्त कलात्मक किसिमले भावात्मक अभिव्यक्तिद्वारा अभिव्यक्त गरेका छन् । लामो समयसम्मका आफ्ना मनका विचारहरूलाई प्रस्तुत सङ्ग्रहमा सङ्ग्रहित गरिएको छ । उनका कविताहरू ओज र गहनताका दृष्टिले केही फितला देखिएका छन् । ग्रामीण समाजको गास, बास र कपासको अवस्था कस्तो छ ? आफ्ना जीवनका घुम्तिहरूले आफूलाई पारेको प्रभाव कस्तो छ भन्ने कुरा कविको अन्तर अभिव्यक्तिमा पाउन सकिन्छ । समाजलाई विकासको बाटोतर्फ लैजानका लागि कविले बढी आग्रह गरेका छन् । प्रस्तुत कवितासङ्ग्रहमा सामाजिक कुरीतिलाई छोड्नुपर्छ र राम्रो कुरालाई साथ-साथै लिनुपर्दछ भन्ने कथ्य पाइन्छ । कविले आफ्नो जन्मभूमि, बाल्यकालका स्मृतिहरू र राष्ट्रिय भाव आफ्ना कवितामा प्रस्तुत गरेका छन् । प्रस्तुत कविता सङ्ग्रहभित्र राष्ट्र र राष्ट्रियताप्रति कविको भाव बढी झल्केको पाइन्छ ।

### ४.३.६ दृष्टिविन्दु

यस कविता सङ्ग्रहभित्र कविले आफ्ना भावहरूलाई प्रस्तुत गर्न प्रथमपुरूष दृष्टिविन्दु र तृतीयपुरूष दृष्टिविन्दुको प्रयोग गरेका छन् । जसमा प्रथमपुरूष दृष्टिविन्दु प्रयोग गरी लेखिएका कविताहरूमा जन्मभूमि 'प्रेम','साथीलाई पत्र', 'माइतकी छोरी', 'वियोग', 'ब्रह्मचर्यको कमी' हुन् भने तृतीय पुरूष दृष्टिविन्दु' प्रयोग गरिलेखिएका कविताहरूमा 'मरेपछि सत्य नै साथी हुन्छ', 'मुक्तिमार्ग', 'ग्राम्यजीवन', 'फजुलखर्च', 'मृत्यु', 'कलियुगका मानिसहरू', 'वसन्तऋतु', 'परदेशी' 'संसारका मान्छे' आदि हुन् ।

(१) वाटो बिर्सिसके सबैजनहरू वर्णन म गर्छु सखे ॥
ब्रह्मचर्य विना रहेर अब यो सौन्दर्य मिल्दैन हे ॥
धेरै ग्रस्त भए निरन्तर यहाँ मानिसहरू रोगले ।
बिर्येको कमीले सदा जनहरू गिर्छन सदा भोगले ॥ (पृ.३२)

(२) सुखको मार्ग खाज्ने हो भने
पराया वस्तुलाई तुच्छ सम्झेर
मनवाणी साफ राखो
इन्द्रीयलाई विषयभोगबाट रोक्ने

सार्थ अहिँसक बनिरहने
परस्त्रीलाई माता बहिनी समान संझने
यस्ता मान्छेहरूले विना सोचेर मुक्ति पाउछन् ॥ (पृ. १८)

उदाहरण एकमा समाख्याता 'म' हो र पुरै कविता प्रथमपुरूष दृष्टिविन्दुमा लेखिएको छ । यसको आरम्भ बाटो बिर्सिसके सबै जनहरू.. बाट शुरू भएको छ । यसमा 'म' पात्र समाख्याता भएकोले वर्णनकर्ताको रूपमा रहेको छ । त्यसैले यो कविता प्रथम पुरूष दृष्टिविन्दु प्रयोग भएको कविता हो । उदाहरण दुईमा कविले आफ्ना भावनाहरू प्रस्तुत गर्न कुनै किसिमको पात्रको प्रयोग गरेको छैन आफैले वर्णन गरेको छ। त्यसैले यहाँ असहभागी दृष्टिविन्दु अर्थात् तृतीय पुरूष दृष्टि विन्दुको प्रयोग भएको छ ।

## ४.३.७ भाषा

भाषाकै माध्यमले विचारलाई आदानप्रदान गरिन्छ । भाषा नभए कृति जन्मको कल्पना सम्म गर्न सकिदैन । भाषा पनि सरल बोधगम्य र सरस हुनु आवश्यक छ । कृतिको भाषा सरल भयो भने मात्र सबैले बुझ्न सक्छन् शिक्षा लिन सक्छन् । यस कविता सङ्ग्रहको भाषा पनि सरल खालको छ । यसमा केही आगन्तुक तत्सम शब्दहरूको र भाषिकाको प्रयोग पनि भएको पाइन्छ । जस्तै -

(१) ज्ञान पुञ्जले प्रकाशित गर्ने
उनी पूज्यपाद गुरुलाई छोडेर
आखिर मरे पछि सत्य नै साथी हुन्छ । (पृ. १६)

(२) घरमा मलाई एक्ली छोडी दुःखी बनाएर ।
धन पैसाले के सुख होला जोवन गमाएर ॥ (पृ. १४)

प्रस्तुत उदाहरण एक र दुईमा प्रायजसो ज्ञान, पुज्यपाद, प्रकाशित, गुरु, सुख आदि तत्सम शब्दहरूको प्रयोग भएको छ भने पैसा र आखिर जस्ता आगन्तुक शब्द र जोवन, गमाएर जस्ता भाषिकाका शब्दहरूको प्रयोग भएको छ । यस्ता शब्दहरू प्रयोग भए पनि शब्द, अर्थ र वाक्य तीनै तहमा सरलता देखिएकोले यसको भाव ग्रहणमा कुनै कठिनाइ देखिएको छैन । यस कविता सङ्ग्रहको भाषा सरल, सहज, सरस र सम्प्रेषणीय छ ।

### ४.३.८ शैली

शैली प्रस्तुतिको तरिका हो । शैलीकै आधारमा कविको कवित्वलाई चिनाइन्छ । शैलीले नै कविलाई चिनाएको हुन्छ । शैलीभित्र विभिन्न कुराहरू पर्दछन । तीमध्ये यसमा बिम्ब, प्रतीक, अलङ्कार र लयलाई मात्र लिइएको छ ।

### ४.३.८.१ बिम्ब

बिम्बले भावको प्रस्तुतिलाई रोचक बनाइदिन्छ । यस कविता सङ्ग्रहमा बिम्बको प्रयोग न्यून मात्रामा देखिएको छ । केही बिम्बका उदाहरणहरू यस प्रकार रहेका छन् :

(१) माटाका घर साना साना
उसमा राख्छन् दाना माना ।
आगनमा फूल फूलिरहेका
तोरी कुष्माण्ड झुलिरहेका ॥ (पृ. २२)

(२) कोइलीको मधुर वाणी गुञ्जेर सबैमा
पञ्चम स्वरले गाउन थाली आँपको रुखैमा ।
रंग विरङ्गी फूलहरूमा भ्रमरा घुम्दछन्
परोपकारी भएर उनी कोपिला चुम्दैछन् ॥ (पृ. २८)

प्रस्तुत उदाहरण एकमा बाह्य संकेतिक अर्थका रूपमा ग्राम्यबिम्बको चित्रण पाइन्छ । माटाका साना साना घर हुनु, त्यसमा आफैले फलाएका दाना माना राख्नु, घर वरिपरिको वातावरण सफा देखिनु जस्ता सन्दर्भहरू ग्राम्य बिम्बका यथार्थ चित्र हुन् । दोस्रो उदाहरणमा सौन्दर्य चेतनाको प्रभावी अभिव्यञ्जना छ । प्रकृतिका विविध राग र संवेदनाहरू प्रतिको तीब्र अनुरागबाट प्राकृतिक बिम्बको आयोजना छ । दृश्य संवेदनाको प्रत्यक्षीकरण छ । पञ्चम स्वरले गाएको कोइलीको स्वर, आँपको रुख रङ्गीबिरङ्गी फूलहरू भ्रमराले कोपिला चुम्नु आदि सन्दर्भ र पदावलीहरू प्रकृतिको दृष्टिगोचर वर्णन चित्रणका साथै बिम्ब सिर्जनाका रूपमा समेत आएको हुँदा यस कवितांशमा प्राकृतिक बिम्ब बिधान छ ।

### ४.३.८.२ प्रतीक

प्रतीकले पनि सूक्ष्म कुरालाई दर्शाउनका लागि स्थूलरूपमा वर्णन गर्दछ । यस सङ्ग्रहमा प्रतीकहरूको प्रयोग पनि दूर्बल रूपमा नै रहेको छ । त्यसमा प्रयोग भएका केही प्रतीकहरूका उदाहरण यस प्रकार रहेका छन् :

न जाउ मेरा प्रिय स्वामी पाकेको फल त्यागी ।
अन्न छदै भोकै भए के रैछु अभागी ॥ (पृ. १२)

यस श्लोकमा पाकेको फल यौन परिपक्कताको प्रतीकका रूपमा आएको छ । अन्न भोगको साधनको प्रतीक र भोक तृप्तिको प्रतीक बनेर आएको छ । त्यसरी सबै चिज उपलब्ध हुँदा-हुँदै अतृप्त बस्नु पर्ने अवस्थाको वर्णन गरिएको छ ।

### ४.३.८.२ अलङ्कार विधान

नौरङ्गे साहित्य कविता सङ्ग्रहमा त्यस्तो कुनै विशेष अलङ्कारको प्रयोग नभए पनि यदा कदा कुनै कविताहरूमा अर्थालङ्कारको प्रयोग पनि गरिएको छ । यहाँ शब्दालङ्कार भने प्रायःसबै कवितामा प्रयोग भएको छ । यस सङ्ग्रहमा संग्रहित कविताहरूमा रहेका अलङ्कारका उदाहरण यस प्रकार रहेका छन् :

(१) अर्काकी छोरी भएर पनि
घरमा दासी झैं बनिरहने
दुःख प्यासी रहेर पनि
पतिदेवको सेवा गर्ने (पृ. १७)

(२) पूर्वज सरी हुदैन मान्छे कलिको गतिले ।
अल्पायू भई मर्नेछन् अनि नराम्रो गतिले ॥
सफर गर्छन अनेक याममा शहर जानलाई ।
काटेर गाठो ती गुण्डाहरू राख्दैनन् खानलाई ॥ (पृ.२७)

(३) आकाश नै पृथिवी बनी जगभरि तारा भए जन यँहा ।
छत्तिस जाती र चार वर्णहरूले घेरी रहेछन् यँहा ॥ (पृ.३१)

(४) काशी फलको स्वाद लिएर
प्रातः कालमा गोरस पिएर ।
विश्राम गरी बस्छन् हवामा
यस्तो सुख रहेन दवामा ॥ (पृ.२२)

यहाँ उदाहरण एक र दुईमा दासी र पत्नी , पूर्वज र अहिलेका मान्छे उपमान र उपमेय, झैं वाचक शब्द प्रयोग भएकोले उपमा अलङ्कारको प्रयोग सहज रूपमा भएको छ । उदाहरण तीनमा पृथ्वीलाई आकाशमा र जनतालाई तारामा आरोप गरिएकाले यहाँ अभेध्य आरोप गरिएकाले रूपक अलङ्कार भएको छ । उदाहरण ४ मा ग्रामीण जनजीवनको

यथार्थतालाई चित्रण गरिएको स्वभावोक्ति अलङ्कार प्रयोग भएको देखिन्छ । उपर्युक्त यी चारवटै उदाहरणहरूमा अन्त्यानुप्रासको संयोजन भएको छ । जस्तै- पनि पनि, बनिरहने गर्ने, मतिले गतिले, जानलाई खानलाई, लिएर पिएर, हवामा दवामा, जस्ता शब्दहरू अन्तिममा दोहोरिएकाले अन्त्यानुप्रास भएको छ । यस कविता सङ्ग्रहका प्रायजसो सबै कविताहरूमा अन्त्यानुप्रास अलङ्कार प्रयोग भएको छ ।

### ४.३.८.४ लय विधान

'नौरङ्गे साहित्य' कविता सङ्ग्रहका कविताहरूमा बद्धलय र मुक्तलय गरी दुई प्रकारका लयको प्रयोग गरिएको छ । धेरैजसो कविता मुक्तलयमा संरचित छन् । बद्धलय अन्तर्गतका कविताले साङ्गीतिक खुराक संयोजित तरिकाले दिन सकेको छ । बद्धलयका कवितामा आन्तरिक र बाह्य दुवै प्रकारका ढाँचा साङ्गीतिक छन् । वार्णिक छन्दका कविता अन्तर्गत शार्दूलविक्रीडित छन्दको प्रयोग छ । यसमा झ्याउरे गीति छन्द प्रयोग गरिएको छ । मुक्तलय अर्न्तगत अन्तः ढाँचा भएका कविताहरू पनि प्रस्तुत कृतिमा समावेश गरिएका छन् । कतिपय कवितामा जबर्जस्ति छन्द मिलाउन खोज्दा लयविधान बिग्रीएको देखिन्छ भने केही छन्दोबद्ध कवितामा सहज र स्वभाविक रूपमा छन्द प्रयोग भएकाले ती कवितामा आन्तरिक र बाह्य लयको राम्रो संयोजन भएको पाइन्छ । यस कविता सङ्ग्रहमा बढीजसो कविताहरू गद्य र मुक्तलयमा नै रहेका छन् ।

जस्तै :

(१) संसारी जनमा यही भुवनमा यो प्रेम नै धन्य हो
के गर्ने अब दीन छु हरघडी प्रेमी बिना अन्य को ।
देखे निश्चय एक मै सब यँहा माया भने राज्य हो
के गर्ने अब धेर वर्णन यँहा प्रेमी बिना त्याज्य हो । (पृ. ८)

(२) अर्काको धन खानलाई सबै तत्पर हुदैछन् ।
ती पापी दुष्टहरूले गर्दा गरिब रूदैछन् । (पृ. २७)

(३) आफूले नाङ्गो रहेर पनि
छोरालाई अनेक प्रकारका लुगा बनाउने
फलानाको छोरा भल्लान
इष्टमित्र आफ्ना पराया सँग व्यवहार राख्न

छोरालाई उपदेश दिने

यस्ता परम पूज्य पितालाई छोडेर

आखिर मरेपछि सत्य नै साथी हुन्छ । (पृ. १६)

यँहा उदाहरण एकमा उन्नाइस अक्षरको एक पाउ हुने चार पाउको एक श्लोक हुने छैठौं र बाह्रौ अक्षरमा विश्राम हुने शादूलविक्रीडित छन्द प्रयोग भएको छ । यसमा ऽऽऽ (मगण), ॥ऽ (सगण), ।ऽ। (जगण), ॥ऽ (सगण), ।ऽ। (जगण), ।ऽ। (जगण), र ऽ (गुरु) संरचनामा रहेको हुन्छ । त्यस्तै उदाहरण २ मा नेपाली झ्याउरे गीतिलय प्रयोग भएको छ । सोह्र अक्षरको एक पङ्क्ति हुने दुई पङ्क्तिमा संरचित झ्याउरे तीन र दुई, तीन र दुई ,तीन र तीन अक्षर मिलेर बनेको हुन्छ । त्यस्तै उदाहरण तीनमा एक पङ्क्तिसँग अर्को पङ्क्तिको संरचना मिलेको छैन । तर लय भने रहेको हुनाले यो मुक्तलयमा लेखिएको कविता हो ।

## ४.४ बारव्यङ्ग्य कविता सङ्ग्रहको विश्लेषण

यस कविता सङ्ग्रहमा जम्मा बाह्र ओटा कविताहरू रहेका छन् । यी बाह्रवटै कविताहरुमा विविध क्षेत्रका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गरेका छन् । यसमा सङग्रहित कविताहरूको विश्लेषण कविता तत्त्वको आधारमा गरिएको छ ।

### ४.४.१ परिचय

**बारव्यङ्ग्य** केशव दत्त बडूको दोस्रो चरणको कविता सङ्ग्रह हो । यो आकारका दृष्टिले मध्यम रूपका छ । **बारव्यङ्ग्य** कविता सङ्ग्रहको मुखपृष्ठ हल्का रातो गुलाबी रङ्गको पृष्ठभूमि छ । यसको बीचमा पृष्ठभरी हुने गरी नेपालको नक्सा कोरिएको छ । यसभित्र दिइएको चित्रहरूले नेपालको विविध किसिमको संस्कृति र रहन-सहनलाई झल्काएको छ । यस पुस्तकको भूमिकामा माधव घिमिरे र मोहनराज शर्माले आफ्नो मन्तव्य राखेका छन् । यस कविता सङ्ग्रहमा जम्मा १२ ओटा कविताहरू रहेका छन् । उनले आफ्नो जीवन भोगाइका क्रममा आरोह-अवरोह र देश-विदेशका अनुभवहरूलाई सङ्कलन गरी कवितात्मक रूप दिने क्रममा यो सङ्ग्रहको जन्म हुन्छ । यस अन्तर्गत जीवनजगत् प्रतिको उनको काव्यात्मक भोगाइका प्रतिक्रिया र देश समाजप्रति उनका विचारहरू प्रस्तुत सङ्ग्रहमा सङ्ग्रहित छन् ।

## ४.४.२ बारव्यङ्ग्य कविता सङ्ग्रहका कविताहरूको वस्तु विश्लेषण

### (१) नासिएको छ

एकदेखि सात शब्द मिलेर एक पङ्क्ति बनेको यो कविता ३६ पङ्क्तिमा संरचित मध्यम आयामको गद्य कविता हो । सुन्दर उपवन जस्तो नेपालमा हरेक क्षेत्रमा भएको विनाशलाई यसमा चित्रण गरिएको हुनाले नासिएको छ शीर्षक सार्थक छ । यहाँ ढुङ्गा बालुवा र गेगरहरू थुपारिएको उजाड भएको अवस्थाले मान्छेमा हुनुपर्ने संवेदना मानवता र अस्तित्त्व हराएर मानवीयता नभएको अवस्थाको बोध गराएको छ । कतै तिखाकाँडा जस्ता पत्थर हृदयी भएका मानिसहरूले अतिथि सत्कारको परम्परालाई छोडेर झन अतिथिलाई पीडा दिने, हेप्ने, होच्याउने, जिस्क्याउने, जस्ता काम गरेका छन् । यस्तो व्यवहार भएका मानिसहरूले गर्दा सोझा-साझा निम्नवर्गीय व्यक्तिहरूले भोग्नुपरेका दुःख-पीडाहरुलाई कवि यसरी व्यक्त गर्दछन् :

काम नलाग्ने दाउरा बाल्न पनि नहुने<br>
रुखहरू ठाडा भएका छन्<br>
माथि माथि आकाश छुन सम्म गएका छन्<br>
फेदमुनि<br>
तोरी चमेली र गुलाब जस्ता फूलहरू<br>
घाम नपाएर खुम्चिएका छन्<br>
पिरोलिएका छन् । (पृ. १)

यसमा काम नलाग्ने रुखहरू ठाडा भएका भन्नाले संवेदना शून्य, मानवीयता नभएका, अर्काको दुःख-पीडामा साथ नदिने मानिसहरू नै उच्च ओहदामा पुगेका छन् । उनीहरूले गगनचुम्बी महल बनाएर बसेका छन् । तिनकै छेउछाउमा रहेका छाप्रामा बस्ने गरिबहरूलाई तोरी, चमेली, गुलाबसँग तुलना गरिएको छ । जो हरेक काममा हरेक ठाउँमा प्रयोगमा आउँछन्, सुन्दर पनि छन् । तिनीहरू नै ती काम नलाग्ने रुखहरूको छायामा परेर खुम्चिन बाध्य भएका छन् । बरू यहाँ बँदेल र बाँदर जस्ता हिंस्रक र चलाख छट्टु जानवरी प्रवृत्ति भएका मानिसहरू हाँसेका छन् । यस्ता पशुहरूले गर्दा यो दुःखले उठाएको पृथ्वीको किल्ला भासिन पुगेको छ । जसरी कमजोर मालीको हातमा पर्दा बगैचाको संरक्षण हुन सक्दैन त्यस्तै उपवनरूपी नेपाल पनि नासिएको भाव कवि व्यक्त गर्दछन् ।

### (२) एक हड्डीका लागि

प्रस्तुत कवितामा कवि बडूले हाम्रो देशमा देखापरेका विकृति बिसङ्गतिहरूलाई विभिन्न किसिमका बिम्ब प्रतीकहरूको प्रयोग गरी व्यङ्ग्यात्मक रूपमा स्पष्ट पारेका छन् । हाम्रो

देशमा हुने गरेको भ्रष्टाचारलाई यसमा उल्लेख गरेका छन् । स्वदेशी भ्रष्टाचारीहरूलाई गन्धानालाका किरासँग तुलना गरिएको छ । विदेशी भ्रष्टाचारीहरूलाई चील, काग र फ्याउरासँग तुलना गरिएको छ ।

यसरी एक हड्डी चुस्नका लागि यी विभिन्न ठाउँबाट आएका किरा-फट्याङ्ग्रा, झिङ्गा, स्याल, कुकुर, चील, काग, आ-आफैमा झगडा गरेर अशान्ति मच्चाइरहेका छन् । नेपालमाथि गिद्धे दृष्टि राख्ने ती विदेशी चील गिद्धहरूलाई लखेटे पनि फेरी कुकुरहरूले आफ्नो स्वार्थका लागि मात्रै हो, भन्ने कुरालाई देखाइएको छ । यसरी यी भ्रष्टाचारीहरूले एकअर्कालाई देखेर इर्ष्या गरेको कुरा कवि यसरी व्यक्त गर्दछन् :

एक अर्कालाई देखेर
जोसाइ रहेछन्
मौका छोपेर
तिनीहरू आ-आफ्नो स्वार्थ नङ्ग्याइरहेछन् ।   (पृ. ४)

यसरी यो नेपाललाई सिध्याउने दाउमा स्वदेशी र विदेशी शक्तिहरू मौका हेरेर बसेका छन् । ती अवसरवादी भ्रष्टाचारीदेखि सबै नेपालीहरूले सचेत रहनु पर्दछ भन्ने भाव व्यक्त गरेका छन् ।

**(३) लोकापवादमा मान्छे नै परेका छन्**

गद्यमा संरचित यस कवितामा मान्छेले नै लोकको मान्यतालाई भङ्ग गरेको कुरा व्यक्त गरेका छन् । लोकमान्यतालाई नमान्ने पनि तिनै ठूला भनाउँदा उच्च ओहदामा रहेका नै हुन् भन्ने कुरा कवि यसरी व्यक्त गर्दछन् :

लोकापवादमा
जालमा फसेका छन्
कलंकित भएका छन्
ठूल्ठूला घरमालिक
ठूल्ठूला बनाइएका छन्
जसका शालिक    (पृ. ५)

लोकापवादमा ठूलाबडा परेका छन् भने कुनै किसिमको दण्ड सजाय दिइदैन । ती उच्च ओहदाका मानिसहरूको किन अपमान गर्नु, अन्जानमै त्यस्तो गल्ती भयो होला भनेर माफ गर्ने

परिपाटी ठूलाबडालाई ऐन कानून नलाग्ने अवस्थालाई व्यङ्ग्यात्मक रूपमा देखाएको छ। यिनकै प्रभावमा परेर सञ्चारजगत् पनि प्रभावित भएको कुरा कवि यसरी व्यक्त गर्दछन् :

आकाश वाणीले पनि राम्रो काम गर्दागर्दै
नराम्रो नतिजा देखापरेको छ
पत्र पत्रिकाहरूले पनि
सत्यासत्य खबरहरू बोक्नु परेको छ। (पृ. ६)

यसरी पत्रकारिताजगत् पनि स्वतन्त्र हुन नसकेको अवस्थालाई देखाइएको छ। दिन-प्रतिदिन नयाँ-नयाँ कानूनहरू ल्याउनुपर्ने त्यो कार्यान्वयन नहुँदै असफल हुने यथार्थ अवस्थालाई पनि यहाँ देखाइएको छ। एउटै मानिस छिन-छिनमा रूप बदलेर आफ्नो सत्वलाई गुमाएर हिंडेको हुनाले यहाँ पवित्र कुरा पनि केही रहन सकेको छैन। किलोग्रामले पनि झुटो निर्णय दिनुपरेको अवस्थाले न्याय दिन नसकेको कुरालाई स्पष्ट पारिएको छ।

(४) **दृष्टि**

यस गद्य कवितामा कविले दृष्टि परम्परागत भएकोले यसलाई परिवर्तन गर्नुपर्दछ भन्ने भाव रहेको छ। परम्परागत दृष्टि (हेराइ)ले वर्तमानमा काम दिन नसकेको भाव कवितामा रहेको छ। मान्छे कामले ठूलो बन्नुपर्दछ, जातले होइन। कामको मूल्याङ्कन हुनुपर्दछ तर यहाँ कामको मूल्याकन भएको देखिदैन। यसलाई प्रष्ट्याउन पिपल र वरलाई लिएका छन्। पिपल ठूलाबडाको धनी उच्च पदस्थ व्यक्तित्वहरूको प्रतीक बनेर आएको छ भने वर परिश्रमी, गरिब, कर्तव्यनिष्ठको प्रतीक बनेर आएको छ। सम्पन्न परिवारमा जन्मिएको छ भने जस्तोसुकै मूर्ख निर्दयी खराब भए पनि जन्मले नै त्यो राम्रो मान्ने परम्परा रहेको छ, तर एउटा गरिब निम्नवर्गीय परिवारमा जन्मिएको छ भने उसले अरूको भलाई गर्ने, उपकार गर्ने काम गरेर सामाजिक कार्यमा जीवन बिताए पनि ऊ समाजमा पछाडि पारिएको हुन्छ, गणनामा आउँदैन, भन्ने कुरालाई कविले कविता मार्फत यसरी व्यक्त गरेका छन् :

पिपललाई पुज्ने गर्दछन्
प्रतिष्ठा पाएको हुनाले
त्यो पिपल निर्जन बनमा
ठूलो चट्टानमा
पैदा भएको किन नहोस्

पिपललाई पुज्ने गर्दछन्

तर वरको पुजा हुदैन

चौबाटोमा बसेको किन नहोस्

अनेकौ प्राणीहरूलाई आश्रय किन नदेओस् ॥ (पृ. ७,८)

यसरी पिपल समाजमा सम्पत्तिले उच्च प्रतिष्ठा कमाएको व्यक्तिको प्रतीक र वर समाजसेवी निम्नवर्गीय व्यक्तिको प्रतीकको रूपमा आएको छ । समाजमा कामले भन्दा नामले र धनले मानिसको मूल्याङ्कन गर्ने प्रक्रियाको व्यङ्ग्यात्मक भाव यसमा प्रस्तुत गरिएको छ ।

**(५) म नर्कलोकको नेता हूँ**

यस कवितामा कविले तत्कालीन नेपालका शासकहरू प्रतिको असन्तुष्टि व्यक्त गरेका छन् । नेपालका शासकहरू पहिले जतिसुकै इमान्दार भए पनि कुर्सीको स्पर्शले इमान्दारिता नष्ट हुने सङ्केत व्यङ्ग्य कविताद्वारा दिएका छन् । जति नेताहरू वा शासकहरू आए पनि सबै उस्तै-उस्तै मान्दै कविले हाम्रो देश नेपाललाई नर्क र यहाँका शासकहरूलाई नर्कका अधिपति भनेका छन् । अपराधी, पापी, दम्भी जस्ता अत्याचारी व्यक्तिको लागि मात्र नर्कमा ठाउँ भएको देखाउँदै भूलवश राम्रो नेता जन्मेको भए पनि तुरुन्त आफ्नो आचरण परिवर्तन गरी नर्क लोकको आदिवासी हुन आह्वान गर्दै कडा रोष व्यक्त गरेका छन् । राम्रो काम गर्ने मान्छेले नेपालमा स्थान पाउँदैन । नराम्रो काम गर्नेले मात्रै पद र प्रतिष्ठा कमाएको कुरा व्यक्त गरेका छन् । यसरी देशलाई जसले विकासको गतिमा लान प्रयत्न गर्दछ त्यस्तो मान्छे यहाँ धेरै टिक्न नसक्ने भावलाई कवि यसरी व्यक्त गर्दछन् -

भित्र जो साफ राखेर

बाहिर स्वाङ गर्दछन्

एक्कासी नर्कमा पुगी

तुरत्न स्वर्ग झर्दछन् । (पृ. १०)

यसरी यहाँ सत्तालाई नर्कसँग तुलना गरिएको छ । समग्रमा भन्दा कविले नेपालका बहुदलकालीन शासकहरू प्रतिको असन्तुष्टि र आगामी दिनमा सुधारको स्वर यस व्यङ्ग्य कविताद्वारा दिन खोजेका छन् ।

**(६) चोलासाट्न थाले**

कवि बडूको यस लघु गद्य कवितामा प्रजातन्त्रको स्थापना गर्न लागिपरेका जनयोद्धाहरूले पञ्चायती व्यवस्थालाई फालेर प्रजातन्त्रको स्थापना गरे पनि तिनले प्रजातन्त्रको

आभास गर्न नपाएको कुरा देखाइएका छन् । प्रजातान्त्रिक शासन व्यवस्थामा पनि सर्वसाधारण जनताले चरम यातना र शोषण एवं पीडा भोग्नु परेको युगीन यथार्थलाई यस कविताले केन्द्रीय कथ्य बनाएको छ। प्रजातन्त्रको पुनर्स्थापनापछिको राजनीतिक अवस्थाको चित्रण गर्ने कविताका केही अंशहरू यस प्रकार छन् :

मुर्दाहरू उठ्न थाले
क्षयरोगले पीडित भएका
कुष्टरोगले ग्रसित भएका
बिमारीहरू कसरत गर्न थाले
अब हेर
कफन फुकालेर मुर्दाहरू घुम्न थाले
ज्यूदालासहरू मसान घाट पुग्न थाले ।   (पृ. ११)

यस कवितांशमा जुनसुकै तन्त्रआए पनि सोझा साझा कर्तव्यनिष्ठ नेपालीहरू मारमा नै पर्दछन् । यसमा मुर्दाहरू उठ्न थाले भन्नाले पञ्चायती व्यवस्थाका शोषकहरू जुर्मुराउन थालेको अवस्थालाई देखाइएको छ । क्षयरोग र कुष्टरोगले पीडित भन्नाले जनतालाई स्वतन्त्र हुन नदिने हीनभावनाले पीडित ग्रसितहरू प्रजातन्त्र प्राप्ति पछि प्रजातान्त्रिक कसरतमा आएको कुरालाई सङ्केत गरेको छ । यसरी प्रजातन्त्र प्राप्तिपछि पनि रूप परिवर्तन गरेर अर्थात् चोलासाटेर सत्तामा पुगेका छन् । जो सबैको स्वतन्त्रताका लागि डटेर लडेका थिए तिनलाई नै फेरी दबाउन थालेको देखिन्छ । जसले प्रजातन्त्र प्राप्तिका लागि आफ्नो ज्यानको समेत पर्वाह नगरेर लडेका थिए । लड्दा-लड्दै घाइते भएका थिए । ती आन्दोलनका घाइतेहरूलाई सम्मान गर्नुको साटो उल्टै मसानघाट लगेको घटनाले तिनीहरूको मर्म र भावनालाई नबुझेको, फेरी उनै पञ्चायती दाहासंस्कार दिन बाँकी रहेका मुर्दाहरूले सत्ता समालेको यथार्थतालाई देखाइएको छ ।

**(७) प्रजातन्त्रको फल**

चवालीस पङ्क्तिमा संरचित यो कविता मझौला आकारको छ । यसमा प्रजातन्त्रको पुनर्स्थापनापछि पनि प्रजातन्त्रको मूल्यबोध हुन नसकेको युगीन यथार्थलाई अभिव्यञ्जित गरेका

छन् । नेताहरूमा प्रजातन्त्रको मूल्यबोध हुन नसक्दा यथास्थितिवादी प्रवृत्ति नहटेको नेताहरूमा जनउत्तरदायी भावना र प्रजातान्त्रिक संस्कार नभएको हुँदा जनताले प्रजातन्त्रको फल एवं मूल्यबोध गर्न नपाएको र यसबाट प्रजातन्त्र नै सङ्कटको अवस्थामा पुगेको कुरा पनि यस कविताले अभिव्यक्त गरेको पाइन्छ । प्रजातन्त्रमाथि नै प्रश्न चिन्ह खडा भएको छ । प्रजातन्त्रको फल अपेक्षा अनुसार नभएको कुरालाई कवि यसरी व्यक्त गर्दछन् :

कसैले आफ्नो प्राण गुमायो
अरू कसैले कुर्सी पायो
जनताको खुन चुसेर मोज लुटायो
भूँडी बढायो
काठमाडौं नै घर बनायो
खाद्यान्नको भाउ बढायो
जनप्रियताका भाव देखायो
सोर्सबढायो फोर्स बढायो
इमान्दारले दुःख उठायो । (पृ. १२)

निमुखा गरिब जनताहरूलाई लडाएर उनीहरूले दिएको बलीदानीबाट प्राप्तसत्तामा कुनै अर्कै शासक रूपपरिवर्तन गरी आएको यथार्थतालाई यस कवितामा उल्लेख गरेका छन् । जनतालाई दुःख दिएर आफू सुविधा सम्पन्न ठाउँमा बस्ने, कमिसनका लागि खाद्यान्नको भाउ बढाउने यथार्थतालाई प्रस्तुत गरिएको छ । सरकारमा पुगेपछि विकासका कामभन्दा सोर्स-फोर्स गुण्डागर्दी गर्न लगाएर विकासका कार्यलाई लत्त्याई भुँडी भर्ने, नातावाद-कृपावाद गर्ने कुरा प्रष्ट्याएका छन् । जस्तोसुकै तन्त्र आए पनि इमान्दारले दुःख पाएको मानवता हराउँदै गएको हुनाले प्रजातन्त्रको फल आस्वाद्य हुन नसकेको अभिप्रायः यस कवितामा रहेको छ ।

**(८) चार खुट्टेको तानातान**

चार खुट्टेको तानातान कविता मझौला आकारको गद्यकविता हो । यस कवितामा कविले सत्तालोलुप नेताहरूको मानसिकता र मनोवृत्तिलाई मूल कथ्य बनाइएको छ । कवितामा प्रयुक्त चारखुट्टे शब्दले कुर्सी र कुर्सी शब्दले प्रधानमन्त्री, मन्त्री लगायतका सत्ताका उच्च पदस्थहरूको प्रतीकात्मक अर्थ बुझाएको छ भने तानातान शब्दले त्यस कुर्सीका लागि झगडा भन्ने अर्थ

बुझाएको छ । यहाँ कुर्सीको लागि स-साना कुरामा विवाद गरेर लडाइ गर्ने प्रचलनलाई कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् ।

वाद-वादमा
विदाद बढेका छन्
यहाँ दिनहुँ लडेका छन्
आफू पनि लडेका छन्
अरूलाई पनि लडाएका छन् । (पृ. १४)

सत्ताप्राप्तिका लागि पार्टीहरू भित्र हुने झगडा र पार्टी-पार्टीबीच हुने झगडालाई यसमा उल्लेख गरेका छन् । जति-जतिमाथि उच्च पदमा जान्छन्, त्यति-त्यति विवाद गर्ने परिपाटी बढेको छ । गाउँ सहर, सानो ठूलो, ठूलो सानो, सहर गाउँ, कोही पनि विवादरहित रहन सकेका छैनन् । सत्ता प्राप्तिकै लागि जनतालाई विभिन्न किसिमका पार्टीहरूमा विभाजन गरी लडाएका छन् । पाटी भित्र पनि विभिन्न किसिमका गुट र उपगुट भई सत्ताकै लागि लडाइ गर्ने सानो कुरामा पनि आफू अनुकूल नहुँदा जनता उठाएर क्रान्ति गराएका छन् । हुँदा-हुँदा क्षेत्रीय र जातीय विभेदलाई पनि उठाएर सत्ता प्राप्तिको दाउ हेरिरहेका छन् भन्ने कुरालाई यस कवितामा उल्लेख गरेका छन् ।

**(९) आजका मान्छे**

'आजका मान्छे' कविता **बारव्यङ्ग्य** कविता सङ्ग्रमा सङ्ग्रहित सत्ताईस पङ्क्तिमा संरचित गद्य कविता हो । आजको अत्यन्त भौतिकवादी जीवनशैली वर्तमानका युद्ध सन्त्रास आतङ्क र आजको मान्छेमा देखिएको वैयक्तिक मनोवृत्ति र बिरानोपन आदिका कारण आजको मान्छे संवेदनाशून्य, हृदयहीन, कठोर एवं यन्त्रवत् भइरहेको यथार्थलाई यस कवितामा प्रस्तुत गरिएको छ । मान्छे चेतनाशून्य हुँदै गइरहेको आत्मियता हराउँदै गएको कुरा यस कविताले अभिव्यक्त गरेको देखिन्छ । कवितामा 'म' पात्र जीवनको यात्रामा एकोहोरो नदीजस्तो बगिरहँदा अकस्मात् कुनै अर्को व्यक्तिसँग भेट हुँदा एकछिन त ऊ खुशी हुन्छ, तर त्यसको व्यहार देख्दा 'म' पात्र पनि डराउँछ र उसले कल्पना गर्न थाल्दछ :

तर
त्यो दानव रहेछ
मानव रहेनछ

मानव पनि दानव झैं हिड्दा रहेछन्

दानव पनि मानव झैं हिडिरहेछन् ।

यो धर्तीमा (पृ. १६)

एउटा मान्छेले अर्को मान्छेलाई भेट्दा प्रेम सद्भाव सुख-दुःखका कुरा त परै जाओस् मानवकै दृष्टिले पनि हेर्दैन, हिंस्रक बनेको छन् । मानवको जन्म लिए पनि दानवको जस्तो व्यवहार गरिरहेका छन् । यस धर्तीमा मानव र दानवलाई छुट्याउन गाह्रो छ । यस्ता दानवरूपी मानवको सङ्गत गर्नुभन्दा एक्लै हिड्नु राम्रो मान्दछ । यसरी अहिलेका मान्छेको एकले अर्कोलाई विश्वास गर्न नसक्ने परिस्थितिलाई यसमा उल्लेख गरिएको छ ।

**(१०) गुफाभित्र युद्ध भयो**

यो कविता पन्ध्र पङ्क्तिमा संरचित मझौला आयामको कविता हो । कविले यस कवितामा हाम्रो देशमा हुने गरेको चुनावी युद्धलाई, राजनैतिक उथल-पुथल र त्यसबाट विजयी नेताहरूले गर्ने क्रियाकलापलाई कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् । यसमा भालु आयो हात्ती आयो गुफा भित्र युद्धभयो भन्दै हाम्रो देशमा आएका राजनैतिक परिवर्तन र त्यसका नाइकेहरूलाई सङ्केत गरिएको छ । फ्याउरो, ऊँट, मृगहरू जस्ता छट्टु मोहनी रूपहरूलाई (कार्यकर्ताहरूलाई) प्रचार प्रसारमा खटाएर गाउँका सोझा-साझा जनताहरू फकाएर फुल्याएर जङ्गली भालुले राज पाउँछन्, अनि सोझा साझाहरूका वास्तै नगरी ढुकुटी भर्न पट्टिलाग्ने प्रवृत्तिलाई कवि यसरी प्रस्तुत गर्दछन् :

चितुवालाई पटाएर

जङ्गलको भालु आयो

गुफाभित्र राज पायो

अनिपछि भालु सबै

खान लागे गहुँ मकै । (पृ. १८)

यहाँ राजनैतिक परिवर्तन र शासक परिवर्तन नभएका होइनन् तर विभिन्न किसिमका राजनीति र कुटनीतिले राज्य सत्तामा पुग्ने र अरूको वास्तै नगरी आफू र आफ्ना भरौटेहरूलाई मात्रै हेर्ने प्रवृत्तिलाई सङ्केत गरिएको छ । शासन सत्तामा जो आए पनि आफू आफैमा झगडा गर्दछन्, त्यसले अरू जनतालाई पीर परेको बुझ्दैनन् । त्यस्तै प्रसङ्गमा कविले

फेरी यिनीहरूको लडाइ झगडा र अशान्त  वातावरणले बसिनसक्नु भएको अवस्थाबाट आजित भएका त्यहाँका बासिन्दाहरूको इच्छालाई यसरी प्रकट गर्दछन् :

हात्ती पनि परै जाओस्
भालु पनि परै जाओस्
मै हु भन्ने सिंह पनि
सधैं भरि परै जाओस्
गुफा भित्र अर्को कुनै
जनावर ठूलो आओस् ।   (पृ. १९)

यसरी विभिन्न प्रकारका शासक र सत्ताधारीहरू आए तिनले केही लछारपाटो लगाउन सकेनन् । अब फेरी अर्को कुनै समान व्यवहार गर्ने, सबैलाई समेटेर मिलाएर राख्न सक्ने शक्ति आओस् भन्ने इच्छा प्रकट गरेका छन् ।

**(११) परम्परा छोड्ने छैनौं**

३२ पङ्क्ति र ८ पङ्क्ति पुञ्जमा संरचित यस गद्य कवितामा कवि बडूले जतिसुकै राजनैतिक परिवर्तन आए पनि राजनीतिक नेताहरूमा रहेका खराब र नकारात्मक चारित्रिक दूर्गुण नै तिनका दुष्चरित्र हुन् भन्दै यस कवितामा राजनीतिक नेताहरूको दुष्चरित्रको चित्रण गरिएको छ । नेताहरूमा खलनायकी चरित्र र तिनमा देखिने अनैतिकता, दुराचार, भ्रष्टाचार, शोषकीय मनोवृत्ति, भोग विलासी प्रवृत्ति, क्रूरता, अमानवीयता, सत्तालोलुपता आदि नकारात्मक प्रवृत्तिलाई यस कवितामा व्यङ्ग्यात्मक रूपमा अभिव्यञ्जित गरेको छ । राजनीतिक नेताहरूका दुष्चरित्रका कारण जति क्रान्ति भए पनि, जति अनुहार फेरिए पनि, शासन व्यवस्था अराजक बन्दै गएको छ । यी शासन सत्तामा आसीनहरूका दुष्चरित्रलाई अभिव्यञ्जित गर्ने क्रममा कविले यसरी उल्लेख गरेका छन् :

जस्तो सुकै शासकद्वारा सासित राज्य भए पनि
अन्यायलाई मास्ने छैनौं
घुस दिने र घुस खाने पुरानै चलन हो
त्यसैले भ्रष्टाचार र अत्याचार नास्ने छैनौं
चुनावमा भोट किन्ने चलन छ
हामी नोट दिएर भोट किन्ने गर्दछौं

त्यसैले विजयी भएर सदनमा पुगे पछि

आएको बजेटले भूँडी भर्ने गर्दछौं (पृ. २१)

यी कवितांशहरूमा नेता र प्रशासनिक व्यक्तित्वहरूमा अन्यायी, अत्याचारी, घुसखोरी, भ्रष्टाचारी प्रवृत्ति विद्यमान रहेको र त्यसलाई हाम्रो परम्परा हो भन्ठान्ने प्रवृत्ति रहेको कटुसत्यलाई व्यङ्ग्यात्मक रूप प्रस्तुत गरेका छन् ।

**(१२) आफ्नै मात्र हेरिन्छ**

यस कवितामा कविले हाम्रो देशमा मौलाएको नातावाद कृपावाद, पाटीवाद, क्षेत्रवाद जे जति छन् तिनलाई देखाउन खोजेका छन् । नेताहरू उदारता देखाएर स्वार्थ लुकाएर विभिन्न ठाउँहरूबाट विजयी भएर आउँछन् अनि त्यो चार अङ्ग-प्रत्यङ्गले बनेको कुर्सी(सत्ता) मा पुगेर पेट देखाएर, छाती लुकाएर आ-आफ्नो स्वार्थ पूरा गर्नपट्टि लाग्ने यथार्थतालाई कवि यसरी वर्णन गर्दछन् :

अनि

हसुर्ने गर्दछन

पेट देखाएर

छाती लुकाएर

आफ्नै मात्र व्यवस्थामा जुट्दछन् (पृ. २३)

यहाँ छाती लुकाउनु भन्नाले हिजोको उदारताको भावनालाई लुकाउनु पेट देखाउनु भनेको हिजो लुकाएको स्वार्थलाई देखाउनु भन्ने अर्थमा आएको छ । सबै ठाउँमा खाने काममा आफै पुग्छन् । हिजोका बाचा-बन्धन र जनतालाई बिर्सन्छन् । आफू सत्तामा भएको बेला आफ्ना आफन्त, इष्टमित्र, नाता कुटुम्ब, लगायत क्षेत्र, पाटी आदिलाई मात्र हेर्दछन् भन्ने कुरा कवि यसरी व्यक्त गर्दछन् :

यसरी

चारै अङ्गहरू

अरूलाई नदेखेर

आफ्नै मात्र हेर्दछन्

नोकर

चाकर

तस्कर (पृ. २४)

सत्तासीन भएपछि नेताहरूमा दूरदृष्टि नहुने यथार्थतालाई प्रस्तुत गरेका छन् ।

### ४.४.३ बारव्यङ्ग्यमा सहभागिता/पात्र

कवितामा प्रयोग गरिएको कुनै व्यक्ति, पात्र वा चरित्र नै सहभागी हो । कविता आख्यानात्मक र प्रगितात्मक गरी दुई प्रकारका हुन्छन् । आख्यानात्मक कवितामा पात्र वा सहभागीको उपस्थिति स्पष्ट रूपमा रहेको हुन्छ भने प्रगितात्मक कविताहरूमा समाख्याताको वक्ता र टिप्पणी कर्ताका रूपमा सहभागिता रहन सक्छ । यस्ता सहभागी मानवीय र मानवेतर दुवै हुन सक्दछन् । प्रस्तुत **बारव्यङ्ग्य** भित्र पनि यी दुवैखाले पात्रको प्रयोग भएको छ । यस कविता सङ्ग्रह भित्रका बाह्रओटा कविताहरू मध्ये 'म नर्कलोकको नेता हुँ', 'आजको मान्छे' र 'परम्परा छोड्ने छैनौं' कवितामा मानवीय पात्र प्रयोग भएका छन् भने अन्य सबै कविताहरूमा मानवेत्तर पात्रको प्रयोग गरिएको छ । यस बारव्यङ्ग्य कविता संग्रहको सहभागिताको झलक यस प्रकार रहेको छ :

(१) काम नलाग्ने
दाउरा बाल्न पनि नहुने
रुखहरू ठाडा भएका छन्
माथि माथि आकाश छुन सम्म गएका छन्
फेद मूनि
तोरी चमेली र गुलाब जस्ता फूलहरू
छायामा घाम नपाएर (पृ. १)

(२) हात्ती बस्दा गुफा भित्र
हात्ती हात्ती आफै लडे
स्याल गैंडा दविएर
मर्नलागे त्यति खेर (पृ. १९)

(३) भरेर मनमा पाप
राख्दछन् जो बराबर
यमका दूतद्वारा म
नर्क डाक्छु सरासर (पृ. ९)

(४) प्रजातन्त्र आओस या राजतन्त्र आओस्
हामी परम्परालाई छोड्ने छैनौ
असमानताको व्यवहार गर्ने पुरानै चलन हो
त्यसैंले हामी नयाँ कुरालाई स्वीकार्ने छैनौं । (पृ. २१)

माथिका उदाहरणहरू मध्ये एक र दुईमा वक्तापात्र टिप्पणी कर्ताको रूपमा आएको छ भने उदाहरण तीन र चारमा क्रमशः प्रथम पुरूषका एक वचन बहुवचनका पात्रको प्रयोग गरिएको छ । यसमा म, हामी पात्रको निर्दिष्ट भूमिका देखिन्छ ।

## ४.४.४ परिवेश

कवितामा वर्णित स्थान, समय, वातावरण नै समग्रमा परिवेश हो । परिवेशले पनि कवितात्मक अर्थलाई प्रभाव पार्दछ । यस कविता सङ्ग्रहभित्र पनि स्थानिक, कालिक र वातावरणीय परिवेशको चित्रण गरिएको छ । यस सङ्ग्रहमा प्रायजसो प्रगितात्मक कविताहरू भएको हुनाले परिवेशको सामान्य सङ्केतमात्र गरिएको छ। यस कविता सङ्ग्रहमा चित्रित परिवेशलाई निम्नलिखित उदाहरणका आधारमा यस प्रकार देखाइन्छ -

(१) कतै कतै ढुङ्गै ढुङ्गा
गेगरहरू र बालुवा
टार थुपरिएर
उजाड नगर सावित भएको देखिन्छ। (पृ. १)

(२) एउटा बाटो छोडेर अर्को बाटो हिड्नु परेको छ
दिन प्रति दिन नयाँ नयाँ
कानून बनाउनु परेको छ। (पृ.६)

(३) दिन्छन जो घुस खान्छन् जो
जिन्दगीमा सधैं भरी
निश्चयै नर्क लैजान्छु
मर्त्यबाट घरी घरी (पृ. १०)

(४) त्यति त्यति विवादमा जुटेका छन्
गाउँ देखि सहर सम्म

सहर देखि गाउँ सम्म (पृ. १४)

(५) जन्मभूमिलाई कल्पन थाले

पशुपतिलाई सम्झन थाले ॥ (पृ. १७)

यहाँ पहिलो उदाहरणमा ढुङ्गालाई हृदयहीन मानव र त्यसैका साना ठूला रूपले भरिएको मानवीयताहीन सहरको अवस्थालाई चित्रण गरिएको हुनाले स्थानिक परिवेशको चित्रण भएको छ । उदाहरण दुईमा नेपालको कानूनी अवस्थालाई देखाइएको हुनाले वातावरणीय र दिन प्रतिदिन जस्ता शब्दहरूले कालिक परिवेशको चित्रण गरिएको छ । उदाहरण तीनमा घुस खाने र घुस दिने जस्ता विकृतिहरूलाई देखाउँदै स्वर्ग, नर्क जस्ताशब्दहरू प्रयोग गरिएकाले वातावरणीय र स्थानिक परिवेशलाई झल्काएको छ । त्यस्तै उदाहरण चारमा जन्मभूमि र पशुपतिनाथ जस्ता स्थानिक परिवेशलाई जनाएको छ । यसरी यस सङ्ग्रहभित्र पनि स्थानिक, कालिक र वातावरणीय परिवेश सामान्य रूपमा भेट्न सकिन्छ ।

## ४.४.५ उद्देश्य

स्रष्टामा तत्कालीन परिस्थितिको प्रभाव रहन्छ । परिवेशको वातावरण, संस्कार संस्कृति, स्रष्टाको पारिवारिक स्थिति जस्तो छ त्यस्तै प्रकारको सिर्जना जन्मन्छ । स्रष्टाले आफ्ना जीवन भोगाइमा आइपरेका उतारचढावलाई नै आफ्ना भावनाहरूमा समेटेको हुन्छ । आफू बाँचेको संसार, रीतिस्थिति घटनाहरू, कविका विचारहरू नै कवितामा कथ्य भएर आएका हुन्छन् । समाजबाट प्रभावित कविले आफ्नो राष्ट्र, समाजप्रति श्रद्धा राखेको हुन्छ । समाजका विकृत विसंङ्गत घटनाहरूबाट प्रभावित कविले आफ्नो मनका भावना, चिन्तन र विचारहरू कवितामार्फत व्यक्त गरेको हुन्छ । स्रष्टाले भावना, चिन्तन र विचारहरू मार्फत राष्ट्रको, समाजको र सामाजिक परिस्थितिप्रति केही क्रियाप्रतिक्रिया व्यक्त गरेको हुन्छ अर्थात् कविको भावनामा आधारित जे स्फूरण हुन्छ, त्यही नै कविताको रूपमा आउँछ । परम्परा संस्कृतिको छाप, कवि बाँचेको जीवनको राप, धार्मिक राजनीतिक छाप जस्ता विषयलाई कविले आफ्ना कविताको विषय बनाएको हुन्छ । कविले त्यस विषयलाई वस्तु अनुरूप पाठकको मनमा एउटा छाप छाड्दछ, त्यही रस भाव हो पाठकका मनमा रहेको स्थायीभावलाई कवितामार्फत जुन अवस्थामा प्रकटित वा आस्वादित हुन्छ त्यही रस हुन्छ ।

कवि केशव दत्त बडूको **बारव्यङ्ग्य** कविता सङ्ग्रहमा यस्तै किसिमका कविताहरू संकलित छन् । कविको उमेरसँग पनि उनका कविताहरू प्रत्यक्ष रूपमा सम्बन्धित भएका छन् । कवि बडूले आफ्ना जीवनमा आइपरेका, देखेका, भोगेका गतिविधिहरूलाई अत्यन्त कलात्मक किसिमले भावात्मक अभिव्यक्तिद्वारा अभिव्यक्त गरेका छन् । लामो समयसम्मका आफ्ना मनका विचारहरूलाई प्रस्तुत सङ्ग्रहमा संग्रहित गरिएका छन् । आफ्ना जीवनका घुम्तिहरूले आफूलाई पारेको प्रभाव कस्तो छ भन्नेकुरा कविको अन्तर अभिव्यक्तिमा पाउन सकिन्छ । समाजलाई विकासको बाटोतर्फ लैजानका लागि कविले बढी आग्रह गरेका छन् । उनले यस कविता सङ्ग्रहमा हाम्रो देशमा देखापरेका विविध क्षेत्रसँग सम्बन्धित समस्याहरूलाई व्यङ्ग्यात्मक रूपमा देखाएका छन् । राजनीति जस्तो शब्दको र परम्पराको दुरूपयोग गर्ने नेता, परम्परागत दृष्टिकोण राख्ने रूढिवादी समाज, विभिन्न तह र तप्कामा रही भ्रष्टाचार गर्ने भ्रष्टहरूप्रति उनले तिखो व्यङ्ग्य प्रहार गर्दै सबैलाई समयमा सचेत गराउनु नै यस खण्डकाव्यको प्रमुख उद्देश्य रहेको छ । प्रस्तुत कविता सङ्ग्रहभित्र राष्ट्र र राष्ट्रियताप्रति कविको भाव बढी झल्केको पाइन्छ ।

## ४.४.६ दृष्टिविन्दु

यस कविता सङ्ग्रहमा सङ्ग्रहित कविताहरू प्रथमपुरूष  दृष्टिविन्दु र तृतीयपुरूष दृष्टिविन्दुको प्रयोग गरी लेखिएका छन् । प्रथमपुरूष दृष्टिविन्दुको प्रयोग गरी लेखिएका कविताहरूमा ‘म नर्कलोकको नेता हुँ’, ‘आजका मान्छे’, ‘परम्परा छोड्ने छैनौं’ आदि हुन् । तृतीयपुरूष दृष्टिविन्दु प्रयोग भएका कविताहरूमा ‘नासिएको छ’, ‘एक हड्डीका लागि’, ‘लोकापवादमा मान्छे नै परेका छन्’, ‘दृष्टि’, ‘चोला साट्न थाले’, ‘प्रजातन्त्रको फल’, ‘चारखुट्टेको तानातान’, ‘गुफाभित्र युद्ध भयो’, ‘आफ्नै मात्र हेरिन्छ’ आदि हरेका छन् । यसमा प्रयोग भएका दृष्टिविन्दुका केही उदाहरण यस प्रकार रहेका  छन् :

(१) प्रजातन्त्र आओस या राजतन्त्र आओस
हामी परम्परालाई छोड्ने छैनौं
असमानताको व्यवहार पुरानै चलन हो
त्यसैले हामी नयाँ कुरालाई स्वीकार्ने छैनौं । (पृ. २१)
चुनावमा भोट किन्ने चलन छ
हामी नोट दिएर भोट किन्ने गर्दछौं

त्यसैले विजय भएर सदनमा पुगेर
आएको बजेटले भूँडी भर्ने गर्दछौं ।     (पृ. २२)

(२) चिता दाहासंस्कार
दिन बाँकिरहेका
मुर्दाहरू उठ्न थाले
क्षयरोगले पीडित भएका
कुष्टरोगले  ग्रसित भएका
बिरामीहरू कसरत गर्न थाले
अब हेर
कफन फूकालेर मूर्दाहरू घुम्न थाले
ज्यूँदा लासहरू
मसानघाट पुग्न थाले ।     (पृ. ११)

पहिलो उदाहरणमा समाख्याता हामी हो यो कविता पूरै प्रथमपुरूष दृष्टिविन्दुको प्रयोग गरी लेखिएको छ । परम्परित भ्रष्टाचारी प्रवृत्ति भएका मान्छेहरूको रूपमा रहेको हामी पात्र समाख्याता हो । त्यसकारण यसमा प्रथमपुरूष दृष्टिविन्दु वा आन्तरिक दृष्टिविन्दु प्रयोग भएको  छ । उदाहरण दुईमा कुनै किसिमको मानवीय पात्र भेट्टिदैन । यसमा कवि स्वयंले आफ्ना विचारहरू राखेका छन् । यो असहभागी वा तृतीयपुरूष दृष्टिविन्दुको प्रयोग भएको कविता  हो । यसमा स्वयं कविले सबै कुरा जाने बुझे जस्तो गरी प्रयोग गरेको छ । यसलाई अर्को शब्दमा सर्वज्ञ दृष्टिविन्दु पनि भनिन्छ । यसरी यस कविता सङ्ग्रहमा आन्तरिक बाह्य दुवै दृष्टिविन्दुको प्रयोग भएको छ ।

### ४.४.७ भाषा

भाषाकै माध्यमले विचारलाई आदानप्रदान गरिन्छ । भाषा नभए कृतिको कल्पना सम्म गर्न सकिदैन । भाषा पनि सरल बोधगम्य र सरस हुनु आवश्यक छ । कृतिको भाषा सरल भयो भने मात्र सबैले बुझ्न र शिक्षा लिन सक्छन् । यस कविता सङ्ग्रहको भाषा पनि सरल खालको छ । यसमा केही  तत्सम र आगन्तुक शब्दहरूको र भाषिकाको प्रयोग पनि भएको पाइन्छ ।  जस्तै :

(१) <u>ताना तान</u> भइ रहेछ
<u>हाना हान</u> भइ रहेछ

चार खुट्टेको लागि

दुईखुट्टे हरूले

*विवाद* बढाएका छन् ।     (पृ. १५)

(२) **सोर्स** बढायो

**फोर्स** बढायो

**इमान्दार**ले दु:ख उठायो

**बेइमान**हरूले भोज मनायो ।  (पृ. १३)

(३) मनमा *पाप* राखेर

बाहिर **साफ** गर्दछन्

*शीघ्राति शीघ्र*ति आत्मा

*अवश्य नर्क* सर्दछन् ।   (पृ. १०)

उपर्युक्त उदाहरणमा गाढा अक्षरले लेखिएका शब्दहरू आगन्तुक , छड्के लेखिएका शब्दहरू तत्सम र  रेखाङ्कन गरिएका शब्दहरू द्वित्व भएर आएका छन् । यसरी तत्सम र आगन्तुक बहुल प्रयोग भए पनि प्रचलित शब्दहरूको  प्रयोगले भाषा सरल, सहज र सम्प्रेषणीय भएको छ ।

## ४.४.८ शैली

शैली प्रस्तुतिको तरिका हो । शैलीकै आधारमा कविको कवित्व चिनिन्छ । शैलीले नै कविलाई चिनाएको हुन्छ । शैलीभित्र विभिन्न कुराहरू पर्दछन्, तीमध्ये यसमा बिम्ब, प्रतीक, अलङ्कार र लयलाई मात्र लिइएको छ ।

### ४.४.८.१ बिम्ब

बिम्बले भावको प्रस्तुतिलाई रोचक बनाइदिन्छ । यस कविता सङ्ग्रहमा बिम्बको प्रयोग भएका केही उदाहरणहरू यस प्रकार रहेका छन् :

(१) तोरी चमेली र गुलाब जस्ताफूलहरू

छायामा

घाम नपाएर

खुम्चिएका छन्

पिरोलिएका छन्  (पृ. १)

(२) रस चुस्न नपाएका

गन्धा नालाबाट आएका

भिङ्गाहरू घुमिरहेछन्

चुसिरहेछन् ।   (पृ. ३)

यहाँ उदाहरण एकमा खुम्चिएका पिरोलिएका तोरी, चमेली, गुलाबहरूको बिम्बद्वारा विपन्न गरिब नेपालीको अवस्थालाई देखाइएको छ भने, उदाहरण दुईमा गन्धानालाबाट आएका भिङ्गाहरू चुसीरहेको र घुमिरहेको जस्ता सन्दर्भहरूले दृष्य वा चाक्षुष बिम्बको प्रयोग भएको छ ।

## ४.४.८.२ प्रतीक

प्रतीकले पनि सूक्ष्म कुरा दर्शाउनका लागि स्थूल रूपमा वर्णन गर्दछ । बारव्यङ्ग्य कविता सङ्ग्रहमा प्रतीकहरूको प्रयोग सफल रूपमा नै भएको पाइन्छ । त्यसमा प्रयोग भएका केही प्रतीकहरूका उदाहरण यस प्रकार रहेका छन् :

(१) चितादाह संस्कार

दिन बाँकि रहेका

मूर्दाहरू उठ्न थाले ।   (पृ. ११)

(२) पिपललाई पुज्ने गर्दछन्

प्रतिष्ठा पाएको हुनाले  (पृ. ७)

(३) पेट देखाएर

छाती लुकाएर

आफ्नै मात्र

व्यवस्थामा जुट्छन् ।  (पृ. २३)

माथिका यी उदाहरणहरू मध्ये उदाहरण एकमा मुर्दाहरू पञ्चायती व्यवस्थाका शासकहरूको प्रतीकको रूपमा आएका छन् । अझ उनीहरू जुर्मुराउन थालेको सङ्केत गरिएको

छ । उदाहरण दुईमा पिपल धनी वर्गको प्रतीकको रूपमा प्रयोग भएको छ भने उदाहरण तीनमा पेट स्वार्थको प्रतीक र छाती निस्वार्थताको प्रतीक बनेर आएको छ ।

### ४.४.८.३ अलङ्कार

कवितामा अङ्कारले भाषा तथा अर्थको सौन्दर्यलाई प्रखर तुल्याइदिन्छ र शब्द एवम् अर्थमा चमत्कार उत्पन्न गर्न र कविताको सौन्दर्य अभिवृद्धि गरी लयात्मकताको सिर्जना गर्न पनि अलङ्कारको विशेष भूमिका देखिन्छ । यस कविता सङ्ग्रहमा प्रयोग भएका शब्दालङ्कार र अर्थालङ्कार यसप्रकार रहेका छन् :

(१) मानव पनि दानवझैं हि्डदा रहेछन् (पृ. १६)

(२) मानव रूपी दानव
बीचमै अलप भयो (पृ. १७)

(३) चुनावमा भोट किन्ने चलन छ
हामी नोट दिएर भोट किन्ने गर्दछौं ।
त्यसैले विजय भएर सदनमा पुगे पछि
आएको बजेटले भूँडी भर्ने गर्दछौं ॥ (पृ. २२)

(४) जङ्गलको भालु आयो
गुफा भित्र राज पायो
अनि पछि भालु सबै
खान लागे गहुँ मकै (पृ. १८)

उदाहरण एकमा उपमानका रूपमा दानव र उपमेय मानव, झै वाचक शब्द प्रयोग भएकोले यहाँ उपमा अलङ्कारको प्रयोग भएको छ । उदाहरण दुईमा उपमानमा उपमेयको अभेध्य आरोप गरिएकोले रूपक अलङ्कार प्रष्ट देखिन्छ । उदाहरण तीनमा चुनावको बेलामा नेताहरूले भोट किन्ने गरेको र सदनमा पुगेपछि भ्रष्टाचार गर्ने प्रवृत्तिको यथार्थ वर्णन गरिएकोले स्वभावोक्ति अलङ्कार भएको छ भने उदाहरण चारमा र अरू सबैमा पनि शब्दालङ्कार प्रयोग भएको छ । आयो पायो, सबै मकै जस्ता शब्दहरू अन्त्यमा दोहोरिएका हुनाले अन्त्यानुप्रास अलङ्कारको प्रयोग भएको छ । यसरी शब्दालङ्कार र अर्थालङ्कारको प्रयोगले कवितासंग्रहलाई उत्कृष्ट बनाएको छ ।

### ४.४.८.४ लयविधान

प्रस्तुत 'बारव्यङ्ग्य' कविता सङ्ग्रहमा मुक्त किसिमको गद्यलयढाँचाको श्रुतिमोहक प्रयोग गरिएको छ । स्वर व्यञ्जन वर्णका उच्चारणगत साम्यबाट झङ्कृत हुने आन्तरिक अनुप्रासीय श्रुतिमाधुर्य यस कविता सङ्ग्रहका कविताहरूमा मुक्तलय ढाँचा नै व्याप्त रहेको छ । यसमा लयात्मक पङ्क्तिहरूका बीच अन्त्यानुप्रासको युक्तता र मुक्तताका दोहारै प्रवृत्ति पाइन्छन् ।

(१) तर
वरको पूजा हुदैन
चाहे त्यो
अनेकौ शाखाद्वारा परिपूरित भएर
चौबाटोमा बसेको किन नहोस्
अनेकौ प्राणीहरूलाई आश्रय किन नदेओस् । (पृ. ८)

(२) पत्रपत्रिकाहरूले पनि
सत्यासत्य खबरहरू बोक्नुपरेको छ ।
एउटामार्ग छोडेर अर्को मार्गमा हिड्नु परेको छ । (पृ. ६)

सुकोमल, सुललित, र सङ्गीतमय पदावलीको प्रयोगले गर्दा यसको गद्य निकैमिठो बनेको छ । यसका गद्यात्मक पङ्क्तिहरूमा न्यूनतम एक शब्ददेखि अधिकतम छ सात शब्दसम्मको वितरणगत चौडाइ फेला पर्छ त्यो पङ्क्ति योजना नेपाली भाषाका शब्दात्मक, पदावलीगत वाक्यखण्डात्मक एवं वाक्यात्मक घटकका विविधतापूर्ण चलन विचलका क्रमबाट कहीँ मन्द र कहीँ तीव्र सङ्गीतलहरले ओतप्रोत हुन पुगेको देखिन्छ ।

## ४.५ हिन्दी भाषामा लेखिएका कविताहरूको परिचय

कवि बडूले साहित्ययात्राको पहिलो चरणका कृतिमा नेपाली र हिन्दी दुवै भाषाको प्रयोग गरेको पाइन्छ । यिनका हिन्दी भाषामा लेखिएका कविताहरू केही **नौरङ्गे साहित्य** (२०३८)को दोस्रो भागमा उल्लेख छन् भने केही समयको अन्तरालपछि समसामयिक परिर्वतका क्रममा देखापरेका विकृति र विसङ्गतिहरूलाई व्यङ्ग्यात्मक रूपमा देखाउँदै २०५१ सालमा **ऐसा आया जमाना** व्यङ्ग्य कविता प्रकाशनमा ल्याएका छन् । यसमा यिनै केही फुटकर कविता र व्यङ्ग्यकविताको सामान्य चर्चा गरिएको छ ।

**नौरङ्गे साहित्य**(२०३८) सालमा प्रकाशित कविता सङ्ग्रहको दोस्रो भागमा 'श्री राम वन्दना', 'जुआ', 'दुष्ट मानव', 'स्वार्थ', 'ऋतुराज वसन्त', 'ग्रीष्म ऋतु' कविताहरू रहेका छन् । उनको पहिलो 'श्री राम वन्दना' कवितामा रामलाई आराध्यदेव मानेर रामकै नामले यो भवसागर पार गर्न सकिन्छ भन्ने भाव प्रस्तुत गरिएको छ भने 'जुआ' कवितामा जुआ तासले मानिसको धनदौलतसँगै इज्जत पनि जाने हुनाले यस्तो कार्यमा लाग्नु ठीक होइन भन्दै यस्तो कार्यबाट हामीले सधैं बच्नुपर्ने भाव व्यक्त गरिएका छन् । तेस्रो फुटकर कवितामा उनले 'दुष्ट मानव' शीर्षकमा खराब नियत भएका स्वार्थी, पापी, नीच  व्यक्तिहरूले सोझासाझा व्यक्तिहरूलाई कसरी दुःख दिएका हुन्छन् भन्ने कुरा उल्लेख गरेका छन् । 'स्वार्थ' ' कवितामा पनि उनले अहिलेको स्वार्थी मानिसको कार्य र उसको व्यवहारलाई देखाइएको छ । 'ऋतुराज वसन्त'मा वसन्तऋतुको प्राकृतिक सौन्दर्य र त्यसले प्रकृतिमा ल्याएको परिवर्तनलाई कलात्मक तरिकाले वर्णन गरेका छन् भने अन्तिम 'ग्रीष्म ऋतु' कवितामा वसन्तऋतुको हरियालीलाई ठाडै निले जस्तो अग्निज्वालाको रूपमा ग्रीष्मऋतुको वर्णन गरेका छन् ।

२०५१ सालमा प्रकाशित व्यङ्ग्य कविता **ऐसा आया जमाना** लामो कविताको रूपमा लिन सकिन्छ । हिन्दी भाषामा लेखिएको भए पनि यस कवितामा प्रायजसो सबै परिवेशलाई समेटेको छ । यसमा समसामयिक समयमा परिवर्तनका नाममा देखापरेका समस्याहरूलाई व्यङ्ग्यात्मक रूपमा व्यक्त गरेका छन् । यसमा सामाजिक व्यवहार, धार्मिक क्षेत्र, शैक्षिक, राजनीतिक, युवावर्गमा आएको विकृति, व्यापारिक क्षेत्रमा आएको विकृति आदिलाई यथार्थ ढङ्गले उल्लेख गर्दै व्यङ्ग्य गरेका छन् ।

## ४.६ निष्कर्ष

यसरी हेर्दा कवि बडूका  दुई खण्डकाव्य र दुई कवितासङ्ग्रह प्रकाशित भएका छन् भने **'बारव्यङ्ग्य कविता क्यासेट'** पनि उनले बजारमा ल्याएका छन् । एउटा हिन्दी व्यङ्ग्य कविता पनि २०५१सालमा प्रकाशित गरेका छन् । स्वच्छन्दतावादी, प्रगतिवादी भावधारामा रचिएका उनका खण्डकाव्य कृतिहरूमा समसामयिक नेपाली समाजलाई र नेपाली प्रकृतिलाई मुख्य विषय बनाएको छ । उनका खण्डकाव्यमा सामाजिक समस्यालाई प्रमुख रूपमा उठाइएको छ । **नमस्कार भनिदिउँला** खण्डकाव्यमा एउटा गरिबले गरिब भएकै कारण समाजमा राम्रो काम गर्दा पनि सम्मान नपाएको र पैसा कमाएपछि सबैले सम्मान दिन थालेको घटनालाई उल्लेख गरेर पैसामुखी समाजको यथार्थतालाई प्रस्तुत गरिएको छ भने **पानी नै जीवन** खण्डकाव्यमा

नेपालको प्राकृतिक सौन्दर्यताको वर्णन सँग-सँगै नेपालको गौरवगान पनि गरेको पाइन्छ । यसरी उनको पहिलो कविता सङ्ग्रह **नौरङ्गे साहित्य** मा स्तुतिपरक, सामाजिक नैतिक शिक्षा, सामाजिक यथार्थ आदि भावको चित्रण गरिएको छ भने **बारव्यङ्ग्य** कविता सङ्ग्रहमा सामाजिक, राजनैतिक, धार्मिक, आर्थिक विकृति र विसङ्गतिहरूप्रति तिखो व्यङ्ग्य गरिएको छ । यसरी कृतिको भाषा सरल, सहज र सरस भएकाले यिनका कृतिहरू सम्प्रेषणीय बन्न पुगेका छन् । नेपाली साहित्यको क्षेत्रमा परिमाणात्मक र व्यङ्ग्यका क्षेत्रमा गुणात्मक योगदान पुऱ्याउन सफल बडूले आफ्नो जीवनमा भोगेका, अनुभव गरेका अनुभूतिहरूलाई समेटेका छन् ।

# पाँचौ परिच्छेद

# उपसंहार

केशव दत्त बडूको जन्म २०१७ साल २ महिना १७ गते बाननीमा भएको हो । बुबा महादेव बडू र आमा हिरादेवी बडूको गर्भबाट जेष्ठ सुपुत्रका रूपमा केशव दत्त बडूको जन्म भएको हो । यिनको बाल्यकाल आफ्नै जन्मभूमिको सुरम्य वातावरणमा बित्यो । आमाको माया धेरै समयसम्म नपाए पनि बुवा र कान्छीआमाको माया ममताको कमि रहेन । बडूको प्राथमिक शिक्षा गणेश प्राथमिक विद्यालय बाननीबाट भयो । त्यसपछि कक्षा ८ सम्म श्री हिमालय उच्च माध्यमिक विद्यालय हुतीबाट अध्ययन गरे । केही समयसम्म घरमै बसेर कर्मकाण्डमा बिताएका बडूले ठूलाबुवा धर्मानन्द जोशीको प्रेरणाले संस्कृत पढ्न हरिद्वार गएर उदासिन संस्कृत महाविद्यालयबाट पूर्वमध्यमा, उत्तरमध्यमा र शास्त्री सम्मको अध्ययन गरे ।

ब्राह्मण कूलमा जन्म लिएका केशव दत्त बडूको पारिवारिक अवस्था सामान्य थियो । बुबा र ठूलाबुबा पण्डित भएकाले पण्डित्याँइ र खेतिपातिद्वारा सामान्य जीवन सञ्चालन गर्दै आएका थिए । निम्न-मध्यम वर्गीय परिवार भएता पनि ब्राह्मण भएकाले सामान्य पढ्ने अवसर सबैले पाएका थिए । चौध वर्षको उमेरमा हिन्दुसंस्कार अनुसार विधिविधान पूर्वक उपनयन संस्कार सम्पन्न भयो । यिनको विवाह वि.सं. २०३१ सालमा ब्रह्मदेव गा.वि.स. अन्तर्गत बगरा गाउँकी नारा जोशीसँग भयो । सामान्य साक्षरसम्म बन्न सकेकी नाराजोशीबाट बडूका तीन छोरी र दुई छोरा छन् । अहिले सबै छोराछोरीहरू उच्च शिक्षा हासिलमा तल्लीन रहेका छन् । यस बेला उनी शिक्षण सेवामा सेवारत रही श्री गौरिलमाण्डौं हिकिलामा प्र.अ. भई काम गरिरहेका छन् । अत्यन्त सरल र मिजासिलो स्वभावका केशवदत्त बडू त्यत्तिकै इमान्दार सहयोगी र मिलनसार पनि छन् । सामान्य खाना, साधारण पहिरनमा सन्तुष्ट हुने यिनी साहित्य सिर्जना, चिन्तन-मनन र वैचारिक पक्षमा रुचि राख्दछन् । बडू कार्यक्षेत्रका दृष्टिले मुलतः शिक्षण क्षेत्रसँग सम्बन्धित रहेका छन् । २०४१ सालदेखि नै दार्चुला जिल्लाको अलकापुरी नि.मा.वि कोट कौंतोलीबाट शिक्षण पेसा थालेका बडूले विभिन्न ठाउँमा काम गर्दै हाल उनी गौरिलमाण्डौं हिकिलामा प्र.अ. भई काम गर्दै आइरहेका छन् ।

बाल्यकालदेखि नै स्वतन्त्रताका पक्षमा बोल्ने बडू कुनै राजनीतिप्रति संलग्न भएका

देखिदैनन् । उनी स्वतन्त्रताप्रेमी व्यक्ति हुन् । अनेक क्षेत्रसँग सम्बन्ध राख्न विविध कारणले नसके तापनि आफ्नो क्षेत्रबाट सफलरूपमा आफ्नो जिम्मेवारी बहन गर्नुपर्दछ भन्ने धारणा भएका व्यक्तित्व हन् । भ्रमणप्रति रुचि नभए तापनि उनले भारतमा पढ्ने क्रममा काम विशेषले भारत तथा नेपालका विभिन्न ठाउँहरूको भ्रमण गरेका छन् ।

धर्मलाई परिवारका रूपमा मान्नुपर्दछ भन्ने बडू मानव सेवा नै ठूलो धर्म हो भन्दछन् । मानवले स्वतन्त्रतापूर्वक बाँच्न पाउनु पर्दछ । कसैले कसैको दास भएर अस्तित्त्व गुमाउनु हुँदैन । कुनै आशा नगरी कुनै पनि क्षेत्रमा संघर्ष गऱ्यो भने अवश्य सफलता मिल्छ भन्ने गीतावादी दर्शनलाई बडूले आफ्नो धारणा बनाएका छन् । उनी जीवनलाई संघर्षशील र परिवर्तनकामी रूपमा हेर्ने बहुप्रतिभा सम्पन्न व्यक्ति हुन् । बाह्य रूपमा मझौला कद, गहुगोरो वर्ण, सालाखालामा चिटिक्क परेका निकै प्रभावशाली र आकर्षक देखिने उनी शारीरिक रूपले स्वस्थ देखिन्छन् । बडूको श्रष्टा व्यक्तित्वमा कवि व्यक्तित्व र साहित्येतर व्यक्तित्वमा शिक्षक समाजसेवक आदिका रूपमा चर्चित छन् ।

सर्व प्रथम २०३८ साल देखि साहित्यिक लेखनमा प्रवेश गरी औपचारिक रूपमा देखापरेका बडूको पहिलो कृति **नौरङ्गे साहित्य** कविता सङ्ग्रह हो । बडूको २०३८ देखि हालसम्मको साहित्यिक यात्रालाई पूर्वार्द्ध चरण २०३८ देखि २०५१ सम्म र उत्तरार्द्ध चरण २०५२ देखि हालसम्म गरी दुई चरणमा विभाजन गरिएको छ । पहिलो चरण आभ्यासिक चरणका रूपमा रहेको छ भने यस चरणमा उनले एउटा मात्र कवितासङ्ग्रह लेखेका छन् । दोस्रो चरण वा उत्तरार्द्धचरणमा उनले कविता, खण्डकाव्य, कविताक्यासेट आदि प्रकाशनमा ल्याएका छन् । उनी कविका रूपमा रही यही विधामा कलम चलाइरहेका छन् ।

कविता सङ्ग्रहबाट साहित्यमा सार्वजनिक रूपमा देखा परेका बडूको '**नौरङ्गे साहित्य**', **ऐसा आया जमाना**', **बारव्यङ्ग्य, नमस्कार भनिदिउँला, बारव्यङ्ग्य कविता क्यासेट** र **पानी नै जीवन** खण्डकाव्य प्रकाशित छन् । स्वच्छन्दतावादी भावधारामा रचिएका कविता खण्डकाव्यहरूमा समसायिक र प्राचीन नेपाली समाजलाई मुख्य विषयवस्तु बनाएको छ । उनका कृतिहरूमा समाजमा देखापरेका विविध किसिमका समस्याहरूलाई उठाइएको छ । **नमस्कार भनिदिउँला** खण्डकाव्यमा एउटा गरिब नेपालीले काम गरिखाने वर्गले समाजमा कसरी दुःख पाउँछ भन्ने कुरालाई देखाइएको छ । त्यस्तै **पानी नै जीवन** खण्डकाव्यमा पानीको महत्त्व उपयोगिता र यसको सदुपयोगको अभिलाषा राखेको पाइन्छ । यो प्रकृति चित्रणमा आधारित

छ । **नौरङ्गे साहित्य** मा कविले आफ्ना मनका भावनाहरू पोख्ने क्रममा राष्ट्रियता, मातृभूमिप्रति प्रेम धार्मिक तथा नैतिक सन्देश जस्ता भावभूमिमा रचिएका उनका कविताहरू स्वच्छन्दतावादी प्रवृत्तिका रहेका छन् । हाम्रो समाजका विविध पक्षमा देखापरेका विकृति र विसङ्गतिहरूलाई समेट्दै तिनीहरूप्रति तिखो व्यङ्ग्य प्रहार गरी लेखिएका कविताहरू **बारव्यङ्ग्य**मा सङ्ग्रहित छन् । उनका हिन्दी कविताहरूमा पनि संस्कृति, नैतिक शिक्षा, धार्मिक शिक्षा, सँग-सँगै समाजमा भित्रिएका विविध किसिमका पाश्चात्य विकृतिहरूलाई यथार्थ परक ढङ्गले **ऐसा आया जमाना** व्यङ्ग्य कवितामा उल्लेख गरेका छन् । यसरी उनले आफ्ना अनुभूतिहरूलाई साहित्यिक रूप दिने क्रममा केही भाषिक र केही साहित्यिक भए पनि समग्रमा पछिल्लो चरणका साहित्यिक कृतिहरू एकदमै परिष्कृत भएर निष्किएका छन् ।

समग्रमा भन्नु पर्दा नेपाली साहित्यका क्षेत्रमा कविता लेखन र शिक्षण गरी जीवन बिताउँदै आएका केशव दत्त बडू नेपाली साहित्यका एक नवीन स्रष्टा हुन् । भाषा साहित्यका अतिरिक्त शैक्षिक सामाजिक क्षेत्रमा देखापरेको उनको प्रतिभापूर्ण कौशल र राष्ट्रवादी चिन्तनले उनी ख्यातिप्राप्त छन् । यिनका जीवनका विविध घटनाहरू व्यक्तित्वको उत्कृष्ट क्षमता र कृतित्त्वको परिवर्तनकारी र विकासकारी भूमिकाले बडू शसक्त साधकका रूपमा स्थापित देखिन्छन् । बडूको आधुनिक नेपाली साहित्यको कविता काव्य क्षेत्रमा उन्नायक, प्रखर देशभक्त र राष्ट्रवादी व्यङ्ग्यवादी चिन्तकका रूपमा योगदान रहेको छ ।

सम्भावित शोध-शीर्षकहरू

१)केशव दत्त बडूको खण्डकाव्यकारिता

२) बडूका कवितामा व्यङ्ग्य विधान

# सन्दर्भ सामग्री


अधिकारी, हेमङ्गराज र बद्रीविशाल भट्टराई (सं.), **प्रायोगिक नेपाली शब्दकोश**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

अवस्थी, महादेव, **आधुनिक नेपाली खण्डकाव्य महाकाव्य विमर्श**, काठमाडौं : इन्टेलेक्चुअल्ज बुक्स प्यालेस, २०६४ ।

उपाध्याय, केशवप्रसाद, पूर्वीय साहित्यसिद्धान्त, काठमाडौं : साझाप्रकाशन, २०३६ ।

गौतम, लक्ष्मणप्रसाद, **समकालीन नेपाली कविताका प्रवृत्ति**, काठमाडौं : पैरवी प्रकाशन, २०६६ ।

______________,**समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, : काठमाडौं साझा प्रकाशन, २०६० ।

घिमिरे, माधवप्रसाद, 'व्यङ्ग्य र व्यञ्जना', **बारव्यङ्ग्य** , काठमाडौं : लेखक स्वयम् २०५२ ।

______________, 'परिष्कृत सरस', **पानी नै जीवन**, काठमाडौं नवीनचन्द ,प्रकाशचन्द्र बड२०५८ ।

थापा, हिमांशु, 'मन्तव्य', **पानी न जीवन** , काठमाडौं : नवीनचन्द ,प्रकाशचन्द्र बड नवीनचन्द ,प्रकाशचन्द्र बड् २०५८ ।

न्यौपाने, दैवज्ञराज,'सम्मतिका केही शब्द',**नमस्कार भनिदिउँला**, काठमार्डौ :लेखक स्वयम्, २०५३

नेपाल, देवी, **छन्द पराग**, काठमाडौं : भुँडीपुराण प्रकाशन, २०६२ ।

बडू केशव दत्त, **नौरङ्गे साहित्य** केशवदत्त बडू , २०३८ ।

__________, **ऐसा आया जमाना** , केशवदत्त बडू , २०५१ ।

__________, **बारव्यङ्ग्य** , केशवदत्त बडू , २०५२ ।

__________, **नमस्कार भनिदिउँला** , केशवदत्त बडू , २०५३ ।

__________, **बारव्यङ्ग्य कविता क्यासेट** , केशवदत्त बडू , २०५७ ।

__________, **पानी नै जीवन** , नवीनचन्द ,प्रकाशचन्द्र बडू , २०५८ ।

बडू, दिलेन्द्र प्रसाद, 'शुभकामना', **ऐसा आया जमाना**, काठमार्डौ : लेखक स्वयम्, २०५१ ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविताको संरचनात्मक विश्लेषण**, (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय, २०५८ ।

शर्मा, मोहनराज, **समकालीन समालोचना : सिद्धान्त र प्रयोग,** काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५५ ।

___________, 'हार्दिक कामना', **बारव्यङ्ग्य**, काठमार्डौ : लेखक स्वयम्, २०५२ ।